सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष

# वार्षिक प्रतिवेदन
# २०७५/७६

कर्मचारी सञ्चय कोष

**पुल्चोक ललितपुर ।**

www.epfnepal.com.np

# कोषको केही तथ्यचित्रहरु


















# सञ्चालक समिति



राम शरण पुडासैनी
अध्यक्ष
(सचिव, नेपाल सरकार)



प्रा. डा. जीवन कुमार भट्टराई
सञ्चालक
(कयाम्पस प्रमुख, नेपाल कमर्स क्याम्पस, मिनभवन)



ध्रुवराज खत्री
सञ्चालक
(उपरथी, नेपाली सेना)



झक्क प्रसाद आचार्य
सञ्चालक
(सहसचिव, अर्थ मन्त्रालय)



सुर्य प्रसाद उपाध्याय
सञ्चालक
(प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी)



किरण कुमार श्रेष्ठ
सञ्चालक
(कार्यकारी प्रमुख, राष्ट्रिय वाणिज्य बैंक)



तुलसी प्रसाद गौतम
सञ्चालक
(प्रशासक, कर्मचारी सञ्चय कोष)

# व्यवस्थापन समूह



तुलसी प्रसाद गौतम
प्रशासक



राजेन्द्र काफ्ले
सह प्रशासक



जितेन्द्र धिताल
का.मु. सह प्रशासक



ओम कृष्ण श्रेष्ठ
मुख्य प्रबन्धक



जीवन कुमार कट्वाल
मुख्य प्रबन्धक



भरत राज वस्ती
मुख्य प्रबन्धक



अर्जुन कुमार गौतम
मुख्य प्रबन्धक



रोचन श्रेष्ठ
मुख्य प्रबन्धक



राजाराम श्रेष्ठ
मुख्य प्रबन्धक



विजय कुमार श्रेष्ठ
मुख्य प्रबन्धक



ध्रुव भट्टराई
मुख्य प्रबन्धक



ध्रुव प्रसाद अधिकारी
मुख्य प्रबन्धक



दिनेश कुमार के.सी.
का.मु. मुख्य प्रबन्धक



राजेन्द्र शाक्य
का.मु. मुख्य प्रबन्धक

# कोषको विकासक्रमको संक्षिप्त झलक

| दशक | मिति | प्रमुख घटना |
|---|---|---|
| १९९० | वि.सं. १९९१ | सैनिक द्रव्य कोषको स्थापना |
| २०००-२०१९ | वि.सं. २००१ | काठमाण्डौं उपत्यका भित्र लागू हुने गरी निजामती प्रोभिडेण्ट फण्डको स्थापना |
| | वि.सं. २००५ | निजामती प्रोभिडेण्ट फण्डलाई नेपाल राज्यभर विस्तार |
| | वि.सं. २०१७ | सञ्चय कोष विभागको स्थापना |
| | वि.सं. २०१९ | कर्मचारी सञ्चय कोष ऐन, २०१९ को लालमोहर जारी |
| | वि.सं. २०१९ | कर्मचारी सञ्चय कोष ऐन, २०१९ को पहिलो संशोधन |
| | वि.सं. २०१९ | कर्मचारी सञ्चय कोषको स्थापना |
| २०२०-२०३९ | वि.सं. २०२० | कोषमा जम्मा हुने रकमको दर परिवर्तन |
| | वि.सं. २०२३ | कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दोस्रो संशोधन |
| | वि.सं. २०२५ | कोषमा जम्मा हुने रकमको दर परिवर्तन |
| | वि.सं. २०२९ | कर्मचारी सञ्चय कोष ऐन, २०१९ को तेस्रो संशोधन |
| | वि.सं. २०२९ | कोषमा जम्मा हुने रकमको दर परिवर्तन |
| | वि.सं. २०३० | कर्मचारी सञ्चय कोष ऐन, २०१९ को चौथो संशोधन |
| | वि.सं. २०३६ | शिक्षक कर्मचारीहरूको कोष रकम जम्मा गर्न शुरुआत |
| | वि.सं. २०३७ | अन्तर्राष्ट्रिय सामाजिक सुरक्षा संस्था (ISSA) को सदस्यता प्राप्त |
| २०४०-२०४९ | वि.सं. २०४२ | कर्मचारी सञ्चय कोष ऐन, २०१९ को पाँचौं संशोधन |
| | वि.सं. २०४७ | निजी क्षेत्रमा कार्यरत कर्मचारीको रकम जम्मा गर्न शुरुआत |
| | वि.सं. २०४७ | कर्मचारी सञ्चय कोष ऐन, २०१९ को छैटौं संशोधन, सञ्चय कोष रकमको आंशिक भुक्तानीको व्यवस्था |
| | वि.सं. २०४८ | शाखा कार्यालय, विराटनगरको स्थापना |
| | वि.सं. २०४८ | कर्मचारी सञ्चय कोष ऐन, २०१९ को सातौं संशोधन |
| | वि.सं. २०४८ | सञ्चयकर्तालाई काजकिरिया अनुदान प्रदान गर्न शुरु |
| | वि.सं. २०४९ | शाखा कार्यालय, धनकुटाको स्थापना |
| | वि.सं. २०४९ | कोषमा जम्मा हुने रकमको दर परिवर्तन |

| दशक | मिति | प्रमुख घटना |
| --- | --- | --- |
| २०५०-२०५९ | वि.सं. २०५१ | शाखा कार्यालय, नेपालगन्जको स्थापना |
| | वि.सं. २०५२ | सञ्चयकर्तालाई दुर्घटना क्षतिपूर्ति सुविधा र सञ्चयकर्ता आवास तथा सवारी साधन सापटी प्रदान गर्न शुरु |
| | वि.सं. २०५३ | शाखा कार्यालय, पोखराको स्थापना |
| | वि.सं. २०५३ | कर्मचारी सञ्चय कोष ऐन, २०१९ को आठौं संशोधन, कोषले सहवित्तीयकरणमा सहभागी भई ऋण लगानी गर्न सक्ने व्यवस्था |
| | वि.सं. २०५६ | शाखा कार्यालय, भैरहवाको स्थापना |
| | वि.सं. २०५७ | सञ्चयकर्तालाई विशेष सापटी र घर सापटी प्रदान गर्न शुरु |
| | वि.सं. २०५८ | सञ्चयकर्तालाई शैक्षिक सापटी प्रदान गर्न शुरु |
| २०६०-२०६९ | वि.सं. २०६१ | शाखा कार्यालय, धनगढीको स्थापना |
| | वि.सं. २०६२ | शाखा कार्यालय, हेटौंडाको स्थापना |
| | वि.सं. २०६२ | शाखा कार्यालय, नेपालगन्जको सुर्खेतमा स्थानान्तरण |
| | वि.सं. २०६४ | राष्ट्रिय गौरवको माथिल्लो तामाकोशी जलविद्युत परियोजनामा कोषले ऋण लगानी गर्ने ऐतिहासिक निर्णय |
| | वि.सं. २०६५ | शाखा कार्यालय, भैरहवाको वुटवलमा स्थानान्तरण |
| | वि.सं. २०६९ | सञ्चयकर्तालाई सरल चक्रकर्जा प्रदान गर्न सुरु |
| २०७०-हालसम्म | वि.सं. २०७० | सेवाकेन्द्र, सिंहदरबारको स्थापना |
| | वि.सं. २०७० | सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रमको सुरुआत |
| | वि.सं. २०७१ | शाखा कार्यालय, कोहलपुरको स्थापना |
| | वि.सं. २०७१ | ADFIAP को सदस्यता प्राप्त |
| | वि.सं. २०७१ | ICAN ले प्रदान गर्ने BPA Award - 2013 प्राप्त |
| | वि.सं. २०७२ | सेवाकेन्द्र, पुल्चोकको स्थापना |
| | वि.सं. २०७२ | सञ्चयकर्ता सुत्केरी तथा शिशु स्याहार सुविधा योजना शुरु |
| | वि.सं. २०७२ | ICANले प्रदान गर्ने BPA Award-2014 प्राप्त |
| | वि.सं. २०७३ | सञ्चयकर्तालाई घर मर्मत सापटी प्रदान गर्न शुरु |
| | वि.सं. २०७३ | ADFIAP को Corporate Governance Award - 2016 प्राप्त |
| | वि.सं. २०७३ | कर्मचारी सञ्चय कोष ऐन, २०१९ को नवौं संशोधन |

| दशक | मिति | प्रमुख घटना |
|---|---|---|
| २०७०-हालसम्म | वि.सं. २०७३ | ICAN ले प्रदान गर्ने BPA Award-2015 प्राप्त |
| | वि.सं. २०७४ | ADFIAP को Corporate Governance Award-2017 प्राप्त |
| | वि.सं. २०७५ | शाखा कार्यालय, जनकपुरको स्थापना |
| | वि.सं. २०७५ | सञ्चयकर्ता औषधोपचार (रु.१ लाख) तथा घातक रोग (रु. १० लाखसम्म) बीमा योजनाको शुरुआत |
| | वि.सं. २०७६ | सञ्चयकर्तालाई सिधै बैंक खातामा रकम भुक्तानीको शुरुआत |
| | वि.सं. २०७६ | निवृत्तभरण ऐन, २०७५ बमोजिम कोषलाई सरकारी कर्मचारीको योगदानमा आधारित निवृत्तभरण कोष सञ्चालनको जिम्मेवारी प्राप्त |
| | वि.सं. २०७६ | सञ्चयकर्ता घरजग्गा व्यवस्थापन कम्पनीको स्थापना |

# विषय सूची


| परिच्छेद | विषय | पृष्ठ सं. |
|---|---|---|
| **परिच्छेद १** | **कर्मचारी सञ्चय कोष** | **१** |
| १.१ | परिचय | १ |
| १.२ | ऐतिहासिक पृष्ठभूमि | १ |
| १.३ | उद्देश्य तथा कार्य | २ |
| १.४ | दूरदृष्टि | २ |
| १.५ | दीर्घकालीन लक्ष्य | २ |
| १.६ | व्यवस्थापकीय मान्यता | ३ |
| १.७ | प्रमुख रणनीति | ३ |
| १.८ | अन्तर्राष्ट्रिय आवद्धता | ६ |
| **परिच्छेद २** | **संस्थागत संरचना र सुशासन** | **७** |
| २.१ | सङ्गठनात्मक संरचना | ७ |
| २.२ | समिति तथा उपसमिति | ८ |
| २.३ | मानव संसाधन व्यवस्थापन | १७ |
| २.४ | संस्थागत सुशासन | २० |
| २.५ | व्यावसायिक मूल्य मान्यता तथा नैतिकता | २१ |
| २.६ | सूचना प्रवाह प्रणाली | २२ |
| २.७ | संस्थागत सामाजिक उत्तरदायित्व | २२ |
| २.८ | जोखिम व्यवस्थापन | २३ |
| २.९ | आन्तरिक नियन्त्रण प्रणाली | २४ |
| **परिच्छेद ३** | **कोषको आन्तरिक तथा बाह्य पक्षको विश्लेषण** | **२५** |
| ३.१ | कोषको आन्तरिक वातावरण | २५ |
| ३.२ | कोषको बाह्य वातावरण | २५ |
| ३.३ | कोषको सबल पक्ष, दुर्बल पक्ष एवम् अवसर र चुनौती | २८ |

| परिच्छेद | विषय | पृष्ठ सं. |
|---|---|---|
| **परिच्छेद ४** | **कोषको मुख्य कारोबार** | **३३** |
| ४.१ | सञ्चयकर्ताको आबद्धता | ३३ |
| ४.२ | सञ्चयकर्ता वृद्धिको प्रवृत्ति | ३३ |
| ४.३ | सञ्चयकोष रकम वृद्धिको अवस्था | ३४ |
| ४.४ | बार्षिक सञ्चयकोष योगदानको अवस्था | ३५ |
| ४.५ | बार्षिक सञ्चयकोष फिर्ता भुक्तानीको अवस्था | ३६ |
| **परिच्छेद ५** | **सञ्चयकर्तालाई प्रदान गरिएको सेवा तथा सुविधा** | **३७** |
| ५.१ | वित्तीय प्रतिफल | ३७ |
| ५.२ | सापटी सुविधा | ३९ |
| ५.३ | सामाजिक सुरक्षा सुविधा | ४४ |
| ५.४ | कोषका अन्य थप सेवा | ४८ |
| **परिच्छेद ६** | **वित्तीय विश्लेषण** | **५१** |
| ६.१ | आर्थिक वर्ष २०७५/७६ को वित्तीय विश्लेषण | ५१ |
| ६.२ | विगत ५ वर्षको तुलनात्मक वित्तीय विवरण | ५३ |
| ६.३ | कोषको लेखा तथा लेखापरीक्षण | ५६ |
| **परिच्छेद ७** | **आर्थिक वर्ष २०७५/७६ मा भएका प्रमुख गतिविधि** | **५७** |
| **परिच्छेद ८** | **कोषको भावी योजना** | **६१** |
| **परिच्छेद ९** | **कोषको लेखापरीक्षण प्रतिवेदन तथा वित्तीय विवरण** | **६३** |
| परिशिष्ठहरू | कोषका ऐन, नियम, नीति तथा कार्यविधि | १०८ |

# परिच्छेद –१
# कर्मचारी सञ्चय कोष




सुन्धारास्थित कोषको ऐतिहासिक भवन, पृष्ठभूमिमा धरहरा

## १.१ परिचय

नेपाल सरकारको विभिन्न सेवाका कर्मचारी लगायत संगठित संस्था एवम् निजी क्षेत्रका कर्मचारी एवम् कामदारहरुको सञ्चय कोष व्यवस्थापन गर्ने उद्देश्यबाट कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुरुप कर्मचारी सञ्चय कोषको स्थापना वि.सं. २०१९ साल भाद्र ३१ गते भएको हो ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा भएको नवौं संशोधनले नेपाल सरकार र संगठित संस्थाका कर्मचारीहरु, अन्य कर्मचारीहरु र स्वरोजगारमा संलग्न व्यक्तिहरुको निमित्त समेत सञ्चय कोष, निवृत्तभरण कोष लगायत अन्य सामाजिक सुरक्षा कोषहरु सञ्चालन गर्न सक्ने गरी कोषको कार्यक्षेत्र र दायरा विस्तार भएको छ । निवृत्तभरण ऐन, २०७५ बमोजिम योगदानमा आधारित निवृत्तभरण कोष सञ्चालनको अधिकार समेत कोषलाई प्रदान गरिएको छ ।

## १.२ कोषको ऐतिहासिक पृष्ठभूमि

सैनिकहरूको सेवा निवृत्त जीवनमा आर्थिक राहत पुऱ्याउने उद्धेश्यले वि.सं. १९९१ मा ***सैनिक द्रव्य कोष*** स्थापना भएको थियो । यस व्यवस्थालाई विस्तार गरी निजामती कर्मचारीका निमित्त वि.सं.२००१ मा ***निजामती प्रोभिडेन्ट फण्ड***को व्यवस्था गरियो ।

सञ्चय कोष सम्बन्धी भएका यी दुवै व्यवस्थालाई एकीकृत गरी वि.सं.२०१७ सालमा अर्थ मन्त्रालय अन्तर्गत ***कर्मचारी सञ्चय कोष विभाग***को स्थापना गरियो । देशमा सञ्चय कोषको व्यवस्थापनलाई अझ प्रभावकारी वनाउने उद्धेश्यले वि.सं. २०१९ भदौ ३१ गते निजामती कर्मचारी, नेपाली सेना र नेपाल प्रहरीका कर्मचारी समेतका लागि कर्मचारी सञ्चय कोष ऐन, २०१९ जारी गरी एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्थाको रूपमा वर्तमान **कर्मचारी सञ्चय कोषको** स्थापना भएको हो ।

नेपाली सेना, नेपाल प्रहरी र निजामती कर्मचारीको सञ्चय कोष व्यवस्थापन गर्दै आएको कोषले २०३६ सालदेखि शिक्षकहरुको र २०४८ सालदेखि निजी क्षेत्रका संगठित संघ संस्थामा कार्यरत कर्मचारी तथा कामदारहरुलाई आफ्नो दायरामा समाहित गरेको छ । स्थापना कालमा कबि २७ हजार सञ्चयकर्ताको करिब रु.३७ लाखको व्यवस्थापन गर्ने जिम्मेवारी पाएको कोषले २०७६ असारसम्ममा करिब रु. ६ लाख २७ हजार सञ्चयकर्ताको करिब रु.३१० अर्व सञ्चय कोष समेत गरी करिब रु.३४२ अर्ब कुल स्रोतको व्यवस्थापन गर्दै आएको छ । त्यसैले स्रोत परिचालनको दृष्टिकोणवाट कोष मुलुकको वृहद् वित्तीय संस्थाको रुपमा स्थापित भई सकेको छ ।

ललितपुर जिल्ला, ललितपुर महानगरपालिकाको पुल्चोकमा केन्द्रीय कार्यालय रहेको कोषले ७ वटै प्रदेशका विभिन्न ८ स्थानमा शाखा कार्यालय तथा ३ स्थानमा सेवा केन्द्रहरु सञ्चालन गरी सवै क्षेत्रका सञ्चयकर्तालाई सेवा प्रवाह गर्दै आएको छ ।

## १.३ कोषको उद्देश्य तथा कार्य

कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुसार नेपाल सरकार र संगठित संस्थाका कर्मचारी, अन्य कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिहरुको निमित्त सञ्चय कोष, निवृत्तभरण कोष लगायत सामाजिक सुरक्षा कोषको व्यवस्था गर्नु कोषको प्रमुख उद्देश्य हो । यस उद्देश्य प्राप्तिका लागि कोषले देहायका कार्यहरू सम्पादन गर्न सक्ने कानूनी व्यवस्था रहेको छ :

- सञ्चयकर्ताको नाममा कट्टी भएको कोष रकमको सङ्कलन तथा व्यवस्थापन,
- उपलव्ध स्रोतलाई सुरक्षित तथा प्रतिफलयुक्त क्षेत्रमा परिचालन,
- स्रोतको परिचालनबाट प्राप्त प्रतिफलको समानुपातिक वितरण,
- निवृत्तभरण कोषको सञ्चालन तथा व्यवस्थापन,
- सामाजिक सुरक्षा कोष तथा अन्य सुविधाहरूको सञ्चालन तथा व्यवस्थापन,
- सेवाकालीन आवश्यकताका लागि विविध प्रकारका सापटी सुविधाको सञ्चालन तथा व्यवस्थापन,
- सामाजिक सुरक्षाका नविनतम् सुविधाहरूको अध्ययन तथा अनुसन्धान,
- प्रत्येक वर्षको कारोबारको वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकारमा पेश गर्ने ।

## १.४ दूरदृष्टि

राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भूमिकाद्वारा कोषलाई अन्तर्राष्ट्रियस्तरको सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।

## १.५ दीर्घकालीन लक्ष्य

- प्रभावकारी स्रोत परिचालन, दिगो एवम् आकर्षक सुविधा, गुणस्तरीय सेवा तथा सम्भाव्य सामाजिक सुरक्षण कार्यक्रमको विस्तारको माध्यमद्वारा सबै प्रकारका रोजगारसम्म कोषको दायरा विस्तार गरी कोषलाई नेपालको प्रतिष्ठित सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने,
- नवीन व्यवस्थापन पद्धति, गुणात्मक सञ्जालको विकास र विस्तार, उद्यमशील र प्रतिस्पर्धी कार्यपद्धति, सहकार्य र साझेदारीका आधारमा कोषलाई एक सक्षम अन्तर्राष्ट्रिय सामाजिक सुरक्षण संस्थाका रुपमा विकास गर्ने,
- सञ्चय कोष र सामाजिक सुरक्षण सुविधाहरूको सुव्यवस्थापनद्वारा सञ्चयकर्तालाई समाजिक सुरक्षणको प्रत्याभूति दिई कोषलाई सन्तुष्ट सञ्चयकर्ताको ठूलो परिवार (A happy big family of satisfied members) बनाउने,
- कोषमा उपलब्ध दीर्घकालीन बचतलाई देशको पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी आर्थिक विकासमा योगदान गर्ने ।

## १.६ व्यवस्थापकीय मान्यता

कोषले आफ्नो दूरदृष्टि तथा दीर्घकालीन लक्ष्य र सो अनुरुपका रणनीति कार्यान्वयन गर्न देहायका व्यवस्थापकीय मान्यता आत्मसात् गरेको छ :




## १.७ प्रमुख रणनीति

स्थापनाको सन्ताउन्न वर्ष पार गर्दाको क्षणसम्ममा कोषका गतिविधि, कार्य प्रक्रिया तथा प्रणाली नितान्त नयाँ मोडतर्फ परिलक्षित भइरहेका छन् । सरकारी क्षेत्रमा रहेको परम्परागत योगदानरहित निवृत्तभरण प्रणालीको सट्टा योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गर्ने हेतुले ल्याइएको योगदानमा आधारित निवृत्तभरण ऐन, २०७५ वमोजिम वि.सं. २०७६ साउन देखि नियुक्त हुने सरकारी सेवाका सबै कर्मचारीहरुको निवृत्तभरण कोषको व्यवस्थापन गर्ने जिम्मेवारी कर्मचारी सञ्चय कोषले पाएको छ । अर्कोतर्फ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम सामाजिक सुरक्षा कोषको स्थापना भई सामाजिक सुरक्षा कार्यक्रमहरुको कार्यान्वयन प्रक्रिया अघि बढे सँगै निजी तथा संगठित क्षेत्रका कर्मचारीहरुलाई कोषमा आवद्ध गराई कोषको दायरा विस्तार गर्ने अभियान अवरुद्ध भएकोछ । मुलुकको सामाजिक सुरक्षाको क्षेत्रका उल्लिखित दुईवटा दूरगामी महत्वका नीतिगत व्यवस्थाका कारण अब कर्मचारी सञ्चय कोषले सार्वजनिक क्षेत्रमा मात्र केन्द्रित रही आफ्ना गतिविधि सञ्चालन गर्नु पर्ने भएकोछ । यस सन्दर्भमा कोषका आगामी रणनीति देहाय बमोजिम हुनेछन्:

### (क) कार्य क्षेत्र र दायरा विस्तार

कर्मचारी सञ्चय कोष ऐन, २०१९ को नवौं संशोधनले गरेको व्यवस्था, निवृत्तभरण ऐन, २०७५ वमोजिम निवृत्तभरण कोषको व्यवस्थापन गर्न कोषलाई प्राप्त जिम्मेवारी तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम सामाजिक सुरक्षा कोषको स्थापना भई निजी क्षेत्रका श्रमिकहरुको लागि सामाजिक सुरक्षा योजनाको कार्यान्वयन प्रारम्भ गरिसकेको सन्दर्भमा सरकारी एवम् सार्वजनिक क्षेत्रमा कोषका गतिविधि केन्द्रित गरी मुलुकको अग्रणी सामाजिक सुरक्षा संस्थाको रुपमा कोषलाई स्थापित गर्न देहायका रणनीति अवलम्वन गरेको छ :-

- नेपाल सरकारले राष्ट्रसेवक कर्मचारीको योगदानमा आधारित निवृत्तभरण योजनाको कार्यान्वयन गर्ने ।
- योगदानमा आधारित निवृत्तभरण योजनालाई प्रदेश, स्थानीय तह तथा सार्वजनिक क्षेत्रसम्म विस्तार गर्ने ।
- सार्वजनिक क्षेत्रमा छरिएर रहेका अवकाश कोषहरुलाई कर्मचारी सञ्चय कोषको दायरामा ल्याउने ।
- कोषलाई सरकारी एवम् सार्वजनिक क्षेत्रको एकीकृत सामाजिक सुरक्षा संस्थाको रुपमा विकास गर्ने ।

**(ख) वित्तीय स्रोतको दिगो व्यवस्थापन**

कोषको कार्यक्षेत्र र दायरामा भएको विस्तार समेतका कारण प्रत्येक वर्ष बढ्दै जाने दीर्घकालीन वित्तीय स्रोतको उपयोग उत्पादनमूलक क्षेत्रमा बृद्धि गर्न, सञ्चयकर्ता सापटीलाई उद्देश्यमूलक बनाउन, तरलतालाई निश्चित सीमामा राख्न, लगानीको प्रतिफल बृद्धि गर्न, असूलीलाई प्रभावकारी बनाउन र समग्र जोखिम न्यूनीकरण गर्न  देहायका रणनीति अवलम्वन गरिनेछः

- कोषको दीर्घकालीन वित्तीय स्रोतलाई उत्पादनशील एवम् पूर्वाधार विकासका क्षेत्रमा उपयोग गर्न सुरक्षा, प्रतिफल एवम् दीगोपना सुनिश्चित हुनेगरी लगानी संरचना निर्धारण र व्यवस्थापन गर्ने,
- नेपाल सरकारले अवलम्बन गरेको लगानी सम्बन्धी नीति, आवधिक योजना तथा कार्यक्रमले निर्धारण गरेको लक्ष्य प्राप्तिमा सहयोग पुग्ने गरी सार्वजनिक-निजी साझेदारी तथा सार्वजनिक-सार्वजनिक साझेदारीको अवधारणा अनुरुप संघ, प्रदेश एवम् स्थानीय तह तथा संस्थागत लगानीकर्ताहरुसँग सहकार्य गर्ने,
- वैंक तथा वित्तीय संस्थाहरुको व्यवसायिक दक्षता र अनुभवको उपयोग गर्दै उपयुक्त देखिएका विश्वसनीय परियोजनाहरुमा सहवित्तीयकरणको माध्यमबाट लगानी गर्ने,
- देशको पूँजी वजार एवम् वित्तीय बजारमा स्थिरता कायम गर्न तथा ती क्षेत्रको विकासमा सहयोग पुग्ने गरी पूँजी बजार तथा मुद्रा बजारका विभिन्न उपकरणहरुको खरिद विक्री गर्ने,
- प्रभावकारी रुपमा लगानी व्यवस्थापन गर्न सक्ने गरी कोषको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- कोषले सञ्चयकर्तालाई प्रदान गर्ने सापटीलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न प्रोत्साहित गरी सापटीलाई उद्देश्यमूलक बनाउने तथा त्यस्तो सापटीको असूलीलाई प्रभावकारी बनाई अवकाश पश्चात् भुक्तानी हुने सञ्चय कोष रकममा क्षय हुन नदिई सामाजिक सुरक्षाको सुनिश्चितता कायम गर्ने ।

**(ग) सञ्चयकर्तामैत्री सेवा प्रवाह**

कोषको सेवामा सञ्चयकर्ताको सहज पहुँच कायम गर्न, सञ्चयकर्ताप्रतिको जवाफदेहिता तथा पारदर्शिता सुनिश्चित गर्न एवम् सञ्चयकर्ताको सेवालाई प्रभावकारी, विश्वसनीय, गुणस्तरीय र

सञ्चयकर्तामैत्री वनाउन सेवा प्रवाह प्रकृयामा समसामयिक सुधार गर्दै कोष र सञ्चयकर्ता बीचको सम्बन्ध सुदृढ बनाउन देहायका रणनीतिहरु अवलम्बन गरिनेछ :

- सञ्चयकर्ता सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधि एवम् आधुनिक बैकिङ्ग प्रणालीको उच्चतम उपयोग गर्ने ।
- कोषको वित्तीय क्षमताका आधारमा सञ्चयकर्तालाई आकर्षक सेवा सुविधा र प्रतिफल प्रदान गर्ने ।
- सञ्चयकर्तालाई कोषको समग्र गतिविधि सहज रुपमा जानकारी हुने अवस्था सिर्जना गर्ने ।
- अन्तर्राष्ट्रिय सामाजिक सुरक्षा संस्थाले जारी गरेको सामाजिक सुरक्षा संस्थाको सेवा प्रवाह व्यवस्थापन सम्बन्धी मार्गदर्शनको अनुशरण गर्दै जाने ।

### (घ) संस्थागत सुदृढीकरण र क्षमता विकास

कोषको रणनीतिक लक्ष्य तथा उद्देश्य हासिल गर्न मानव संसाधनको व्यवस्थापन तथा विकास, नीतिगत एवम् संरचनागत सुधार, कार्य प्रकृयामा सुधार एवम् भौतिक स्रोतको प्रभावकारी व्यवस्थापनको माध्यमवाट कोषको प्रतिस्पर्धात्मक क्षमतावृद्धि गरी संस्थागत सुदृढीकरण तथा क्षमता विकासका लागि देहायका रणनीति अवलम्वन गरिनेछ :

- कार्य क्षेत्र र दायरामा हुने विस्तारको आधारमा मौजुदा संगठनात्मक संरचना र दरवन्दीमा आवधिक पुनरावलोकन गर्ने ।
- मानव संसाधन व्यवस्थापन तथा विकास नीति तर्जुमा गरी कोषको मानव संशाधन व्यवस्थापनलाई पूर्व अनुमान योग्य (Predictable) बनाउने ।
- प्रत्येक विभाग तथा शाखा कार्यालयको कार्यसम्पादन लक्ष्य र मापनयोग्य सूचकहरुका आधारमा कार्य सम्पादन सम्झौता (Performance Contract) गरी परिणाम हासिल गर्ने ।
- नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) को अवलम्बनबाट वित्तीय विवरण शुद्ध र विश्वसनीय बनाउने ।
- कोषको कार्यवातावरणलाई गुणस्तरीय बनाउने ।
- कोषमा क्रियाशील कर्मचारी संगठनहरुको भूमिकालाई कोषको सुदृढीकरणको लागि भरपूर उपयोग गर्ने ।
- विभागहरुको Standard Operating Procedure (SOP) तयार गरी कार्य प्रकृयामा सुधार गर्ने ।
- अन्तर्राष्ट्रिय सामाजिक सुरक्षा संस्थाले जारी गरेको सामाजिक सुरक्षा संस्थाको संस्थागत सुशासन सम्बन्धी मार्गदर्शनको अनुशरण गर्दै जाने ।

### (ङ) सूचना तथा सञ्चार प्रणालीको प्रभावकारी उपयोग

सूचना तथा सञ्चार प्रविधिमा भएको विकास अनुरुप कोषको समग्र कारोबरको सञ्चालन तथा लेखांकन, सञ्चयकर्ता सेवा प्रवाह तथा सूचनाको व्यवस्थापनलाई प्रभावकारी बनाउन कोषको सूचना तथा सञ्चार प्रणालीलाई आधुनिकीकरण गर्न देहायका रणनीति अवलम्बन गरिनेछ :-

- कोषको समग्र व्यावसायिक प्रकृयाको पुनरावलोकन (Business Process Review) गरी एकीकृत सूचना प्रणालीको विकास र कार्यान्वयन गर्ने ।

- अन्तर्राष्ट्रिय सामाजिक सुरक्षा संस्थाले जारी गरेको सामाजिक सुरक्षण संस्थाको सूचना तथा सञ्चार प्रणाली सम्बन्धी मार्गदर्शनको अनुशरण गर्दै जाने ।

## १.८ अन्तर्राष्ट्रिय आवद्धता

**(क)** कर्मचारी सञ्चय कोषले अन्तर्राष्ट्रिय सामाजिक सुरक्षण संस्था (International Social Security Association-ISSA) को सम्बन्धन सदस्यता (Associate Member) प्राप्त गरेको छ । सञ्चय कोष व्यवस्थापनका अतिरिक्त सामाजिक सुरक्षाका क्षेत्रमा कार्य गर्ने देशको अग्रणी संस्था भएकोले कोषले सन् १९८० मा यस्तो सदस्यता प्राप्त गरेको हो ।

**(ख)** कर्मचारी सञ्चय कोष, एशिया तथा प्रशान्त क्षेत्रका विकास वित्त कम्पनीहरुको संस्था (Association of Development Financing Instititutions in Asia and the Pacific- ADFIAP) को सदस्य रहेको छ । देशमा वित्तीय स्रोत परिचालन गर्ने अग्रणी संस्था भएकोले कोषले सन् २०१४ मा ADFIAP को सदस्यता प्राप्त गरेको हो ।

# परिच्छेद – २
# संस्थागत संरचना र सुशासन

## २.१ संगठनात्मक संरचना

कोषको संगठनात्मक संरचनामा सात सदस्यीय एक सञ्चालक समिति रहेको र सञ्चालक समिति मातहत विभिन्न समिति तथा उपसमिति रहेका छन् । कोषको विद्यमान संस्थागत संरचना देहाय अनुरुप रहेको छ :



कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ६क ले कोषको दैनिक कार्य सञ्चालनका लागि कोषको प्रशासकीय प्रमुखका रुपमा प्रशासकको व्यवस्था गरे अनुरुप श्री तुलसी प्रसाद गौतम सो पदमा कार्यरत हुनुहुन्छ । साथै, नेपाल सरकार, अर्थ मन्त्रालय र कोषका प्रशासक बीच भएको कार्यसम्पादन सम्झौताले कोषको दिशानिर्देश गरेको छ ।

कोष सञ्चालक समितिद्वारा स्वीकृत संगठनात्मक संरचना अनुसार कोषमा कार्य सञ्चालन र संस्थागत व्यवस्थापन तर्फ दुई जना सह-प्रशासक (मुख्य अधिकृत), एघारवटा विभागहरु, आठवटा शाखा कार्यालयहरु र तीनवटा सेवा केन्द्रहरु सहितको संस्थागत संरचना कायम भएको छ । कोषका दुई सह-प्रशासक (मुख्य अधिकृत) अन्तरगत हाल निम्न विभागहरु रहेका छन् :

**क) कार्य सञ्चालनतर्फ**

१) कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापन विभाग
२) सञ्चयकर्ता सेवा विभाग
३) कोष व्यवस्थापन विभाग
४) सञ्चयकर्ता कर्जा तथा असुली विभाग
५) निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभाग

**ख) संस्थागत व्यवस्थापनतर्फ**

१) मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभाग
२) योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग
३) आर्थिक प्रशासन विभाग
४) सूचना प्रविधि विभाग
५) भवन तथा आवास व्यवस्थापन विभाग

संगठनात्मक संरचनामा लेखापरीक्षण विभाग, लेखापरीक्षण समिति अन्तरगत र ८ वटा शाखा कार्यालय तथा ३ वटा सेवा केन्द्र प्रशासक अन्तरगत रहने व्यवस्था छ ।

## २.२ समिति तथा उपसमिति

### २.२.१ सञ्चालक समिति

**(क) सञ्चालक समितिको गठनः**कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ ले कोषको सञ्चालन एवम् सुव्यवस्थापनको लागि नेपाल सरकारवाट नियुक्त अध्यक्षको अध्यक्षतामा नेपाल सरकारको विभिन्न सेवाबाट नेपाल सरकारले मनोनित गरेका ३ जना सञ्चालक, वैंक, वित्तीय संस्था तथा अन्य संगठित संस्थाहरुबाट नेपाल सरकारले मनोनित गरेका २ जना सञ्चालक र कोषका प्रशासक गरी सात सदस्यीय सञ्चालक समितिको व्यवस्था गरेको छ ।

**(ख) वर्तमान सञ्चालक समितिः** हाल कोषको सञ्चालक समितिमा देहायबमोजिम सञ्चालकहरु रहनु भएको छ :

| पद | नाम | कार्यालय/ठेगाना | नियुक्त मिति |
|---|---|---|---|
| अध्यक्ष | श्री राम शरण पुडासैनी | सचिव, नेपाल सरकार | २०७६/१२/०९ |
| सञ्चालक | श्री झक्क प्रसाद आचार्य | सहसचिव, अर्थ मन्त्रालय | २०७५/०४/१० |
| सञ्चालक | प्रा. डा. जीवन कुमार भट्टराई | क्याम्पस प्रमुख, नेपाल कमर्स क्याम्पस, मिनभवन | २०७६/०४/१३ |

| | | | |
|---|---|---|---|
| सञ्चालक | श्री ध्रुवराज खत्री | सहायक रथी, नेपाली सेना | २०७६/०९/२२ |
| सञ्चालक | श्री सुर्य प्रसाद उपाध्याय | प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी | २०७६/१२/०४ |
| सञ्चालक | श्री किरण कुमार श्रेष्ठ | कार्यकारी प्रमुख, राष्ट्रिय वाणिज्य बैंक | २०७६/०३/१९ |
| सञ्चालक | श्री तुलसी प्रसाद गौतम | प्रशासक,कर्मचारी सञ्चय कोष | २०७५/०१/०४ |

(ग) **सञ्चालक समितिमा परिवर्तन :** आर्थिक वर्ष २०७५/७६ मा र आर्थिक बर्ष २०७६/७७ को चैत्र मसान्तसम्ममा कोषको सञ्चालक समितिको अध्यक्ष र सञ्चालकमा देहाय अनुरुप परिवर्तन भएको थियो :

- सचिव श्री रामशरण पुडासैनीले मिति २०७६/१२/०९ देखि कोषको सञ्चालक समितिको अध्यक्षमा नियुक्त हुन भएको छ ।
- सचिव श्री शिशिर कुमार ढुंगानाले मिति २०७४/०४/१९ देखि २०७६/१२/०९ सम्म कोषको सञ्चालक समितिको अध्यक्षको जिम्मेवारी पुरा गर्नु भएको थियो ।
- सह सचिव श्री झक्क प्रसाद आचार्य मिति २०७५/०४/१० देखि कोषको सञ्चालक समितिको सदस्यमा नेपाल सरकारको तर्फवाट निजामती कर्मचारीको प्रतिनिधित्व गरिरहनु भएको छ ।
- प्रा. डा. श्री जीवन कुमार भट्टराई मिति२०७६/०४/१३ देखि कोषको सञ्चालक समितिको सदस्यमा त्रिभुवन विश्वविद्यालयको तर्फबाट संगठित संस्थाको प्रतिनिधित्व गरिरहनु भएको छ ।
- प्रहरी नायव महानिरीक्षक श्रीसुर्य प्रसाद उपाध्याय मिति २०७६/१२/०४ देखि कोषको सञ्चालक समितिको सदस्यमा नेपाल प्रहरीको तर्फबाट प्रतिनिधित्व गरिरहनु भएको छ ।
- प्रहरी नायव महानिरीक्षक श्री महेन्द्र कुमार पोखरेल मिति २०७६/०४/२७ देखि २०७६/१०/२७ सम्म कोषको सञ्चालक समितिको सदस्यमा रहनु भएको थियो ।
- सहायक रथी श्री शरद ढकालले मिति २०७६/०४/०७ देखि २०७६/०९/२२ सम्म कोषको सञ्चालक समितिको सदस्यमा नेपाली सेनाको तर्फवाट प्रतिनिधित्व गर्नु भएको थियो ।
- प्रा. डा. श्री डिल्लीराज शर्मा मिति २०७३/०४/०५ देखि २०७६/०४/०५ सम्म कोषको सञ्चालक समितिको सदस्यमा त्रिभुवन विश्वविद्यालयको तर्फबाट रहनु भएको थियो ।
- सहायक रथी श्री शंकर बहादुर पण्डितले मिति २०७५/१०/१३ देखि २०७६/०३/१७ सम्म कोषको सञ्चालक समितिको सदस्यमा नेपाली सेनाको तर्फबाट प्रतिनिधित्व गर्नु भएका थियो ।
- प्रहरी नायव महानिरीक्षक श्री सुरेश विक्रम शाहले मिति २०७५/०५/२९ देखि २०७६/०२/३१ सम्म कोषको सञ्चालक समितिको सदस्यमा नेपाल प्रहरीको तर्फवाट प्रतिनिधित्व गर्नु भएको थियो ।
- सहायक रथी श्री रामशरण कार्कीले मिति २०७४/०९/१७ देखि २०७५/०८/०८ सम्म कोषको सञ्चालक समितिको सदस्यमा नेपाली सेनाको तर्फवाट प्रतिनिधित्व गर्नु भएको थियो ।

(घ) **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**

- कर्मचारी सञ्चय कोष ऐन, २०१९ (संशोधन समेत) ले सञ्चालक समितिको काम, कर्तव्य, जिम्मेवारी तथा जवाफदेहिता स्पष्ट गरिदिएको छ ।
- सञ्चालक समितिले कोषको कार्य व्यवस्थित एवम् संगठित रुपमा सञ्चालन गर्न आफूमा निहित अधिकार प्रशासक वा कुनै उपसमितिलाई र प्रशासकले आफूमा निहित अधिकार आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गरी कार्य सञ्चालन गर्ने गरिएको छ ।

**(ङ) सञ्चालक समितिको खर्च**

- सञ्चालक समितिका सदस्यले समितिको वैठकमा सहभागी भएवापत प्रति बैठक रु.४,०००/- का दरले वैठक भत्ता पाउने र यस वाहेक अन्य सुविधा प्रदान गर्ने व्यवस्था छैन ।
- आर्थिक वर्ष २०७५/७६ मा कोष सञ्चालक समितिको १७ वटा बैठक बसेको र बैठक भत्ता वापत रु. ९ लाख ४२ हजार खर्च भएको छ ।

## २.२.२ लेखापरीक्षण समिति

**(क) लेखापरीक्षण समितिको गठन :** कर्मचारी सञ्चयकोष (संशोधन सहित) ऐन, २०१९ को दफा २३क बमोजिम आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न कोषमा एक लेखापरीक्षण समिति रहने र समितिको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने व्यवस्था गरेको छ । कर्मचारी सञ्चय कोष (आर्थिक प्रशासन) नियमावली, २०६८ को नियम २१ ले कोषमा तीन सदस्यीय लेखापरीक्षण समितिको व्यवस्था गरी काम, कर्तव्य र अधिकार तोकिदिएको छ ।

**(ख) लेखापरीक्षण समितिका वर्तमान पदाधिकारीहरुः** हाल कोषको लेखापरीक्षण समितिमा देहाय बमोजिम पदाधिकारीहरु रहनु भएको छः

| पदाधिकारी | पद | हालको प्रतिनिधित्व | नियुक्त मिति |
|---|---|---|---|
| सञ्चालक समितिले तोकेको सञ्चालक | अध्यक्ष | श्री झक्क प्रसाद आचार्य | २०७५/०४/१० |
| सञ्चालक समितिले तोकेको चार्टर्ड एकाउण्टेण्ट | सदस्य | श्री प्रविण ध्वज जोशी, बरिष्ठ चार्टर्ड एकाउन्टेन्ट | २०७६/१०/१० |
| आन्तरिक लेखापरीक्षण विभागका विभागीय प्रमुख | सदस्य | श्री ध्रुव भट्टराई | २०७६/०७/१८ |

**(ग) लेखापरीक्षण समितिमा परिवर्तन :** आर्थिक वर्ष २०७५/७६ मा र आर्थिक बर्ष २०७६/७७ को चैत्र मसान्तसम्ममा कोषको लेखापरीक्षण समितिको अध्यक्ष र सदस्यमा देहाय अनुरुप परिवर्तन भएको थियो :

- श्री झक्क प्रसाद आचार्यले मिति २०७५/०४/१० देखि कोषको सञ्चालक समितिको निर्णयले समितिको अध्यक्षता गरिरहनु भएको छ ।
- श्री प्रविण ध्वज जोशी मिति २०७६/१०/१४ देखि कोषको सञ्चालक समितिको निर्णयले समितिको विज्ञ सदस्यको रुपमा रहनु भएको छ ।
- श्री विश्वराज बस्यौला मिति २०७४/०६/१० देखि २०७६/०९/१० सम्म विज्ञ सदस्यको रुपमा रहनु भएको थियो ।
- श्री ध्रुव भट्टराई मिति २०७६/०७/१८ देखि लेखापरीक्षण विभागको विभागीय प्रमुखको रुपमा गरी समितिको सदस्य रहनु भएको छ ।
- श्री राजाराम श्रेष्ठ मिति २०७५/११/०५ देखि २०७६/०७/१८ सम्म लेखापरीक्षण विभागको विभागीय प्रमुखको रुपमा समितिको सदस्य रहनु भएको थियो ।
- श्री जितेन्द्र धिताल मिति २०७४/११/२८ देखि २०७५/०९/०५ सम्म लेखापरीक्षण विभागको विभागीय प्रमुखको रुपमा समितिको सदस्य रहनु भएको थियो ।

(घ) **लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार**

- कोषको लेखा तथा वित्तीय विवरणको पुनरावलोकन गर्ने र त्यस्ता विवरणहरुमा उल्लिखित तथ्यको सत्यता यकिन गर्ने,
- कोषको आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापन प्रणालीको पुनरावलोकन गर्ने,
- कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यको सुपरिवेक्षण तथा पुनरावलोकन गर्ने,
- कोषको लेखापरीक्षण सम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने निर्धारित आचरण, मापदण्ड तथा निर्देशिकाकोपरिपालना भएनभएको कुराको रेखदेख तथा पुनरावलोकन गर्ने,
- आवश्यकताअनुसार कोषको लेखा नीति पुनरावलोकन गरी स्वीकृतिको लागि सञ्चालक समितिसमक्ष पेश गर्ने,
- कोषको लेखा, वित्तीय व्यवस्था तथा लेखापरीक्षणको सम्बन्धमा सञ्चालक समितिले तोकिदिएका अन्य कार्य गर्ने ।

### २.२.३ जोखिम व्यवस्थापन समिति

(क) **जोखिम व्यवस्थापन समितिको गठन :**जोखिम व्यवस्थापन निर्देशिका, २०७१ ले कोषमा तीन सदस्यीय जोखिम व्यवस्थापन समितिको व्यवस्था गरी काम, कर्तव्य र अधिकार स्पष्ट गरिदिएको छ । यस समितिमा सञ्चालक समितिले तोकेको सञ्चालक संयोजक, लेखापरीक्षण समितिको अध्यक्ष सदस्य र जोखिम व्यवस्थापन हेर्ने विभागीय प्रमुख सदस्य रहने व्यवस्था छ ।

(ख) **वर्तमान जोखिम व्यवस्थापन समितिः** कोषको जोखिम व्यवस्थापन समितिमा हाल देहायका पदाधिकारी रहनु भएको छः

| पदाधिकारी | पद | हालको प्रतिनिधित्व | नियुक्त मिति |
|---|---|---|---|
| सञ्चालक समितिले तोकेको सञ्चालक | संयोजक | प्रा. डा. जीवन कुमार भट्टराई | २०७६/०५/१८ |
| लेखापरिक्षण समितिको अध्यक्ष | सदस्य | श्री झक्क प्रसाद आचार्य | २०७५/०४/१० |
| जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख | सदस्यसचिव | श्री राजेन्द्र शाक्य | २०७६/०७/२७ |

(ग) **जोखिम व्यवस्थापन समितिमा परिवर्तन :** आर्थिक वर्ष २०७५/७६ मा र आर्थिक वर्ष २०७६/७७ को बैशाख मसान्तसम्ममा कोषको जोखिम व्यवस्थापन समितिको अध्यक्ष र सदस्यमा देहाय अनुरुप परिवर्तन भएको थियो :

- प्रा. डा. श्री जीवन कुमार भट्टराईले मिति २०७६/०५/१८ देखि कोषको सञ्चालक समितिको निर्णयले समितिको अध्यक्षता गरिरहनु भएको छ ।
- प्रा. डा. श्री डिल्लीराज शर्माले मिति २०७३/१२/३० देखि २०७६/०४/०५ सम्म कोषको सञ्चालक समितिको निर्णयले अध्यक्षता गर्नु भएको थियो ।
- श्री झक्क प्रसाद आचार्यले मिति २०७५/०४/१० देखि कोषको सञ्चालक समितिको निर्णयले लेखापरीक्षण समितिको सदस्य रहनु भएको छ ।
- श्री राजेन्द्र शाक्य मिति २०७६/०७/२७ देखि योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको विभागीय प्रमुखको हैसियतले समितिको सदस्य सचिव रहनु भएको छ ।

- श्री जीवन कुमार कट्वाल मिति २०७६/०१/०१ देखि २०७६/०७/२७ सम्म योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको विभागीय प्रमुखको हैसियतले समितिको सदस्य-सचिव रहनु भएको थियो ।
- श्री भरतराज वस्ती मिति २०७४/०७/१२ देखि २०७५/११/०१ सम्म परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभागको विभागीय प्रमुखको हैसियतले समितिको सदस्य-सचिव रहनु भएको थियो ।

**(घ) जोखिम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

- कोषको समग्र पक्षको जोखिम पहिचान गरी सञ्चालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासको लागि सुझाव दिने,
- कोषको लगानीको सम्बन्धमा निहित जोखिमको स्तर, जोखिम वहन क्षमता, जोखिम व्यवस्थापनका लागि विकास गरेको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सञ्चालक समितिलाई सुझाव दिने,
- व्यवस्थापनबाट नियमित रुपमा जोखिम व्यवस्थापन प्रतिवेदन लिई जोखिमको आंकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन सम्वन्धमा छलफल गरी सञ्चालक समितिमा सुझाव पेश गर्ने,
- जोखिमयुक्त सम्पत्तिको लागि गरिएको व्यवस्था पर्याप्त भए नभएको विश्लेषण गरी सञ्चालक समितिमा सुझाव पेश गर्ने,
- अर्थतन्त्रको कुनै विशेष क्षेत्र वा समग्र क्षेत्रमा उत्पन्न भएको समस्या वा परिवर्तनले कोषको लगानीमा पर्न सक्ने प्रभावको अध्ययन गरी सोबाट उत्पन्न हुने जोखिम न्यूनीकरणका लागि सञ्चालक समितिमा सुझाव पेश गर्ने,
- कुनै परियोजना कर्जा प्रस्तावमा निहित जोखिमहरुको विश्लेषण गरी सञ्चालक समितिलाई सुझाव दिने ।
- कोषको व्यावसायिक निरन्तरता योजना (Business Continuity Plan) र विपद् पुनरुत्थान योजना (Disaster Recovery Plan) तर्जुमा गरी कार्यान्वयन गर्न लगाउने ।

## २.२.४ लगानी प्रवर्द्धन समिति

**(क) लगानी प्रवर्द्धन समितिको गठन तथा जिम्मेवारी**

कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १९ख ले प्रशासकको अध्यक्षतामा चार सदस्यीय ***लगानी प्रवर्द्धन समिति***को व्यवस्था गरेको छ । यस समितिलाई कोषको रकम सुरक्षित तथा बढी प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्नको निमित्त लगानी नीति निर्धारण गरी सञ्चालक समितिमा सुझाब पेश गर्ने जिम्मेवारी प्रदान गरेको छ ।

**(ख) लगानी प्रवर्द्धन समितिका वर्तमान पदाधिकारी:** हाल कोषको लगानी प्रवर्द्धन समितिमा देहाय बमोजिम पदाधिकारी रहनु भएको छ:

| पदाधिकारी | पद | हालको प्रतिनिधित्व | नियुक्त मिति |
|---|---|---|---|
| कोषको प्रशासक | अध्यक्ष | श्री तुलसी प्रसाद गौतम | २०७५/०६/०७ |
| नेपाल सरकारको सेवामा कार्यरत अर्थ विज्ञहरुबाट नेपाल सरकारले मनोनित गरेको एकजना | सदस्य | श्री कमला खरेल, उप-सचिव, अर्थ मन्त्रालय | २०७७/०१/१० |
| त्रिभुवन विश्वविद्यालय तथा सार्वजनिक | सदस्य | श्री डा. विष्णु प्रसाद शर्मा, | २०७५/०६/०७ |

| | | | |
|---|---|---|---|
| वा निजी क्षेत्रबाट लगानी प्रवर्द्धन क्षेत्रमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिहरु मध्ये नेपाल सरकारले मनोनित गरेको एकजना | | सह प्राध्यापक, पाटन बहुमुखी क्याम्पस | |
| त्रिभुवन विश्वविद्यालय तथा सार्वजनिक वा निजी क्षेत्रबाट लगानी प्रवर्द्धन क्षेत्रमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिहरु मध्ये नेपाल सरकारले मनोनित गरेको एकजना | सदस्य | श्री परशुराम गेलाल, सह प्राध्यापक, भक्तपुर बहुमुखी क्याम्पस | २०७५/०६/०७ |
| समितिले तोकेको कोषको अधिकृत कर्मचारी एकजना | सदस्य-सचिव | श्री अर्जुन कुमार गौतम | २०७५/०६/०७ |

(ग) **लगानी प्रवर्द्धन समितिमा परिवर्तन :** आर्थिक वर्ष २०७५/७६ मा र आर्थिक बर्ष २०७६/७७ को बैशाख मसान्तसम्मको अवधिमा कोषको लगानी प्रवर्द्धन समितिको अध्यक्ष र सदस्यमा देहाय अनुरुप परिवर्तन भएको थियो :

- श्री वैकुण्ठ निधि शर्मा, उप-सचिव, अर्थ मन्त्रालय मिति २०७५/०६/०७ देखि २०७६/०१/०९ सम्म नेपाल सरकारका मनोनित सदस्यको रुपमा समितिमा रहनु भएको थियो ।

### २.२.५ पदपूर्ति समिति

कर्मचारी सञ्चय कोष, कर्मचारी सेवाशर्त नियमावली, २०४८ (संशोधन सहित) ले कोषमा पाँच सदस्यीय ***पदपूर्ति समिति***को व्यवस्था गरी देहाय अनुरुपको काम, कर्तव्य र अधिकार तोकिदिएको छ :

- कोषमा रिक्त पदहरु पूर्ति गर्न प्रतियोगिताको किसिम निर्धारण गर्ने र बढुवा तथा खुल्ला प्रतियोगिताको प्रतिशत निर्धारण गर्ने,
- बढुवाद्वारा पूर्ति गर्नुपर्ने पदको लागि सम्भाव्य उम्मेदवारको कार्यक्षमता मूल्यांकन गरी योग्यताक्रम अनुसार पदपूर्ति गर्न सिफारिश गर्ने ।

### २.२.६ दुर्घटना क्षतिपूर्ति रकम दावी फछ्र्यौट समिति

कर्मचारी सञ्चय कोषको जगेडा कोष, कल्याणकारी कोष, निवृत्तभरण कोष र अन्य कोषहरु सञ्चालन नियमावली,२०६२ (संशोधन सहित) को नियम ११ ले प्रशासकको अध्यक्षतामा पाँच सदस्यीय समितिको व्यवस्था गरी निम्नानुसार काम, कर्तव्य र अधिकार तोकिएको छ :

- सञ्चयकर्ताको सेवाकालमा मृत्यु भएमा वा पूर्ण अंगभंग भएमा निज वा निजको हकवालालाई प्रदान गरिने दुर्घटना क्षतिपूर्ति दावीका सम्वन्धमा जाँचवुझ र परीक्षण गरी निर्णय गर्ने ।

### २.२.७ सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति (ALCO )

कोषको जोखिम व्यवस्थापन निर्देशिका, २०७१ को व्यवस्थाबाट प्रशासकको संयोजकत्वमा आठ सदस्यीय समितिको व्यवस्था गरी निम्नानुसार काम, कर्तव्य र अधिकार तोकिदिएको छ :

- लगानी तथा स्रोत उपयोग नीति, जग्गा, भवन तथा अन्य सम्पत्ति व्यवस्थापन नीति, जगेडा कोष व्यवस्थापन नीति, सञ्चयकर्ता सापटी नीति तथा सञ्चयकोष मौज्दात व्यवस्थापन नीति तर्जुमा तथा पुनरावलोकन गर्न स्वीकृतिको लागि पेश गर्ने ।

- सम्पति तथा दायित्वको Maturity Profile तयार गर्न लगाई सो को आधारमा तरलता जोखिमको विश्लेषण गर्ने,
- बैंक तथा वित्तीय संस्थाहरुमा प्रचलनमा रहेको मुद्धती निक्षेप तथा कर्जाको प्रचलित व्याजदरको प्रवृत्तिको विश्लेषण (Trend Analysis) गरी व्याजदर जोखिम तथा वजार जोखिमको विश्लेषण गर्ने ।
- नगद प्रवाह विश्लेषणको आधारमा तरलता व्यवस्थापन तथा स्रोतको उपयोगलाई प्रभावकारी बनाउने ।
- सुरक्षित एवम् प्रतिफलयुक्त क्षेत्र पहिचान गरी कोषको आम्दानी वृद्धि गर्न आवश्यक कार्य योजना तयार गर्ने ।
- कोषको सम्पत्तिमा निहित जोखिमको पहिचान र विश्लेषण गरी सोको व्यवस्थापनका लागि आवश्यक कार्य योजना तयार गर्ने ।
- कोषवाट प्रवाह भएका कर्जा, लगानी, सञ्चयकर्ता सापटी तथा घर जग्गा बहाल असूलीका लागि भएका प्रयास र सोको प्रगतिको मासिक रुपमा समीक्षा गर्ने ।

### २.२.८ कार्यक्रम तथा बजेट समिति

कर्मचारी सञ्चय कोष, बजेट निर्देशिका, २०७६ को प्रकरण १४ ले प्रशासकको संयोजकत्वमा सात सदस्यीय समितिको व्यवस्था गरी निम्नानुसार काम, कर्तव्य र अधिकार तोकिएको छ :

- केन्द्रीय लेखा तथा खर्च विभागबाट पेश गरिएको प्रारम्भिक बजेट उपर छलफल गरी जेष्ठ मसान्त भित्र आवश्यक पुनरावलोकन, परिमार्जन तथा संशोधन सहित सञ्चालक समिति समक्ष सिफारिश गर्ने ।
- बजेट सिफारिस गर्दा अघिल्लो आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको समीक्षा समेत पेश गर्ने ।
- चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको कार्यान्वयन प्रगतिको अर्धवार्षिक समीक्षा गरी सञ्चालक समिति समक्ष पेश गर्ने ।
- वार्षिक कार्यक्रम तथा बजेटको विषयमा छलफल गर्दा आवश्यकता अनुसार सम्बन्धित विभागका विभागीय प्रमुख, शाखा कार्यालय प्रमुख तथा सम्बन्धित बजेट केन्द्रका प्रमुखहरुलाई आमन्त्रण गर्ने ।

### २.२.९ कर्जा तथा लगानी समिति

कर्मचारी सञ्चय कोष, कर्जा तथा लगानी नीति, २०७५ को प्रकरण ७.२.१ ले कोषमा प्रशासकको अध्यक्षतामा पाँच सदस्यीय कर्जा तथा लगानी समितिको व्यवस्था गरी निम्नानुसार काम, कर्तव्य र अधिकार स्पष्ट गरेको छ :

(क) कर्जा तथा लगानी कार्य योजना सम्बन्धमा

(१) सरोकारवाला निकायहरुसँगको सहकार्य र समन्वयमा लगानीको उपयुक्त र सम्भावित क्षेत्रहरु पहिचान गर्ने ।

(२) कोषको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नगद प्रवाहको विश्लेषण गरी कर्जा तथा लगानी कार्य योजना तयार गरी सञ्चालक समिति समक्ष सिफारिश गर्ने ।

(ख) कर्जा प्रवाह सम्बन्धमा

(१) रु १ अर्बसम्मको संस्थागत कर्जा स्वीकृत गर्ने तथा सो भन्दा बढीको कर्जा स्वीकृतिको लागि सञ्चालक समितिमा सिफारिश गर्ने ।

(२) स्वीकृत कर्जाको ऋण सम्झौताका शर्तहरु निर्धारण गर्ने, आवश्यकता अनुसार कर्जाको पुनर्संरचना र पुनर्तालिकीकरण गर्ने ।

(३) ऋण सम्झौताका शर्तहरुको अधिनमा रही स्वीकृत कर्जा प्रवाह गर्ने ।

(४) सहवित्तीयकरण समूहमा सहभागी हुने निर्णय गर्ने र सहवित्तीयकरणको बैठकका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(ग) ब्याजदर निर्धारण सम्बन्धमा

(१) कोषले सञ्चयकर्तालाई दिने, सञ्चयकर्ताबाट लिने तथा संस्थागत कर्जाको ब्याजदर निर्धारण वा पुनरावलोकन गर्न सञ्चालक समिति समक्ष सिफारिश गर्ने ।

(२) व्यवस्थापन लेखा लगायतका उपयुक्त विधिहरुको अवलम्बन गरी कोषको लगानीको प्रतिफल दर, कोषको वित्तीय स्रोतको लागत, आधार दर आदि निर्धारण गर्ने ।

(घ) लगानी प्रवाह गर्ने सम्बन्धमा

(१) कोषले शेयरमा गर्ने लगानी सम्बन्धी निर्णय गर्ने । तर, नयाँ स्थापना हुने कम्पनीमा संस्थापकको हैसियतले शेयरमा लगानी गर्नुपर्ने भएमा सञ्चालक समितिको स्वीकृति लिनु पर्नेछ ।

(२) बैंकिङ्ग करोबार गर्न स्वीकृति प्राप्त “क” वर्गका बैंकहरुको मुद्दती निक्षेपमा लगानी गर्ने ।

(३) नेपाल सरकारको ऋणपत्रमा लगानी गर्ने ।

(४) नेपाल सरकारको स्वीकृतिमा कुनै स्वदेशी वा विदेशी संस्थाले जारी गरेको ऋण पत्रमा लगानी गर्न सञ्चालक समितिमा सिफारिश गर्ने ।

(५) कोषले सहायक कम्पनी वा संस्था स्थापना गर्नुपर्ने भएमा स्वीकृतिको लागि सञ्चालक समिति समक्ष सिफारिश गर्ने ।

(६) कम्पनीले जारी गरेको डिबेन्चरमा लगानी गर्ने ।

(७) प्राथमिक बजार वा दोस्रो बजार वा लिलाम बढाबढका माध्यमबाट शेयर खरिद वा बिक्रि गर्ने । तर, कम्पनी स्थापनाको क्रममा प्रवर्द्धकको हैसियतले खरिद गरेको शेयर बिक्रि गर्नुपर्ने भएमा सञ्चालक समितिको स्वीकृति लिनु पर्नेछ ।

(८) कोषको शेयर लगानी रहेका कम्पनीहरु प्रचलित कानूनको अधिनमा रही एक आपसमा गाभ्न वा गाभिन स्वीकृति दिने ।

(ङ) अल्पकालीन तरलता व्यवस्थापन सम्बन्धमा

(१) ट्रेजरी व्यवस्थापनको सिलसिलामा अल्पकालीन अवधिको सुरक्षणपत्र वा मुद्दती रसिद धितोबाट बैंकबाट अल्पकालीन कर्जा लिने ।

(२) वित्तीय बजारको अवस्था, लगानीका अवसर, प्रतिफल र कोषको नगद प्रवाहको अवस्था समेतका आधारमा नेपाल सरकारको सुरक्षणपत्र खरिद बिक्रि गर्ने ।

(३) मुद्दती निक्षेपको समयावधि समाप्त हुनु अगावै लगानी फिर्ता गर्ने ।

(च) कर्जा असूली सम्बन्धमा

(१) कोषले प्रवाह गरेको संस्थागत कर्जाको ऋण सम्झौताका शर्तहरु, प्रचलित कानून र कोषको प्रचलनमा रहेको कर्जा असूली कार्यविधिको अधिनमा रही कर्जा असूलीको लागि प्रक्रिया अवलम्बन गर्ने ।

(२) कर्जा असूलीको क्रममा ऋणीलाई हर्जाना ब्याज छुट दिन सक्ने । तर, साधारण ब्याज र ब्याजको ब्याजमा छुट दिनु पर्ने भएमा सञ्चालक समितिको स्वीकृति लिनु पर्नेछ ।

(छ) कार्यविधि बनाउने सम्बन्धमा

(१) कर्जा तथा लगानी नीतिको कार्यान्वयनको सिलसिलामा आवश्यक कर्जा, लगानी तथा असूली कार्यविधि बनाउने ।

## २.२.१० बेरुजु फछ्र्यौट, मूल्याङ्कन तथा अनुगमन समिति

कर्मचारी सञ्चय कोष (आर्थिक प्रशासन) नियमावली, २०६८ को नियम २४ ले कोषमा सह प्रशासक (मुख्य अधिकृत)को संयोजकत्वमा पाँच सदस्यीय समिति र समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएको छ :

- अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका विषयमा कोष सञ्चालक समितिले दिएको प्रतिक्रियाको प्रगति विवरण प्राप्त गरी सोको लेखाजोखा तथा मूल्यांकन गरी सम्बन्धित विभाग मार्फत् कार्यान्वयन गर्न निर्देशन दिने ।
- महालेखापरीक्षकको प्रतिवेदन तथा व्यवस्थापन पत्रमा औंल्याईएका विषयहरुको प्रगति अवस्थाको अनुगमन, लेखाजोखा तथा मूल्यांकन गरी सम्बन्धित विभाग मार्फत् कार्यान्वयन गर्न निर्देशन दिने ।
- अन्तिम लेखापरीक्षण प्रतिवेदनमा सञ्चालक समितिबाट दिएका निर्देशनहरुको कार्यान्वयन अवस्थाको आवधिक रुपमा समीक्षा गर्ने एवम् प्रगतिको मूल्याङ्कन गर्ने ।
- आन्तरिक तथा अन्तिम लेखापरीक्षणको क्रममा देखिएका बेरुजुको फछ्र्यौट गर्न निर्देशन दिने ।
- सार्वजनिक लेखा समिति, अर्थ मन्त्रालय तथा सम्वद्ध निकायबाट माग भएको बेरुजु सम्बन्धी विवरण, जबाफ एवम् जानकारी तयार गरी सम्बन्धित विभाग मार्फत् सम्बन्धित निकायमा पत्राचार गर्ने व्यवस्था गर्ने ।
- बेरुजु फछ्र्यौट सम्बन्धी कार्य सम्पादन गर्दा सम्बन्धित विभाग, शाखा, शाखा कार्यालयहरु तथा पदाधिकारीहरुसँग छलफल गर्ने तथा आवश्यक कागजात माग गर्ने ।
- आन्तरिक लेखापरीक्षण विभागबाट लेखापरीक्षणको क्रममा देखाएका आर्थिक कारोबारसँग सम्बन्धित बेरुजु फछ्र्यौट गर्न निर्देशन दिने र फछ्र्यौटको अवस्थाका बारेमा आवधिक रुपमा लेखापरीक्षण समितिलाई जानकारी गराउने ।
- आन्तरिक तथा अन्तिम लेखापरीक्षणको क्रममा देखिईएका बेरुजु फछ्र्यौटका क्रममा बिभिन्न विभाग, शाखा एवम् शाखा कार्यालयहरुबाट सम्पादन भएका कार्यहरुको प्रगतिको आवधिक रुपमा समीक्षा गर्ने ।
- बेरुजु फछ्र्यौटको सिलसिलामा कुनै विषयमा नीतिगत सुधार गर्नुपर्ने देखिएमा लेखापरीक्षण समिति समक्ष पेश गर्ने ।
- आफूले सम्पादन गरेका कार्यहरुको आवधिक प्रतिवेदन लेखापरीक्षण समितिमा पेश गर्ने ।

## २.२.११ सञ्चयकर्ता औषधोपचार सोधभर्ना सिफारिश समिति

सञ्चयकर्ता स्वास्थोपचार योजना कार्यविधि, २०७६ को प्रकरण ६.६ ले कोषका वरिष्ठ सह-प्रशासकको अध्यक्षतामा चार सदस्यीय समितिको व्यवस्था गरी निम्नानुसार काम, कर्तव्य र अधिकार तोकेको छ :

- सञ्चयकर्ताले घातक रोगको उपचार गर्दा लागेको खर्च रकमको सोधभर्ना सम्बन्धी सिफारिश गर्ने ।
- साधारण रोगको सोधभर्ना सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा आवश्यक निर्णयका लागि सिफारिश गर्ने ।
- योजना अन्तर्गतका सुविधाहरु उपलब्ध गराउन आवश्यकता अनुसार विशेषज्ञको राय लिने ।
- योजनालाई प्रभावकारी बनाउन अन्य आवश्यक व्यवस्था गर्ने ।

## २.३ मानव संसाधन व्यवस्थापन

कोषमा २९९ जना अधिकृतस्तर र २१६ जना सहायकस्तर गरी ५१५ जना कर्मचारीको दरबन्दी रहेको छ । उक्त दरबन्दीमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०४८ ले गरेको व्यवस्था अनुसार अवकाश भएपछि स्वतः दरबन्दी खारेज हुने कर्मचारीहरुको दरबन्दी समावेश छैन । यस्तो दरबन्दीमा कार्यरत कर्मचारीको संख्या ५५ रहेको छ । कोषको रिक्त दरबन्दीमा पदपूर्तिको व्यवस्था खुल्ला, प्रस्पिर्धात्मक र समावेशी सिद्धान्तमा आधारित छ। दरबन्दीमा समाबेश नभएका सुपरिक्षक (कार्यालय सहयोगी), सवारी चालक, सुरक्षाकर्मी जस्ता पदहरु सेवा करारबाट पूर्ति गर्ने व्यवस्था रहेको छ।

कर्मचारीको वृत्ति विकास, सरुवा, बढुवा लगायत समग्र पक्षको व्यवस्थापनका लागि कोषमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०४८ कार्यान्वयनमा रहेको छ। साथै, मानव संसाधन नीति तथा मानव संसाधन विकास योजना, २०७२ कार्यान्वयनमा रहेको छ। कर्मचारीको लागि अवकाश कोष, औषधोपचार सम्वन्धी व्यवस्था, जीवन सुरक्षण कोष र सन्तति छात्रवृत्ति सम्बन्धी व्यवस्था गरिएको छ । यसैगरी कोषका कर्मचारीलाई सेवामुखी तथा प्रभावकारी बनाउन प्रोत्साही पुरस्कार तथा दण्ड सम्बन्धी व्यवस्था गरिएको छ। यी सबै व्यवस्थाहरु निश्चित कार्यविधिबाट निर्दिष्ट गरिएका छन्।

कोषभित्रको ज्ञान व्यवस्थापनलाई प्रभावकारी बनाउन, व्यवस्थापकीय तहमा रहेका कर्मचारीहरुको नेतृत्वकला र निर्णय क्षमता विकास गरी उत्तराधिकारी योजना सुनिश्चित गर्न र कर्मचारीहरु बीच समूहगत कार्यप्रणालीको विकास गर्न वरिष्ठ कार्यकारी मञ्चको व्यवस्थालाई थप प्रभावकारी बनाउँदै लगिएको छ । यसअन्तर्गत Knowledge Sharing जस्ता कार्यक्रम सञ्चालन गरी कर्मचारीले हासिल गरेको ज्ञानलाई सम्वन्धित विभाग तथा शाखामा कार्यरत कर्मचारीहरुमा आदन-प्रदान गर्ने प्रणालीको विकास गरिएको छ।

**२.३.१ उपलव्ध मानव संसाधनको विश्लेषण:** कोषमा आर्थिक वर्ष २०७५/७६ मा कार्यरत जम्मा ४५२ जना कर्मचारी मध्ये २५८ जना अधिकृत स्तरका र १९४ जना सहायक स्तरका कर्मचारी रहेका छन्। सोको विवरण देहाय अनुरुप रहेकोछ :

**(क) लिङ्गको आधारमा:** कोषमा आर्थिक वर्ष २०७५/७६ मा कार्यरत जम्मा ४५२ जना मध्ये ३५२ जना पुरुष कर्मचारी र १०० जना महिला कर्मचारी कार्यरत रहेका छन।

तालिका नं.२.४.१(क)

| लिङ्ग | अधिकृत स्तर | | सहायक स्तर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| पुरुष | २१३ | ८२.५६ | १३९ | ७१.६५ | ३५२ | ७७.८८ |
| महिला | ४५ | १७.४४ | ५५ | २८.३५ | १०० | २२.१२ |
| **कुल जम्मा** | **२५८** | | **१९४** | | **४५२** | |




**(ख)** **उमेरको आधारमा:** कोषमा २१ वर्ष पूरा गरी पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको व्यक्तिले सेवा प्रवेश गर्नसक्ने र उमेर ५८ वर्ष वा तोकिएको पदावधि पूरा भएपछि अवकाश पाउने व्यवस्था छ । उमेरको आधारमा कर्मचारीहरुको विवरण देहाय बमोजिम रहेको छ :

तालिका नं.२.३.१(ख)

| उमेर समूह | अधिकृत स्तर | | सहायक स्तर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २१ वर्ष देखि ३० वर्ष सम्म | २ | ०.७८ | ३० | १५.३१ | ३२ | ७.०८ |
| ३१ वर्ष देखि ४० वर्ष सम्म | ६३ | २४.६१ | १०१ | ५१.५३ | १६४ | ३६.२८ |
| ४१ वर्ष देखि ५० वर्ष सम्म | ५५ | २१.४८ | ७ | ३.५७ | ६२ | १३.७२ |
| ५० वर्ष देखि ५८ वर्ष सम्म | १३६ | ५३.१३ | ५८ | २९.५९ | १९४ | ४२.९२ |
| कुल जम्मा | २५६ | | १९६ | | ४५२ | |



(ग) **शैक्षिक योग्यताको आधारमा:** कोषको सहायक स्तर, तह ५ को पदमा सेवा प्रवेश गर्न स्नातक तह र अधिकृत स्तर, तह ६ को पदमा सेवा प्रवेश गर्न स्नातकोत्तर तह वा सो सरहको शैक्षिक योग्यता भएको हुनु पर्ने व्यवस्था छ । साथै, विशेष योग्यताका आधारमा नियुक्त हुने कर्मचारीहरुको विशेष शैक्षिक योग्यता निर्धारण गरी सेवा प्रवेशको व्यवस्था गरिएको छ । शैक्षिक योग्यताका आधारमा कर्मचारीहरुको विवरण देहाय बमोजिम रहेको छ :

तालिका नं.२.३.१(ग)

| उपाधि | अधिकृत स्तर | | सहायक स्तर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| स्नातकोत्तर वा सो भन्दा माथि | १३१ | ५१.१७ | ४६ | २३.४७ | १७७ | ३९.१६ |
| स्नातक तह | ९८ | ३८.२८ | ८१ | ४१.३३ | १७९ | ३९.६० |
| प्रवीणता प्रमाणपत्र | १९ | ७.४२ | १० | ५.१० | २९ | ६.४२ |
| एस. एल. सी. | ८ | ३.१३ | १७ | ८.६७ | २५ | ५.५३ |
| एस. एल. सी. भन्दा कम | ० | ०.०० | ४२ | २१.४३ | ४२ | ९.२९ |
| **कुल जम्मा** | **२५६** | | **१९६** | | **४५२** | |



**२.३.२ तालिम तथा विकास:** कोषका कर्मचारीहरुलाई समयानुकुल ज्ञान सीपमा दक्ष र प्रतिष्पर्धी वनाई कोषको उत्पादकत्व वृद्धि गर्न आर्थिक वर्ष २०७५/७६ मा ३०६ कर्मचारीलाई स्वदेश र ७९ कर्मचारीलाई विदेशमा गरी जम्मा ३८५ कर्मचारीहरुलाई तालिम तथा सेमिनार, गोष्ठी, सभा-सम्मेलन, अवलोकन भ्रमण र अध्ययन भ्रमणमा सहभागी गराइएको छ ।

**२.३.३ कर्मचारी कल्याणकारी गतिविधि:** कोषले आफ्ना कर्मचारीहरुका लागि विभिन्न कल्याणकारी गतिविधिहरु सञ्चालन गर्दै आएको छ । आफ्ना कर्मचारीको स्वास्थ्यप्रतिको संवेदनशीलतालाई दृष्टिगत गरी औषधि उपचार सुविधाको व्यवस्था गरेको छ । यसका साथै व्यक्तिगत दुर्घटना वीमा, काजकिरिया खर्च, प्रसूति तथा प्रसूति स्याहार खर्च, पोशाक खर्च, आन्तरिक पर्यटन भ्रमण खर्चआदि सुविधाहरु प्रदान गर्दै आएको छ । साथै, कर्मचारीहरुको सेवाकालीन आवश्यकतालाई दृष्टिगत गरी विभिन्न प्रकारका सापटी सुविधाहरु समेत प्रदान गर्ने व्यवस्था गरिएको छ ।

कर्मचारी सुविधाका विभिन्न शीर्षक अन्तर्गत आर्थिक वर्ष २०७५/७६ मा २५ जना कर्मचारीले कडा रोग औषधि उपचार सुविधा, १५ जना कर्मचारीले काजक्रिया खर्च, १८जना कर्मचारीले प्रसुति तथा प्रसुति स्याहार खर्च र ४६५ जना कर्मचारीले आन्तरिक पर्यटन भ्रमणको सुविधा उपभोग गरेका छन् ।

**२.३.४ मानव संसाधन लेखाङ्कन:** कोषका मानव संसाधन लेखाङ्कनका लागि कर्मचारीहरुको व्यवहार जन्य आचरण जस्तैः बफादारिता, कौशल, उत्प्रेरणा तथा प्रभावकारी अन्तरक्रिया, सञ्चार र निर्णयको क्षमता जस्ता गुणहरुलाई मूल आधारका रुपमा लिईएको छ । मानव स्रोत व्यवस्थापन तथा विकास खर्चलाई मानव स्रोत पूँजी निर्माणमा गरिएको लगानीको रुपमा लिईएको छ ।

कोषका ४५२ कर्मचारीले करिब ६ लाख २७ हजार सञ्चयकर्तालाई सेवा प्रवाह गरिरहेका छन् । आर्थिक वर्ष २०७४/७५ मा प्रति कर्मचारी आय रु ५ करोड १९ लाख रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा प्रति कर्मचारी आय वृद्धि भई रु.५ करोड ८२ लाख पुगेको छ । आर्थिक बर्ष २०७४/७५मा प्रति कर्मचारी खर्च रु.३३ लाख १८ हजार रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा प्रति कर्मचारी खर्च रु. १९ लाख २ हजार रहेकोछ । त्यस्तै आर्थिक वर्ष २०७४/७५ मा मानव संसाधान विकास अन्तर्गत प्रति कर्मचारी औसत खर्चरु.४८ हजार भएकोमा आर्थिक वर्ष २०७५/७६ मा खर्चमा वृद्धि भई प्रति कर्मचारी औसत खर्चरु. ५३ हजार पुगेको छ ।

## २.४ संस्थागत सुशासन

कोषमा कार्यकुशलता अभिवृद्धि गरी सञ्चयकर्ताको अधिकतम हित सुनिश्चित गर्न, आर्थिक अनुशासन कायम गर्न, स्रोतको कुशल व्यवस्थापन गर्न, जोखिम न्यूनीकरण गर्न, मानव संसाधनको उचित व्यवस्थापन गर्न, सूचना प्रविधिको अधिकतम प्रयोग गर्न, सम्पत्ति व्यवस्थापन गर्न, आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाउन र सञ्चयकर्ता सेवा प्रवाहमा प्रभावकारिता ल्याउन *कर्मचारी सञ्चय कोष, संस्थागत सुशासन निर्देशिका, २०७१* कार्यान्वयनमा ल्याइएको छ ।

पारदर्शिता, जवाफदेहिता, कार्यदक्षता, प्रभावकारिता, निष्पक्षता र तटस्थता, सहकार्य र सहभागिता, नतिजा उन्मुख, सेवाको गुणस्तरमा निरन्तर सुधार जस्ता मूल्य मान्यताका आधारमा कोषका क्रियाकलाप सञ्चालन गरिएका छन् । कर्मचारी सञ्चय कोष ऐन, २०१९ तथा कोषसँग सम्वन्धित प्रचलित कानूनमा उल्लिखित जिम्मेवारीका साथै कोषबाट सम्पादन हुने कार्य सम्बन्धी नीतिगत विषय कोषको सञ्चालक समितिको अधीनमा रहेको छ । सञ्चालक समितिले कोषका प्रशासकलाई र प्रशासकले अन्तर्गतका कर्मचारीलाई आवश्यक अधिकार प्रत्यायोजन तथा निर्देशन दिन सक्ने व्यवस्था रहेको छ । त्यस्तो निर्देशनको समयभित्रै पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

कोषको संस्थागत सुशासन निर्देशिका, २०७१ मा भएका व्यवस्था लगायत प्रचलित कानून, नियम तथा निर्देशनहरु सबै पक्षबाट पालना हुने र वित्तीय स्वार्थ भएका क्रियाकलापमा संलग्न हुने तथा संस्थाको हित विपरीतका कार्य कसैले पनि गर्न गराउन नपाउने व्यवस्था सहितको आचार संहिता निर्माण गरिएको छ । कोषको सञ्चालक समिति तथा अन्य समिति उपसमितिहरुको भूमिका तथा जिम्मेवारी स्पष्ट रुपमा व्यवस्था गरिएको छ । यसको साथै कोषका लागि वाध्यकारी कानूनी व्यवस्थाहरु तथा नेपाल सरकारका निर्देशनहरु कोषले पूर्ण रुपमा परिपालना गरेको छ ।

कर्मचारी सञ्चय कोष, संस्थागत सुशासन निर्देशिका, २०७१ मा कोषसँग सम्वन्धित सवै पक्षहरुको आचार संहिता तथा सोको पालना सम्वन्धी व्यवस्था गरिएको छ । कोषको काम कारबाहीको विषयमा सञ्चयकर्ता तथा सरोकारवालाहरुलाई नियमित रुपमा जानकारी दिन कोषको मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभागका प्रमुखलाई कोषको प्रवक्ता तोकिएको छ ।

कोषमा संस्थागत सुशासनका असल प्रचलनलाई प्रभावकारी रुपमा आत्मसात गर्न आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक लेखापरीक्षण, जोखिम व्यवस्थापन रणनीति लगायत सम्पत्ति तथा दायित्वको अध्ययन तथा विश्लेषण जस्ता विषयहरुमा कोषले आफ्ना क्रियाकलापहरुलाई केन्द्रित गर्दै आएको छ । कोषको आवश्यकता अनुरुप नयाँ नीति, नियम तथा कार्यविधिहरुको तर्जुमा गरी कार्यान्वयन गरिएको छ भने साविकका केही नीति, नियम, कार्यविधिहरुमा समसामयिक परिमार्जन तथा सुधार समेत गरिएको छ ।

कोषले कारोबार तथा वित्तीय विवरणहरुको त्रैमासिक रुपमा प्रकाशन गर्ने तथा लेखापरीक्षण समयमा नै सम्पन्न गरी नियमितरुपमा सार्वजनिक गर्दै आईरहेको छ । कोषले वित्तीय प्रतिवेदनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार वनाउने क्रममा नियमित सुधार गर्दै जाने नीति अनुरुप आर्थिक वर्ष २०७४/७५ देखिको वित्तीय विवरणलाई नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (NFRS) अनुरुप तयार गरी आएको छ ।

## २.५ व्यावसायिक मूल्य मान्यता तथा नैतिकता

कोष अग्रणी सामाजिक सुरक्षा प्रदायक संस्था भएकाले सञ्चयकर्तालाई विभिन्न प्रकारका सामाजिक सुरक्षा सुविधाहरु र वित्तीय सुविधाहरु प्रदान गर्दै आएको छ । सञ्चय कोष रकमको सुरक्षा गरी सामाजिक सुरक्षा सुविधाहरुको सुव्यवस्थापनद्वारा सञ्चयकर्तालाई अधिकतम सन्तुष्टि प्रदान गर्नु कोषको मूल लक्ष्य रहेको छ । सञ्चयकर्ताको आवश्यकता र अपेक्षा अनुरुप सञ्चयकर्तामुखी कार्य पद्धति अवलम्वन गर्नु र कोषको सेवा प्रवाह प्रणालीलाई मितव्ययी, पारदर्शी, सहभागितामूलक र उत्तरदायी वनाउनु सञ्चयकर्ता सेवा व्यवस्थापनको उद्देश्य रहेको छ ।

कोषले लिएका उद्धेश्य प्राप्तिका लागि निश्पक्षता, तटस्थता, जवाफदेहिता, पारदर्शिता, सेवाको गुणस्तरमा निरन्तर सुधार, कार्यदक्षता र प्रभावकारिता, नतिजा उन्मुख, सहकार्य र सहभागिता जस्ता विषयहरुलाई आफ्नो व्यावसायिक मान्यताका रुपमा आत्मसात गरेको छ । सेवा तथा कारोवारमा गुणस्तर कायम गर्ने कार्य भईरहेको छ । कोषका कर्मचारी तथा पदाधिकारीहरुलाई पेशागत निष्ठा, दक्षता, व्यावसायिकता र इमानदारिता जस्ता नैतिक मापदण्डका आधारमा व्यवस्थापन गरिएको छ ।

कोषवाट सञ्चयकर्तालाई विना भेदभाव सेवा प्रदान गर्ने, आवश्यकता र अपेक्षा अनुकूलका सेवाहरु पहिचान गरी सेवा तथा सुविधा विस्तार गर्ने, सञ्चयकर्ता वडापत्रको व्यवस्था गर्ने, एकीकृत सेवा प्रवाह गर्ने, सेवा प्रक्रिया सरल र सहज वनाउने र सेवा प्रवाहमा नवीनतम् प्रविधिको उपयोग गर्ने गरिएको छ । कोषले सम्पादन गरेको काम कारवाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने त्रुटीको सम्वन्धमा गुनासो सुन्न गुनासो पेटिका र विद्युतीय माध्यमवाट सञ्चयकर्ताको सुझाव तथा गुनासाहरुको व्यवस्थापन गर्न Grievance Management System सञ्चालन गरिएको छ ।

कोषले नेपाल सरकार, अर्थमन्त्रालयबाट प्राप्त निर्देशन तथा कोषका कानूनी व्यवस्थाहरुको पूर्ण रुपमा अनुपालना गर्दै आएको छ । कोषका गतिविधिलाई पारदर्शी रुपमा सञ्चालन गर्न तथा सेवा प्रवाहमा प्रभावकारिता ल्याउन कार्यान्वयनमा ल्याएका ऐन, नीति, नियम, निर्देशन तथा कार्यविधिहरुको सूची ***परिशिष्ठ-१*** मा समावेश गरिएको छ ।

## २.६ सूचना प्रवाह प्रणाली

### क) आन्तरिक सूचना प्रणाली

कोषले दैनिक रुपमा सञ्चालन गर्नु पर्ने कार्यहरुलाई प्रभावकारी ढंगले सम्पादन गर्न आन्तरिक सूचना प्रणालीको विकास गरेको छ । प्रत्येक शाखा, महाशाखा तथा विभाग र शाखा कार्यालयहरु वीच समन्वय गर्नु पर्ने विषय तथा सूचनाहरुको व्यवस्थापनका लागि आन्तरिक मेमो, ई-मेल तथा परिपत्र मार्फत सूचना प्रवाहको व्यवस्था मिलाईएको छ । यस्ता सूचनालाई थप प्रभावकारी रुपमा प्रवाह गर्न कोषको आन्तरिक विद्युतीय सञ्चार प्रविधि (Intranet) को प्रयोग गरिएको छ ।

### ख) बाह्य सूचना प्रणाली

कोषवाट सम्पादित काम/कारवाहीहरुको सम्वन्धमा सञ्चयकर्ता एवम् सरोकारवालालाई पारदर्शी रुपमा सूचनाहरु प्रवाह गर्ने प्रभावकारी प्रणालीको विकास गरिएको छ । कोषले सञ्चयकर्ताको हिसाबको वार्षिक विवरण समयमा नै तयार गरी सञ्चयकर्ता समक्ष पुऱ्याउँदै आएको छ । कोषका गतिविधिहरु एवम् कोषले प्रदान गर्दै आएका सेवा सुविधाहरुको सूचना त्रैमासिकरुपमा News Letter प्रकाशनबाट, वार्षिक रुपमा कोष पत्रिका, भित्तेपात्रो, वार्षिक प्रतिवेदन, कोषका सेवा सुविधा सम्बन्धी बुकलेट, रेडियो जिंगल, टेलिभिजन कार्यक्रम, वृत्तचित्र तथा ब्रोसर प्रकाशन मार्फत साथै कोषको वेभसाईटः www.epfnepal.com.np मार्फत प्रवाह गर्दै आएको छ ।

कोषले सञ्चयकर्तालाई सेवा सुविधाहरुको जानकारी प्रभावकारी ढंगले प्रवाह गर्न समय समयमा कोष तथा सञ्चयकर्ता कार्यालय र सञ्चयकर्ता बीचमा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । सञ्चयकर्तालाई सूचना प्रवाह गर्न कोषले टेलीकोष, ई-सर्भिस, सञ्चयकर्ता SMS Service, Notice Board Service को समेत व्यवस्था गरेको छ ।

कोषको काम कारवाहीको विषयमा सञ्चयकर्ता तथा सरोकारवालालाई वा सार्वजनिक रुपमा आधिकारिक जानकारी प्रदान गर्न कोषले मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभागका विभागीय प्रमुखलाई प्रवक्ताको रुपमा तोकेको छ ।

## २.७ संस्थागत सामाजिक उत्तरदायित्व

कोषले संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न सामाजिक कार्यक्रमहरुमा समेत सहभागिता जनाउने गरेको छ । कोषले वार्षिकोत्सवको अवसरमा विभिन्न अतिरिक्त क्रियाकलापहरु र चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । कोषले विभिन्न संघ संस्थाहरु मार्फत सञ्चालन गरिने विविध प्रकारका कल्याणकारी कार्यक्रमहरुमा समेत आर्थिक सहयोग गर्दै आएको छ । साथै, कोषभित्र क्रियाशील कर्मचारी संगठनहरु मार्फत सञ्चालन गरिने विभिन्न सामाजिक क्रियाकलापहरु जस्तैः रक्तदान, ज्येष्ठ व्यक्तित्व सम्मान, शैक्षिक पुरस्कार वितरण कार्यक्रमहरुमा आर्थिक सहयोग गर्नुका साथै त्यस्ता कार्यक्रम सञ्चालनमा प्रोत्साहन र सहयोग समेत गर्दै आएको छ ।

## २.८ जोखिम व्यवस्थापन

कर्मचारी सञ्चय कोषले जोखिम व्यवस्थापनको क्रियाकलापलाई संरचनात्मक रुपमा व्यवस्थित तवरले अघि वढाएको छ । कोषमा निहित जोखिमहरुको पहिचान गर्न, विश्लेषण तथा मापन गर्न, अनुगमन गर्न तथा नियन्त्रण गर्न **जोखिम व्यवस्थापन निर्देशिका (Risk Management Guidelines),**२०७१ कार्यान्वयनमा छ । कोषको समग्र कारोबारका क्षेत्रहरुमा अन्तरनिहित सञ्चालन जोखिम, बजार जोखिम, तरलता जोखिम, परियोजना कर्जा जोखिम, सञ्चयकर्ता कर्जा जोखिम, सूचना प्रविधि जोखिम र स्थिर सम्पत्ति व्यवस्थापन जोखिमहरुको पहिचान, मापन, अनुगमन तथा नियन्त्रण तथा जोखिमहरुको व्यवस्थापन गर्ने पद्धतिको विकास गरिएको छ । बजारको ब्याजदरमा हुने परिवर्तन, तरलताको माग र आपूर्तिको अवस्था, प्रविधिमा आउने परिवर्तन, ऐन, नीति नियममा गर्नु पर्ने परिवर्तन लगायत विभिन्न आन्तरिक तथा बाह्य कारणहरुले सिर्जना हुने जोखिम समेतको व्यवस्थापन गर्ने नीति लिएको छ ।

कोषको समग्र जोखिम व्यवस्थापनका साथै उपयुक्त आन्तरिक नियन्त्रण प्रणालीको विकास तथा सुपरिवेक्षणका लागि जोखिम व्यवस्थापन समितिको व्यवस्था गरिएको छ । कोषको जोखिम व्यवस्थापन सम्बन्धी कार्यलाई नियमित रुपमा व्यवस्थित गर्न छुट्टै संरचनाको आवश्यकता महशुस गरी योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको गठन गरिएको छ । यस विभागले जोखिम व्यवस्थापन समितिको सचिवालयका रुपमा समेत कार्य गर्दै आएको छ ।कोषले सम्पादन गर्दै आएको कारोबारको प्रकृतिका आधारमा जोखिम व्यवस्थापनका देहायका सम्भाव्य क्षेत्रहरुको पहिचान एवम् कार्यान्वयन गर्दै आएको छ :

**(क)** **तरलता जोखिम (Liquidity Risk):** कोषले सञ्चयकर्ताको सञ्चित रकमलाई कर्मचारी सञ्चय कोष ऐन, २०१९ ले निर्दिष्ट गरेको क्षेत्रमा कोषको लगानी नीति अनुरुप परिचालन गर्दै आएको छ । कोषले दैनिक कार्य सञ्चालन गर्न आवश्यक तरलता व्यवस्थापनका लागि कुल **स्रोतको २.५० प्रतिशतसम्म** नगद तथा वैंक मौज्दात रहने गरी विभिन्न वाणिज्य बैंकको मुद्दती निक्षेप र सरकारी सुरक्षण पत्रमा समेत लगानी गर्दै आएको छ ।

**(ख)** **बजार जोखिम (Market Risk):** कोषले सम्पत्ति दायित्व संरचनाभित्र रही बजार जोखिमको पहिचान गर्ने, मापन गर्ने र व्यवस्थापन गर्ने परिपाटीलाई निरन्तरता दिएको छ । बजार जोखिम नियमित रुपमा परिवर्तन भईरहने हुँदा जोखिम व्यवस्थापन गर्ने विधि तथा प्रक्रियाहरु समेत समय समयमा आवश्यकता अनुरुप पुनरावलोकन गर्दै आएको छ । आर्थिक वर्ष २०७४/७५देखि वित्तीय वजारमा तरलताको समस्यावाट ब्याजदरमा सुधार आएकाले कोषले सञ्चयकर्तालाई प्रदान गर्ने ब्याजदरमा समेत सकारात्मक प्रभाव परेको छ ।

**(ग)** **सञ्चालन जोखिम (Operational Risk):** कोषको दैनिक कार्य प्रक्रियामा रहने कमी कमजोरी, मानवीय त्रुटी, आकस्मिक वा प्राकृतिक रुपमा हुने सञ्चालन जोखिमलाई व्यवस्थापन गर्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन लेखापरीक्षण समिति तथा जोखिम व्यवस्थापन समितिको संरचनात्मक व्यवस्थाका अतिरिक्त कोषमा छुट्टै विभाग कायम गरी आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत गरिएको छ । वित्तीय प्रतिवेदनको अनुपालन र सोमा रहने जोखिमलाई न्यून गर्न कर्मचारी सञ्चय कोष ऐन,२०१९ र ऐन अन्तर्गत बनेका नीति, नियम तथा कार्यविधिहरुमा समयानूकल पुनरावलोकन गरिएको छ ।

**(घ)** **कर्जा जोखिम (Credit Risk):**: कोषले परियोजनाहरुको समुचित जोखिम विश्लेषण पश्चात परियोजनामा लगानी गर्ने नीति लिएको छ । नेपाल सरकारको स्वामीत्वमा रहेका संस्थामा ऋण प्रवाह गर्दा नेपाल सरकारको जमानत लिई कर्जामा रहने जोखिमलाई समुचित व्यवस्थापन गर्ने गरेको छ । साथै, कोषले मुद्दती निक्षेपमा लगानी गर्दा सम्बन्धित बैंकहरुको त्रैमासिक रुपमा प्रकाशित तथ्याङ्कको आधारमा Credit Rating गरी निहित जोखिम व्यवस्थापन तथा न्यूनीकरण गर्ने गरिएको छ ।

(ङ) **सूचना प्रविधि सम्वन्धी जोखिम (IT Related Risk):** सूचना प्रविधिमा देखिने जोखिम न्यूनीकरण गर्न कोषमा विपद व्यवस्थापन योजना, २०७१ कार्यान्वयनमा ल्याईएको छ । यसबाट सूचना प्रविधिमा देखिने जोखिमको पहिचान, मापन, अनुगमन र आन्तरिक नियन्त्रण गर्ने परिपाटीको विकास भएको छ । कोषले यस सम्बन्धी जोखिम न्यूनीकरण गर्न सूचना प्रविधि नीति, २०७१ कार्यान्वयनमा ल्याएको र दीर्घकालीन रुपमा सम्पन्न गर्नुपर्ने जोखिम व्यवस्थापन कार्यका लागि दीर्घकालीन सूचना प्रविधि रणनीति कार्यान्वयन गरिएको छ । कोषको आफ्नो आधुनिक डाटा सेन्टर तयार गरी संचालनमा ल्याउने कार्य अगाडि बढाईएको छ ।

(च) **सञ्चयकर्ता कर्जा जोखिम (Contributors Credit Risk):** कोषले सञ्चयकर्तालाई प्रदान गर्दै आएका विभिन्न कर्जा तथा सापटीहरुको जोखिमलाई न्यूनीकरण गर्न कर्जाको अनुगमन तथा नियन्त्रण प्रणालीको विकास गरिएको छ । वार्षिक रुपमा कर्जाको अवस्थाको पुनरावलोकन गर्नुका साथै धितोको नियमित रुपमा स्थलगत निरीक्षण समेत गर्ने परिपाटीको विकास गरिएको छ ।

## २.९ आन्तरिक नियन्त्रण प्रणाली

कोषको कारोवार एवम् लेखाङ्कनका सम्पूर्ण क्षेत्रमा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न महत्वपूर्ण आर्थिक कारोबार हुने क्षेत्रहरुमा निहित जोखिम पहिचान गरी प्राथमिकताका साथ नियन्त्रण र न्यूनीकरण गर्ने पद्धतिको विकास गरिएको छ ।

कोषको आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्न तथा संस्थागत सुशासन सुनिश्चित गर्न नेपाल सरकारबाट स्वीकृत कर्मचारी सञ्चय कोष (आर्थिक प्रशासन) नियमावली, २०६८ मा कोषमा एक स्वतन्त्र लेखापरीक्षण समितिको व्यवस्था गरिएको छ । उक्त समिति अन्तर्गत रहेर स्वीकृत लेखापरीक्षण कार्ययोजना अनुरुप कोषको लेखापरीक्षण विभागले विभिन्न विभाग तथा शाखा कार्यालयहरुको कारोवारको आन्तरिक लेखापरीक्षण गर्दै आएको छ । आन्तरिक लेखपरीक्षणलाई प्रभावकारी बनाउन बाह्य विज्ञहरुको संलग्नतामा कोषका कर्मचारी सामेल भई आन्तरिक लेखापरीक्षण गर्ने प्रक्रिया अघि बढाईएको छ । साथै, स्वीकृत बजेट तथा कार्यक्रम अनुरुप आन्तरिक नियन्त्रणका लागि आर्थिक प्रशासन विभाग र योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग मार्फत सुपरिवेक्षणको व्यवस्था प्रभावकारी बनाउँदै लगिएको छ ।

कोषको समग्र लेखाङ्कन प्रणालीमा सुधार गर्न आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजु फछ्र्यौट सम्बन्धी काम कारवाहीमा प्रभावकारिता ल्याउन बेरुजु फछ्र्यौट, मूल्याङ्कन तथा अनुगमन समिति सक्रिय रहेको छ ।

कोषको आन्तरिक नियन्त्रण प्रणालीलाई दिगो बनाउन लेखापरीक्षण गरिने क्षेत्र तथा शाखा, विभागको कारोवारको लेखापरीक्षण सम्पन्न गर्दा देखिएका कमी कमजोरीहरुमा स्वतन्त्र रुपमा सुझाव सहितको प्रतिवेदन लेखापरीक्षण समितिमा पेश गर्ने गरिएको छ । फलस्वरुप कोषको कारोबारको लेखाङ्कनमा यस वर्ष समेत सुधार आएको छ ।

कोषले जोखिम व्यवस्थापनको लागि आन्तरिक नियन्त्रण तथा सुपरिवेक्षण प्रणालीको स्थापना गरेको छ । कोषमा विभिन्न विभाग/शाखाहरुमा कार्यरत कर्मचारीहरुको तहगत कार्य विवरणको साथै कर्तव्य र अधिकार तोकिएको छ । आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको लागि कोषका विभिन्न विभाग तथा शाखा कार्यालयहरुले सम्पादन गर्ने कामको अनुगमन तथा मूल्याङ्कनको मापदण्ड तथा कार्यविधि समेत व्यवस्था गरिएको छ । कोषको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन तथा कोषको कार्यलाई सहज, सरल तथा जोखिम रहित तुल्याउन विभिन्न नियमावली, नीति तथा कार्यविधिहरू तयार गरी कार्यान्वयनमा ल्याएको छ । यसको विस्तृत विवरण ***परिशिष्ठ-१*** मा समावेश गरिएको छ ।

# परिच्छेद - ३
# कोषको आन्तरिक तथा बाह्य पक्षको विश्लेषण

## ३.१ कोषको आन्तरिक वातावरण

कोषको विद्यमान कानूनी व्यवस्था, सेवा प्रवाहमा निरन्तर स्तरोन्नति हुँदै गएको प्रविधि प्रयोग कर्मचारीहरुमा विकास भईरहेको व्यवसायिकता, सामाजिक सुरक्षा व्यवस्थापनसम्बन्धी अनुभव र निरन्तर वृद्धि भइरहेको आर्थिक स्रोतका कारण सामाजिक सुरक्षाका थप कार्यक्रमहरु लागू गर्न वा चालु रहेका कार्यक्रमहरुमा परिमार्जन गर्न सक्ने सम्भावना रहेको छ । कोष भित्र नियमित रुपमा नयाँ पुस्ताका कर्मचारीको प्रवेशले व्यवस्थापकीय कौशलको विकासको सम्भावना बढाएको छ । कोषका कृयाकलापहरुलाई नियमित, पारदर्शी एवम्  प्रभावकारी बनाउन आन्तरिक नियम, निर्देशिका र कार्यविधिहरु कार्यान्वयन गरिएको छ ।

देशको अग्रणी सामाजिक सुरक्षण संस्थाको रुपमा स्थापित हुन कोषले नेपाल सरकार अर्थ मन्त्रालय, सम्बन्धित अन्य सरकारी निकाय, रोजगारदाता, श्रम संगठनहरु एवम् नीति निर्मातासँग पर्याप्त सहकार्य गर्नुपर्ने आवश्यकता रहेको छ । स्थानीय स्तरमा सेवा प्रवाह गर्न संघीय संरचना अनुरुप कोषले रुपान्तरित हुँदै जानु पर्ने, प्रविधिको प्रयोग मार्फत Virtual Service लाई बढावा दिदै जानु पर्ने तथा सामाजिक सुरक्षाको संस्थागत विकास तथा सञ्चयकर्ताको अपेक्षा अनुरुपका योजना सञ्चालनका लागि थप प्रयास गर्न आवश्यक देखिएको छ ।

## ३.२ कोषको बाह्य वातावरण

आर्थिक मन्दिका कारण शिथिल रहेको विश्व अर्थतन्त्र पछिल्ला वर्षहरुमा क्रमश: सुधारोन्मुख एवम् गतिशील हुँदै गएको थियो । तर, सन् २०१९ डिसेम्बरको अत्यमा चीनको वुहान शहरबाट शुरु भएको नोवल कोरोना भाईरस (कोभिड-१९) ले महामारीको रुप लिदै विश्वका लाखौं जनसंख्यालाई संक्रमित गर्दै ३ लाखभन्दा बढी जनसंख्याको ज्यान लिईसकेको र सो क्रम अझ बढ्दै गएको वर्तमान् परिप्रेक्ष्यमा सो महामारी विरुद्धको लडाईमा विश्वको आधिकांश लुलुकहरु लकडाउनमा जाँदा सन् २०२० मा विश्वको अर्थतन्त्र कमजोर हुने निश्चित छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) ले सन् २०२० को अप्रिलमा प्रकाशन गरेको विश्वको आर्थिक परिदृश्य (World Economic Outlook) का अनुसार सन् २०१८ मा ३.६ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०१९ मा २.९ प्रतिशतले वृद्धि हुने तथा सन् २०२० मा ३ प्रतिशतले घट्ने अनुमान गरेको छ । सन् २०१९ मा चीन तथा भारतको आर्थिक वृद्धिदर ५.५ प्रतिशत रहेकोमा सन् २०२० मा सो दर १ प्रतिशतमा सीमित रहने प्रक्षेपण गरिएको छ । नेपाल लगायत एसियाका उदाउदै गरेको विकासशील अर्थतन्त्रहरुको आर्थिक वृद्धिदर सन् २०१९ मा ६.३ प्रतिशत रहेकोमा सन् २०२० मा १.२ प्रतिशतमा सीमित रहने प्रक्षेपण छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०१८ मा दक्षिण एशियाका मुलुकहरुमध्ये श्रीलंका, बंगलादेश र मालदिभ्सको आर्थिक वृद्धिदर अघिल्लो वर्षको तुलनामा बढेकोमा सन् २०१९ मा भारत, श्रीलंका र नेपालबाहेक अन्य सवै मुलुकहरुको आर्थिक वृद्धिदर घट्ने प्रक्षेपण गरिएको थियो ।

विगत एक दशकको नेपालको आर्थिक वृद्धिदर ४.६२ प्रतिशत रहेता पनि आर्थिक वर्ष २०७५/७६ मा ६.८१ प्रतिशत पुग्ने अनुमान गरिएको थियो । पछिल्लो समय आपूर्ति प्रणालीमा आएको सुधार, उर्जाको उपलव्धता एवम् व्यापार क्षेत्रको विस्तार र निर्माण कार्यको गतिले आर्थिक वृद्धिमा सकारात्मक सुधार आएको देखिन्छ । नेपालको अर्थतन्त्रमा संरचनात्मक परिवर्तन हुँदै गएको छ । कुल गार्हस्थ्य उत्पादनमा कृषि र उपभोग क्षेत्रको योगदान घटदै गएको छ भने सेवा क्षेत्रको योगदान बढ्दो छ । औद्योगिक वर्गीकरण अनुसारको कुल

गार्हस्थ्य उत्पादनलाई २ भागमा वर्गिकरण गर्दा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान घटदै गएको छ भने गैर कृषि क्षेत्रको योगदान बढ्दै गएको छ । कोभिड-१९ को महामारी रोक्न अन्य देशसँगै नेपालले गरेको लकडाउनको कारणले नेपालको अर्थतन्त्रमा समेत नकारात्मक असर परी आ.व. २०७६/७७ को कुल गार्हस्थ्य उत्पादन करिब २.३ प्रतिशतको हाराहारीमा सीमित रहने प्रारम्भिक अनुमान छ ।

आर्थिक वर्ष २०७४/७५ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचतको अनुपात १७.८१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा वृद्धि भई १८.१ प्रतिशत पुग्ने अनुमान छ । आर्थिक वर्ष २०७५/७६ मा कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय बचतको अनुपात ४६ प्रतिशत रहने अनुमान छ, यस्तो अनुपात गत वर्षमा ४७.०९ प्रतिशत रहेको थियो । यद्यपि विगत १० वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत अनुपातको औसत १२.३९ प्रतिशत र कुल राष्ट्रिय बचत अनुपात औसत ४२.९ प्रतिशत रहेको छ ।

बैंकिङ्ग सेवाको विस्तारसँगै वित्तीय सेवामा जनताको पहुँच वृद्धि हुदै गएको छ । बैंक तथा वित्तीय संस्थाको कुल शाखाको संख्यामा वृद्धि हुँदै गएता पनि निक्षेप वृद्धिको तुलनामा कर्जाको विस्तार उच्च रहेकाले बैंक तथा वित्तीय संस्थाको लगानीयोग्य पूँजीमा विगत २ - ३ वर्षदेखि चाप परेकोछ । कोभिड-१९ को कारणले अर्थतन्त्र चलायमान रहन नसकी कर्जाको मागमा कमी आउने तथा वैदेशिक रोजगारीमा गएका नेपालीहरुले पठाउने विप्रेषण आप्रवाहमा कमी आएसँगै अल्पकालमा ब्याजदरमा कम्तीमा २ प्रतिशतभन्दा बढी विन्दुले कमी आएकोमा थप ब्याजदरमा कमी ल्याउन निजी क्षेत्रको माग रहेकोले आगामी आर्थिक वर्षमा ब्याजदरमा वृद्धि हुनसक्ने सम्भावना देखिदैन । आर्थिक वर्ष २०७६/७७ को प्रथम ९ महिनामा निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ११.८ प्रतिशतले वृद्धि भई रु. ३२ खर्व ५५ अर्व ८२ करोड पुगेको छ भने बैंक तथा वित्तीय संस्थाको निक्षेप उक्त अवधिमा ९.२ प्रतिशतले मात्र वृद्धि भई रु. ३६ खर्व ६३ अर्व ५७ करोड पुगेको छ । २०७६ चैत्र महिनामा बैंकहरुले प्रदान गर्ने भारित औसत ब्याजदर ६.६७ र कर्जामा लिने भारित औसत व्याजदर १२.२८ प्रतिशत कायम भएको देखिन्छ । जस अनुसार कर्जा र निक्षेपको भारित औसत व्याजदर अन्तर ५.६१ प्रतिशत रहेको छ ।

मुलुकलाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा रुपान्तरण गर्न आर्थिक वृद्धिदर उच्च तथा दिगो हुनु आवश्यक छ । मुलुकमा भएको उर्जा विकास, राजनैतिक स्थिरता तथा बैदेशिक लगानी बढ्ने अवस्थाका कारण देशको उद्योग, व्यापार, पर्यटन व्यवसायका साथै बैंक तथा वित्तीय क्षेत्रवाट प्रवाह हुने कर्जा तथा लगानीमा समेत वृद्धि हुने सम्भावना देखिएको छ । आर्थिक वर्ष २०७५/७६ मा विदेशी लगानीको मात्रा रु. १३ अर्ब ७ करोड रहन गयो जबकी अघिल्लो आर्थिक वर्षमा यस्तो मात्रा रु १७ अर्ब ५१ करोड रहेको थियो । आ.व. २०७६/७७ मा विदेशी लगानीको प्रतिवद्धतामा वृद्धि आई आगामी दिनमा देशको उत्पादन र रोजगारी दुवैमा वृद्धि हुने संकेत देखिएको थियो जसको वास्तविक लगानीको मात्रामा कोभिड-१९ ले प्रभाव पार्ने देखिएको छ । यद्यपि आ.व. २०७६/७७ को प्रथम ९ महिनासम्ममा उद्योग विभागबाट रु २९ अर्ब ६७ करोड र लगानी बोर्डबाट रु १ खर्ब ५५ करोडको वैदेशिक लगानी स्वीकृत भईसकेको छ । देशको राष्ट्रिय अर्थतन्त्रमा देखिएका उल्लिखित परिदृश्यवाट कोषको कारोबारमा समेत प्रभाव पर्ने देखिएको छ । देशको अर्थतन्त्रमा देखापर्ने सकारात्मक परिवर्तनवाट कोष जस्ता संस्थाको दीर्घकालीन बचत परिचालनमा थप अवसरहरु सिर्जना हुने अवस्था रहन्छ ।

कोषले आर्थिक वर्ष २०७५/७६ मा सञ्चयकर्ताको मासिक बचतका रुपमा सङ्कलन गरेकोरु.३२ अर्ब ८५ करोड रकम देशका विभिन्न बैंक तथा वित्तीय संस्थाहरुले सङ्कलन गरेको वार्षिक निक्षेप रकमको

करिव १२ प्रतिशत रहेको छ । यसवाट देशको वित्तीय स्रोत सङ्कलनमा कोषको भूमिका महत्वपूर्ण देखिएको छ। आर्थिक वर्ष २०७५/७६ मा कोषको कुल स्रोत रु ३ खर्ब ४२ अर्ब र कुल कर्जा तथा लगानी रु. ३ खर्ब ३५ अर्ब रहेको छ। कोषको उक्त कुल स्रोत र कर्जा देशको बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेप परिचालन र कुल प्रवाहित कर्जाको क्रमश: ९.४६ र १०.४३ प्रतिशत रहेको छ । कोषको कुल स्रोतलाई मुलुकको अर्थतन्त्रको आकार र वित्तीय संरचनामा रहेको सम्पत्तिको मात्रासँग तुलना गर्दा क्रमश: करिब ९.८८ र ५.३८ प्रतिशत रहेको छ। विगत ५ वर्षको कोषको कुल स्रोत/सम्पत्ति मुलुकको अर्थतन्त्रको आकार र वित्तीय संरचनामा रहेको सम्पत्तिको मात्रासँगको तुलना तथा मुलुकको आ.व. २०७५/७६ को वित्तीय संरचना देहाय बमोजिम रहेको छ।

तालिका नं.३.२

| आर्थिक वर्ष | कोषको कुल सम्पत्ति रु करोडमा | वित्तीय प्रणालीको कुल सम्पत्ति रु करोडमा | कुल ग्राहस्थ उत्पादन रु करोडमा | वित्तीय प्रणालीको कुल सम्पत्तिमा कोषको सम्पत्ति प्रतिशतमा | कुल ग्राहस्थ उत्पादनमा कोषको सम्पत्ति प्रतिशतमा |
|---|---|---|---|---|---|
| २०७१/७२ | १९,४४४ | ३४४,३२४ | २१३,०२० | ५.६५ | ९.१३ |
| २०७२/७३ | २४,४८६ | ४१५,७६९ | २२५,३१६ | ५.८९ | १०.८७ |
| २०७३/७४ | २७,५०३ | ४७०,८२८ | २६७,४४९ | ५.८४ | १०.२८ |
| २०७४/७५ | ३१,२०१ | ५६०,१४४ | ३०३,१०३ | ५.५७ | १०.२९ |
| २०७५/७६ | ३४,२४० | ६३६,५७६ | ३४६,४३२ | ५.३८ | ९.८८ |

स्रोत: नेपाल राष्ट्र बैंक वार्षिक प्रतिवेदनहरु




मुलुकको वित्तीय बजारमा समय समयमा देखिएका उतार चढाव, सानो आकारको पूँजी बजार, लगानीमैत्री वातावरणको कमि कारण कोषको दीर्घकालीन वित्तीय स्रोतको प्रभावकारी व्यवस्थापन गरी सञ्चयकर्तालाई उचित प्रतिफल दिने विषय विगतमा निकै चुनौतिपूर्ण रह्यो । यसको परिणाम स्वरुप सहजरुपमा प्रवाह हुने सञ्चयकर्ता सापटीको अंश बढ्दै गयो । पूँजी बजारका उपकरणहरु लगायत उत्पादनशील एवम् पूर्वाधार विकासको क्षेत्रमा लगानी विस्तार गर्ने कार्यमा भने सन्तोषजनक प्रगति हुन सकेन ।

चुक्ता पूँजीको वृद्धिसँगै बैंक तथा वित्तीय संस्थाहरुको लगानी गर्ने क्षमता वृद्धि भएको, पूर्वाधार विकास बैंक स्थापना भई सञ्चालनमा रहेका तथा अन्य संस्थागत लगानीकर्ताहरुको समेत लगानी गर्ने क्षमता बृद्धि हुँदै गएको छ । देशको संघीय संरचना अनुरुपका तीनवटै तहको निर्वाचन सम्पन्न भई विगत दुई दशक लामो राजनीतिक संक्रमणको समाप्तिसँगै आर्थिक समृद्धितर्फ उन्मुख भईरहेको र नेपाललाई अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति गर्न र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरु हासिल गर्न ठूलो परिमाणमा वित्तीय स्रोतसाधनको आवश्यकता पर्ने भएकाले भविष्यमा दीर्घकालीन बचतको प्रवर्द्धन र लगानीका अवसरहरु बृद्धि हुने सम्भावना रहेको छ ।

नेपाल सरकाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम निजी तथा अनौपचारिक क्षेत्रमा कार्यरत कामदार तथा कर्मचारीहरुको लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सामाजिक सुरक्षा कोष मार्फत सञ्चालन गर्ने गरी २०७६ श्रावण महिनादेखि अनिवार्य गरेकाले सोही मितिदेखि कोषले निजी क्षेत्रका सञ्चयकर्तालाई आवद्ध गर्ने प्रक्रिया बन्द गरेको छ । यसले कोषको कार्यक्षेत्र सार्वजनिक क्षेत्रतर्फ सीमित हुन गई दीर्घकालीन स्रोत परिचालनमा असर गरेको छ । तथापि नेपाल सरकारले निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम २०७६ साउन १ गतेदेखि नियुक्त हुने राष्ट्रसेवक कर्मचारीका लागि योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गरी कोषलाई उक्त योजना सञ्चालनको जिम्मेवारी प्रदान गरेको छ । कोषले उक्त प्रणाली कार्यान्वयन गर्न शुरु गरिसकेकाले स्रोत परिचालनमा थप सहयोग पुग्ने देखिन्छ ।

### ३.३. कोषको सवल पक्ष, दुर्वल पक्ष एवम् अवसर र चुनौतीको विश्लेषण

कोषको भावी रणनीति, दीर्घकालीन लक्ष्य, अवकाश कोष तथा सामाजिक सुरक्षाको व्यवस्थापन सम्बन्धी नेपाल सरकारका मौजुदा नीतिगत व्यवस्था, कोषको वर्तमान व्यावसायिक, वित्तीय एवम् सांगठनिक अवस्था, एवम् आन्तरिक तथा बाह्य वातावरण समेतको आधारमा कोषका सवल पक्ष, दुर्वल पक्ष एवम् अवसर र चुनौतीलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ :

## (क) सवल पक्ष(Strength)

### सवल पक्ष

- कोषको दायरा र कार्यक्षेत्रमा व्यापक सुधार,
- कानूनबाट कोषको स्रोतको निरन्तरताको प्रत्याभूतिका कारण प्रत्येक वर्षस्रोतमा बृद्धिको सुनिश्चितता,
- कानूनले सञ्चित कोष रकममा सुरक्षाको प्रत्याभूति,
- अवकाश कोषको रुपमा कोषको आयमा आयकर नलाग्ने व्यवस्था,
- आवास परियोजनाको लागि जग्गाको हदबन्दी नलाग्ने सुनिश्चितता,
- सामाजिक सुरक्षाका क्षेत्रमा अन्तर्राष्ट्रिय सम्बन्ध तथा सहकार्य,
- आधुनिक सूचना प्रविधिको प्रभावकारी उपयोगको संरचना,
- कोषरहित दायित्व (Non Funded Liabilities) नरहेको,
- मितव्ययी कार्य प्रणाली र छरितो संगठन,
- नियमित रुपमा लेखापरीक्षण सम्पन्न तथा वित्तीय अनुशासन र जवाफदेहिता कायम,
- संघीय संरचना अनुरुप कार्यालय सञ्चालन,
- समान प्रकृतिका अन्य निकायहरुले प्रदान गर्ने सुविधा तथा प्रतिफल दर भन्दा कोषले सञ्चयकर्तालाई प्रदान गरेको सुविधा तथा प्रतिफल दर उच्च रहेको,
- नेपाल सरकारले लागू गरेको योगदानमा आधारित निवृत्तभरण योजना कार्यान्वयनको लागि कोषलाई जिम्मेवारी प्रदान भई कोषले कार्य सञ्चालन गरिसकेको ।

### माध्यम

- सम्भावित दायरा विस्तारका लागि नयाँ योजना सञ्चालन,
- प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, स्पष्ट नीति, निर्देशिका, कार्य प्रक्रियाको सुनिश्चितता,
- अन्तर्राष्ट्रिय स्तरका प्रचलित मार्गदर्शनको पालना
- सुरक्षा र प्रतिफलको प्रत्याभूति गर्दै नेपाल सरकारको सहयोगमा राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनामा दीर्घकालीन पूँजी परिचालन
- दिगो सामाजिक सुरक्षा योजना सञ्चालन,
- निरन्तर सञ्चयकर्ताको उच्च सुविधा तथा प्रतिफल कायम,
- निवृत्तभरण योजनाको कुशल व्यवस्थापन,

### परिदृश्य

- दायरा तथा कार्यक्षेत्र विस्तार,
- नयाँ योजना सञ्चालन,
- कुल स्रोतमा निरन्तर वृद्धि,
- दीर्घकालीन तथा राष्ट्रिय महत्वका परियोजनामा स्रोतको उपयोग,
- अन्तर्राष्ट्रिय प्रचलन अनुरुप प्रभावकारी सेवा प्रवाह तथा स्रोत परिचालन,
- स्वस्थ तथा प्रविधि मैत्री वित्तीय संस्था,
- उच्च सेवा सुविधा तथा प्रतिफलको निरन्तर व्यवस्था,
- निवृत्तभरण योजना व्यवस्थापनको स्थायी जिम्मेवारी,

## (ख) दुर्वल पक्ष(Weaknesses)

| दुर्वल पक्ष | माध्यम | परिदृश्य |
| --- | --- | --- |
| • सेवा प्रवाहमा प्रविधिको उच्चतम उपयोग हुन नसक्नु,<br>• कर्मचारीमा व्यवसायिक एवम् प्राविधिक ज्ञान र व्यवस्थापकीय सीपको अपर्याप्तता तथा विशिष्टीकृत सेवाहरुमा विशिष्टीकृत कर्मचारी रहने व्यवस्थाको अभाव,<br>• कर्मचारीको सुविधालाई कार्य सम्पादन र कोषको मुनाफासँग आवद्ध गर्न नसक्नु,<br>• सञ्चयकर्ताको अपेक्षा अनुरुप सेवाको गुणस्तरीयता कायम गर्नकठिनाई, कोषको सेवा सुविधामा समान पहुँच कायम गर्न नसकिएको,<br>• सञ्चयकर्ता सापटीको मात्रा बढ्दै गएकोले जोखिम वृद्धि हुदैं गएको,<br>• कोषको स्वामित्वमा रहेका भवन तथा जग्गाहरुको व्यावसायिक उपयोग गर्न नसकिएको,<br>• कमजोर सूचना तथा अनुगमन प्रणाली,<br>• उद्देश्य अनुरुप क्षेत्रहरुमा लगानी प्रवाह गर्न नसकिएको । | • कोषका विद्यमान नीति, ऐन तथा कानून निर्माण तथ संशोधन<br>• सञ्चयकर्ता मैत्री सेवा प्रवाह प्रक्रियाको व्यवस्था,<br>• आधुनिक बैकिङ्ग प्रणाली र सूचना प्रविधिको उच्चतम प्रयोग,<br>• मानवस्रोत व्यवस्थापन नीति तथा योजना कार्यान्वयन,<br>• जोखिम व्यवस्थापन/न्यूनीकरण का लागि संयन्त्रको प्रभावकारी परिचालन,<br>• सामाजिक सुरक्षा योजनाको अध्ययन, अनुसन्धान मार्फत योजना विकास<br>• जग्गा तथा भवन उपयोग नीति कार्यान्वयन,<br>• कुल लगानी र सञ्चयकर्ता सापटीको सीमा कायम, | • नीति तथा कानून निर्माण तथा परिमार्जन,<br>• कर्मचारीको उत्पादकत्वमा वृद्धि<br>• सेवाको गुणस्तरमा वृद्धि तथा प्रविधिमा आधारित सेवा प्रवाह,<br>• निर्णय प्रक्रियामा प्रभावकारिता,<br>• सञ्चयकर्तालाई अधिकतम सन्तुष्टि प्रदान,<br>• नियन्त्रित जोखिम प्रणाली, |

## (ग) अवसर(Opportunities)

### अवसर

- संघीय संरचना अनुरुप मुलुकको आर्थिक तथा पूर्वाधार विकासका लागि ठूलो परिमाणको आन्तरिक वित्तीय स्रोतको माग हुने सम्भावना रहेको,
- सामाजिक सुरक्षाको क्षेत्रमा आएको विकास एवम् विस्तार अनुरुप कोषलाई क्रमशः मुलुकको सार्वजनिक क्षेत्रमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको एकीकृत सामाजिक सुरक्षा संस्थाको रुपमा विकास गर्न सकिने,
- वित्तीय बजारमा कोषले नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने तथा पूँजी बजारको विकासमा सकारात्मक योगदान दिन सक्ने,
- पूर्वाधार विकास एवम् जलविद्युतसँग सम्वन्धित थप परियोजनाहरुका साथै तीनवटै तहका सरकार तथा अन्य संस्थागत लगानीकर्ताको सहकार्यमा उचित परियोजनाहरुमा कोषको स्रोत परिचालन गर्न सकिने सम्भावना रहेको,
- निवृत्तभरण कोष समेतबाट संकलित स्रोत मार्फत दीर्घकालीन आयोजना सञ्चालनको लागि अघि बढ्न सकिने आधार रहेको ।

### माध्यम

- कोषका विद्यमान  नीति, ऐन तथा कानून निर्माण,संशोधन तथा एकीकरण,
- विभिन्न योजनाका लागि अल्पकालीन तथा दीर्घकालीन योजनाको तयारी तथा कार्यान्वयन,
- वित्तीय तथा पूँजी बजारको क्षेत्रमा थप लगानी,
- जोखिम न्यूनीकरण उपायहरुको अवलम्वन
- स्रोत परिचालनमा तीनै तहका सरकार, लगानी बोर्ड तथा अन्य संस्थागत लगानीकर्ता सँग समन्वय,
- अन्तर्राष्ट्रिय स्तरका प्रचलित मार्गदर्शनको पालना,

### परिदृश्य

- विभिन्न योजना विकास तथा कार्यक्रम सञ्चालन,
- तीनै तहका सरकार तथा अन्य निकायसँग दिगो सम्वन्ध विकास,
- दीर्घकालीन तथा राष्ट्रिय महत्वका परियोजनामा स्रोतको उपयोग,
- पूँजी बजारको क्षेत्रमा कोषको बलियो उपस्थिति,
- आवश्यक नीति तथा कानून निर्माण तथा परिमार्जन,
- वित्तीय तथा सार्वजनिक क्षेत्रका कर्मचारीको सामाजिक सुरक्षाका क्षेत्रमा नेतृत्वदायी संस्थाका रुपमा स्थापना,

## (घ) चुनौति(Threats)

### चुनौति

- अन्य सामाजिक सुरक्षा योजना कार्यान्वयनका लागि विभिन्न निकायको स्थापनाका कारण प्रतिस्पर्धात्मक सक्षमता कायम राख्न कोषको संस्थागत क्षमताको विकास गर्नु,
- लगानी मैत्री वातावरणको अभाव हुनु,
- व्याजदरको अस्थिरता र उच्च मुद्रास्फीति दर कायम रहेका कारण सकारात्मक प्रतिफल कायम गर्नु,
- आर्थिक बृद्धिका साथ साथै मध्यमस्तरका व्यक्तिहरुको संख्या तथा खर्च गर्न सक्ने सामर्थ्य बढ्दै जाने हुँदा मुद्रास्फीतिदर उच्च रहने भएकाले सकारात्मक प्रतिफल कायम गर्नु,
- कोषको कुल लगानीको ७५ प्रतिशत भन्दा बढी रकम अनुत्पादनशील क्षेत्रमा प्रवाह भइरहेको सर्न्दभमा दीर्घकालीन तथा राष्ट्रिय महत्वका परियोजनामा राष्ट्रिय नीतिको अभावमा स्रोत परिचालन गर्नु,

### माध्यम

- सञ्चयकर्तालाई उचित प्रतिफल र गुणस्तरीय सेवा प्रवाह र नयाँ योजना कार्यान्वयन,
- गुनासा व्यवस्थापनका लागि उचित संयन्त्रको निर्माण र कार्यन्वयन,
- सरकारी नियमनकारी सयन्त्र निर्माणमा सहयोग,
- कोषलाई सार्वजनिक क्षेत्रका कर्मचारीको एकीकृत सामाजिक सुरक्षण संस्थाको रुपमा स्थापित गर्ने,
- कोषको स्रोतलाई मुलुकको पूर्वाधार विकास तथा पूँजी बजारको विकासमा परिचालन,

### परिदृश्य

- प्रतिफल तथा सेवा प्रवाहका आधारमा सञ्चयकर्तालाई निरन्तर उच्च सन्तुष्टि प्रदान,
- कोषको व्याजदर मुद्रास्फीति दर भन्दा निरन्तर बढी
- कोष सार्वजनिक क्षेत्रको एकीकृत सामाजिक सुरक्षण संस्था,
- कोष मुलुकको दीर्घकालीन पूँजीको बलियो आपुर्तीकर्ता,

# परिच्छेद – ४
# कोषको मुख्य कारोवार

## ४.१ सञ्चयकर्ताको आवद्धता

कोषमा आ.व. २०७५/७६ सम्ममा विभिन्न क्षेत्रबाट करिव ६ लाख २७ हजार सञ्चयकर्ता कर्मचारी आवद्ध रहेका छन् । यस्तो संख्या गत वर्ष करिव ६ लाख रहेको थियो । यसरी सञ्चयकर्ता संख्यामा औसत करिव४.५ प्रतिशतले वृद्धि भएको देखिन्छ । कुल सञ्चयकर्ता मध्ये निजामती तर्फ १७.२२ प्रतिशत, नेपाली सेनातर्फ १५.४७ प्रतिशत, नेपाल प्रहरी र सशस्त्र प्रहरीतर्फ १६.९१ प्रतिशत, सार्वजनिक संस्थान र संगठित क्षेत्रतर्फ ३४.७७ प्रतिशत र सामुदायिक तथा संस्थागत विद्यालयतर्फ १५.६३ प्रतिशत सञ्चयकर्ता रहेका छन् ।




## ४.२ सञ्चयकर्ता वृद्धिको प्रवृत्ति

आर्थिक वर्ष २०७५/७६ मा कोषमा सञ्चयकर्ताको संख्या ६ लाख २७ हजार पुगेको छ । गत वर्ष यो संख्या करिव ६ लाख रहेको थियो । विगत पाँच वर्षको तथ्याङ्कका आधारमा सञ्चयकर्ताको औसत वार्षिक वृद्धिदर ५.०८ प्रतिशत रहेकोछ ।

कोषको विगत पाँच वर्षको सञ्चयकर्ता संख्या र वृद्धि प्रतिशत देहाय अनुरुप रहेको छ :

तालिका नं.४.२

| आर्थिक वर्ष | सङ्ख्या (हजारमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७१/७२ | ५०० | २.०४ |
| २०७२/७३ | ५२५ | ५.०० |
| २०७३/७४ | ५५० | ४.७६ |
| २०७४/७५ | ६०० | ९.०९ |
| २०७५/७६ | ६२७ | ४.५० |




## ४.३ सञ्चयकोष रकम वृद्धिको अवस्था

आर्थिक वर्ष २०७५/७६ मा कोषमा सञ्चयकर्ताको कुल रकम रु.३०९ अर्ब ८४ करोड ८४ लाख रहेको छ । विगत पाँच वर्षको तथ्याङ्कका आधारमा कुल कोष रकममा औसत वार्षिक वृद्धि रु.२९ अर्ब २६ करोड (१३.६४ प्रतिशत) रहेको देखिन्छ । कोषको विगत ५ वर्षको सञ्चयकर्ताको कोष रकम, वृद्धि रकम तथा प्रतिशत देहाय अनुरुप रहेको छ :

तालिका नं.४.३

| आर्थिक वर्ष | कुल सञ्चय कोष रकम (रु.करोडमा) | वृद्धि रकम (रु.करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७१/७२ | १८,७५६.५३ | २,४०१.६७ | १४.६८ |
| २०७२/७३ | २१,७६०.५८ | ३,००४.०५ | १६.०२ |
| २०७३/७४ | २४,६५३.४४ | २,८९२.८६ | १३.२९ |
| २०७४/७५ | २७,८७५.३० | ३,२२१.८६ | १३.०७ |
| २०७५/७६ | ३०,९८४.८४ | ३,१०९.५३ | ११.१६ |




## ४.४ वार्षिक सञ्चय कोष योगदानको अवस्था

आर्थिक वर्ष २०७५/७६ मा सञ्चयकर्ता कार्यालयबाट सञ्चयकोष वापत कट्टी भई सञ्चय कोषमा जम्मा भएको रकम रु. ३२ अर्ब ८४ करोड ५४ लाख रहेको छ । कोष योगदानको रकम कुनै आर्थिक वर्षमा बढी दरमा वृद्धि भएको छ भने कुनै आर्थिक वर्षमा कम दरले बढेको देखिन्छ । विगत पाँच वर्षको तथ्याङ्का आधारमा सञ्चय कोषको औसत वार्षिक योगदान रु २६ अर्ब ४९ करोड ५१ लाख र औसत वार्षिक योगदान वृद्धिदर १३.०३ प्रतिशत रहेको छ । कोषको विगत पाँच वर्षको योगदान रकम र सोको वृद्धिदर देहाय अनुरुप रहेको छ :

**तालिका नं.४.४**

| आर्थिक वर्ष | कोष योगदान रकम (रु.करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७१/७२ | २,०३१.८८ | १२.९८ |
| २०७२/७३ | २,१८८.७९ | ७.७२ |
| २०७३/७४ | २,७७७.११ | २६.८८ |
| २०७४/७५ | २,९६५.२१ | ६.७७ |
| २०७५/७६ | ३,२८४.५४ | १०.७७ |



## ४.५ वार्षिक सञ्चय कोष फिर्ता भुक्तानीको अवस्था

आर्थिक वर्ष २०७५/७६ मा कोषवाट सञ्चयकर्तालाई रु. २६ अर्ब ४ करोड ३१ लाख फिर्ता भुक्तानी गरिएको छ । विगत पाँच वर्षको तथ्याङ्कका आधारमा कोष रकम फिर्ता भुक्तानी औसत वार्षिक रु. १३ अर्ब ७५ करोड ३० लाख र कोष फिर्ता भुक्तानी रकममा औसत वार्षिक वृद्धिदर ४९.४६ प्रतिशत रहेको देखिन्छ । कोषको विगत ५ वर्षको सञ्चयकर्ताको कोष रकम फिर्ता भुक्तानी तथा सोको वृद्धिदर देहाय अनुरुप रहेको छ :

**तालिका नं.४.५**

| आर्थिक वर्ष | कोष फिर्ता भुक्तानी रकम (रु.करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७१/७२ | ९८३.३६ | ३०.३९ |
| २०७२/७३ | १,११४.५९ | १३.३५ |
| २०७३/७४ | १,३६४.९४ | २२.४६ |
| २०७४/७५ | ८०९.३२ | (४०.७१) |
| २०७५/७६ | २,६०४.३१ | २२१.७९ |



# परिच्छेद – ५
# सञ्चयकर्तालाई प्रदान गरिएको सेवा तथा सुविधाहरू

## ५.१ वित्तीय प्रतिफल

कोषले सञ्चयकर्ताको सञ्चित रकममा वार्षिक रुपमा निश्चित दरले ब्याज र मुनाफा उपलब्ध गराउँदै आएको छ । साथै, कोषले सञ्चयकर्ताका लागि विविध प्रकारका सापटी सुविधाहरु समेत उपलब्ध गराउदै आएको छ। कोषले उपलब्ध गराएको ब्याज, मुनाफा र सापटी सुविधाको संक्षिप्त विवरण देहाय अनुरुप रहेको छ :

### ५.१.१ ब्याजदरको अवस्था

कोषले सञ्चयकर्ताको सञ्चित रकममा वार्षिक रुपमा ब्याज प्रदान गर्ने गरेको छ। यस्तो ब्याजदर कर्मचारी सञ्चय कोष ऐन (संशोधन सहित), २०१९ बमोजिम कोषको कुल मौज्दात, लगानी, आम्दानी तथा सञ्चालन खर्चको विश्लेषणको आधारमा प्रत्येक वर्ष पुनरावलोकन गर्ने गरिएको छ। विगत पाँच वर्षमा प्रदान गरेको ब्याज दर देहाय अनुरुप रहेको छ :

**तालिका नं.५.१.१**

| आर्थिक वर्ष | ब्याज दर (प्रतिशतमा) |
|---|---|
| २०७१/७२ | ७.५० |
| २०७२/७३ | ६.७५ |
| २०७३/७४ | ६.७५ |
| २०७४/७५ | ८.०० |
| २०७५/७६ | ८.२५ |




### ५.१.२ मुनाफा वितरणको अवस्था

कोषले आर्जन गरेको वार्षिक मुनाफाको रकमबाट अन्य कोषहरुमा आवश्यक रकम छुट्याई बाँकी रहेको रकमबाट सञ्चयकर्ताको कोष कट्टी खातामा जम्मा हुने गरी सञ्चयकर्तालाई मुनाफा वितरण गर्ने गरिएको छ । कोषले विगत पाँच वर्षमा सञ्चयकर्तालाई प्रदान गरेको मुनाफाको विवरण देहाय अनुरुप रहेको छ :

**तालिका नं.५.१.२**

| आर्थिक वर्ष | मुनाफा दर (प्रतिशतमा) | मुनाफा रकम (रु. करोडमा) |
|---|---|---|
| २०७१/७२ | ०.८५ | १३६.४७ |
| २०७२/७३ | ०.६५ | १२७.९९ |
| २०७३/७४ | ०.७५ | १५०.३२ |
| २०७४/७५ | १.१० | २७५.८५ |
| २०७५/७६ | १.१५ | ३११.२४ |




### ५.१.३. कोषबाट प्रदान गरिएको कुल प्रतिफलको तुलनात्मक विवरण

कोषले विगत पाँच वर्षमा प्रदान गरेको कुल प्रतिफल दरलाई मुलुकको मुद्रास्फीतिसँग तुलना गर्दा देहाय अनुरुप रहेको देखिएको छ :

**तालिका नं.५.१.३**

| आर्थिक वर्ष | ब्याज दर | मुनाफा दर | कुल प्रतिफल दर | मुद्रास्फीति दर | वास्तविक प्रतिफल दर |
|---|---|---|---|---|---|
| २०७१/७२ | ७.५० | ०.८५ | ८.३५ | ७.२० | १.१५ |
| २०७२/७३ | ६.७५ | ०.६५ | ७.४० | ९.९० | -२.५० |
| २०७३/७४ | ६.७५ | ०.७५ | ७.५० | ४.५० | ३.०० |
| २०७४/७५ | ८.०० | १.१० | ९.१० | ४.२० | ४.९० |
| २०७५/७६ | ८.२५ | १.१५ | ९.४० | ४.६० | ४.८० |

कोषले सञ्चयकर्तालाई विगत ५ वर्षमा औसत प्रतिफल ८.३५ प्रतिशत उपलब्ध गराउदै आएको र विगत ५ बर्षको औसत मुद्रास्फीति ६.०८ प्रतिशत रहेको छ । यसरी विगत ५ वर्षमा सञ्चयकर्ताको कोष रकममा औसत २.२७ प्रतिशतका दरले वास्तविक प्रतिफल प्रदान गर्न कोष सफल भएको छ ।

कोषले विगत ५ वर्षमा सञ्चयकर्तालाई प्रदान गरेको कुल प्रतिफल, मुद्रास्फीति र वास्तविक प्रतिफलको तुलनात्मक विवरण देहाय अनुरुप रहेको छ :




## ५.२ सापटी सुविधा

कोषले सञ्चयकर्ताको सेवाकालीन आवश्यकतालाई परिपूर्ति गर्ने उद्धेश्यले विभिन्न प्रकारका सापटी सुविधा उपलव्ध गराउदै आएको छ । सरल र सहज रुपमा उपलव्ध हुने सापटी सुविधाहरुवाट कोषको संकलित स्रोतलाई सञ्चयकर्ताको हितमा परिचालन गर्न समेत मद्दत पुगेको छ । यस्ता सापटी सुविधाहरु सञ्चयकर्ता घर निर्माण तथा मर्मत, आफू वा छोरा/छोरीको उच्च शिक्षामा लगानी गर्ने लगायत अन्य सामाजिक कार्यमा समेत प्रभावकारी भएका छन् । कोषले उपलव्ध गराउँदै आएको सापटीको आर्थिक वर्ष २०७५/७६ सम्मको स्थिति देहाय अनुरुप रहेको छ :




### ५.२.१ विशेष सापटी

सञ्चयकर्ताहरुलाई समय समयमा आइपर्ने वित्तीय आवश्यकतालाई दृष्टिगत गरी कोषबाट वि.सं.२०५७ साल देखि यो सापटी प्रदान गर्न शुरु गरिएको हो । यद्यपि सो भन्दा अगाडि वि.सं. २०५२ देखि आवास तथा सवारी साधन सापटीको रुपमा यस्तै प्रकारको सापटी प्रचलनमा रहेको थियो । दुई वर्ष नियमित कोषकट्टी गरेका सञ्चयकर्ताले सञ्चयकोष रकमको सुरक्षणमा जम्मा

भएको कोष रकमको ८० प्रतिशतसम्म रकम सापटीकोरुपमा उपयोग गर्न सक्ने व्यवस्था रहेको छ। यस्तो सापटी आ.व. २०७४/७५ सम्म जम्मा भएको कोष रकमको ९० प्रतिशतसम्म प्रदान गर्ने व्यवस्था थियो । सो कारणले गत वर्षभन्दा यस वर्ष यो सापटीको वृद्धिदर तुलनात्मक रुपमा कम रहेको छ । कोषले विगत ५ वर्षमा प्रदान गरेको सापटी रकम औसतमा १३.७६ प्रतिशतले वृद्धि भएको पाइन्छ। कोषबाट प्रवाह भएको विशेष सपाटीको विवरण देहाय अनुरुप रहेको छ :

**तालिका नं.५.२.१**

| आर्थिक वर्ष | विशेष सापटी रकम (रु.करोडमा) | वृद्धि दर प्रतिशतमा |
|---|---|---|
| २०७१/७२ | ८,७६०.११ | १५.९९ |
| २०७२/७३ | १०,१५०.५३ | १५.८७ |
| २०७३/७४ | ११,८५३.३६ | १६.७८ |
| २०७४/७५ | १३,६९९.०४ | १५.५७ |
| २०७५/७६ | १४,३३०.५२ | ४.६१ |




## ५.२.२ सञ्चयकर्ता घर सापटी

सामाजिक सुरक्षाको अवधारणा अनुरुप सञ्चयकर्ताको लागि आवासको व्यवस्थामा सहयोग गर्ने उद्देश्यले वि.सं. २०५७ साल मार्गदेखि घर सापटी प्रदान गर्न शुरु गरिएको हो । कम्तीमा १ बर्षसम्म नियमित सञ्चयकोष कट्टी गरेका सञ्चयकर्तालाई नयाँ घर निर्माण गर्न, भईरहेको घरमा तला थप गर्न, घर खरिद गर्न यो सापटी प्रदान गरिन्छ। निर्माण वा खरिद गरिने घर जग्गाको धितोमा प्रदान गरिने घर सापटीको अधिकतम सीमा रु. १ करोड छ । धितो मूल्याङ्कनबाट कायम भएको रकममा नबढ्ने गरी सञ्चयकर्ताको तलवमानको बढीमा १५ बर्ष बरावरको रकम सापटी दिने व्यवस्था रहेको छ । विगत ५ वर्षमा घर सापटी रकम औसतमा १७.३५ प्रतिशतले वृद्धि भएको पाईन्छ । यस सम्बन्धी विवरण देहाय अनुरुप रहेको छ :

**तालिका नं.५.२.२**

| आर्थिक वर्ष | घर सापटी रकम (रु.करोडमा) | वृद्धि दर प्रतिशतमा |
|---|---|---|
| २०७१/७२ | १,५७१.०० | २.४९ |
| २०७२/७३ | १,५७२.५६ | ०.१० |
| २०७३/७४ | २,०९९.९८ | ३३.५४ |
| २०७४/७५ | २,७४१.१३ | ३०.५३ |
| २०७५/७६ | ३,२९१.५५ | २०.०८ |




### ५.२.३ सञ्चयकर्ता शैक्षिक ऋण

सञ्चयकर्ता स्वयम् वा सञ्चयकर्ताको पति/पत्नी/छोरा/छोरीको उच्च शिक्षाको आवश्यकता परिपूर्तिका लागि सरल र सहज रुपमा सापटी सुविधा प्रदान गर्ने उद्देश्यले वि.सं.२०५८ साल मार्गदेखि सञ्चयकर्ता शैक्षिक सापटी प्रदान गर्न शुरु गरिएको हो । कम्तीमा १ बर्षसम्म नियमित सञ्चयकोष कट्टी गरेका र उमेर वा पदावधिको आधारमा २ बर्ष सेवा अवधि बाँकी भएका सञ्चयकर्ता वा सञ्चयकर्ताका पति/पत्नी/छोरा/छोरीलाई जुनसुकै विषयमा स्वदेश तथा विदेशमा उच्च शिक्षा अध्ययन गर्न यो सापटी प्रदान गरिन्छ । घर जग्गा वा कोष कट्टी रकमको धितोको आधारमा प्रदान गरिने यो सापटीको अधिकतम सीमा रु. २५ लाख रहेको छ । विगत ५ वर्षमा यो सापटी रकममा औसत ४.६५ प्रतिशतले वृद्धि भएको छ । सोको विवरण देहाय अनुरुप रहेको छ :

**तालिका नं.५.२.३**

| आर्थिक वर्ष | शैक्षिक ऋण रकम (रु.करोडमा) | वृद्धि दर प्रतिशतमा |
|---|---|---|
| २०७१/७२ | ५८.४३ | -५.४१ |
| २०७२/७३ | ५८.०९ | -०.५८ |
| २०७३/७४ | ६५.१९ | १२.२२ |
| २०७४/७५ | ७१.२२ | ९.२५ |
| २०७५/७६ | ७६.७४ | ७.७५ |




## ५.२.४ सञ्चयकर्ता सरलचक्र कर्जा

सञ्चयकर्ताको सामाजिक कार्य लगायतका भैपरी आउने आवश्यकता पूरा गर्ने उद्देश्यले वि.सं. २०६९ साल वैशाखदेखि सञ्चयकर्ता सरलचक्र कर्जा प्रदान गर्न शुरु गरिएको हो । कम्तीमा १ बर्षसम्म नियमित सञ्चयकोष कट्टी गरेका र उमेर वा पदावधिको आधारमा २ बर्ष सेवा अवधि बाँकी भएका सञ्चयकर्तालाई घर वा जग्गाको धितोमा बढीमा रु.३० लाखसम्म सरलचक्रकर्जा प्रदान गरिन्छ । विगत ५ वर्षमा यो सापटी रकममा औसत ४९.८९ प्रतिशतले वृद्धि भएको छ । सोको विवरण देहाय अनुरुप रहेको छ :

**तालिका नं.५.२.४**

| आर्थिक वर्ष | सरलचक्र कर्जा रकम (रु.करोडमा) | वृद्धि दर प्रतिशतमा |
|---|---|---|
| २०७१/७२ | ९१.५ | ३८.१८ |
| २०७२/७३ | १०४.५ | १४.२१ |
| २०७३/७४ | २०८.४२ | ९९.४४ |
| २०७४/७५ | ३३७.३२ | ६१.८५ |
| २०७५/७६ | ४५७.९३ | ३५.७६ |



### ५.२.५ सञ्चयकर्ता घर मर्मत सापटी

सामाजिक सुरक्षाको अवधारणा अनुरुप सञ्चयकर्ताको लागि वि.सं. २०७३ साल देखि घर मर्मत सापटी प्रदान गर्न शुरु गरिएको हो। कम्तीमा १ बर्षसम्म नियमित सञ्चयकोष कट्टी गरेका र उमेर वा पदावधिको आधारमा २ बर्ष सेवाअवधि बाँकी भएका सञ्चयकर्तालाई घर वा जग्गाको धितोमा बढीमा रु. २५ लाखसम्म घर मर्मत सापटी प्रदान गरिन्छ। यस शीर्षक अन्तर्गत आर्थिक बर्ष २०७५/७६ सम्ममा रु १ अर्ब ४४ करोड ५६ लाख सापटी प्रदान गरिएको छ जुन आ.व. २०७४/७५ भन्दा ४८.११ प्रतिशतले बढी रहेको छ।

**तालिका नं.५.२.५**

| आर्थिक वर्ष | घर मर्मत सापटी रकम (रु.करोडमा) | वृद्धि दर प्रतिशतमा |
|---|---|---|
| २०७३/७४ | ४४.०३ | |
| २०७४/७५ | ९७.६० | १२१.६७ |
| २०७५/७६ | १४४.५६ | ४८.११ |

### ५.२.६ कुल सञ्चयकर्ता सापटीको अवस्था

आर्थिक वर्ष २०७५/७६ मा सञ्चयकर्ता कर्मचारीहरुले कोषबाट प्रदान गरिएको सम्पूर्ण शीर्षकहरुमा रु. १८३ अर्ब २ करोड ६ लाख कर्जा तथा सापटी उपभोग गरेका छन्। विगत ५वर्षको तथ्याङ्कका आधारमा कुल सञ्चयकर्ता सापटी रकमको औसत वार्षिक वृद्धिदर १४.७९ प्रतिशत रहेको छ। सोको विवरण देहाय अनुरुप रहेको छ :

**तालिका नं.५.२.६**

| आर्थिक वर्ष | कुल सापटी रकम (रु.करोडमा) | वृद्धि दर प्रतिशतमा |
|---|---|---|
| २०७१/७२ | १०,४८१.९४ | १३.७६ |
| २०७२/७३ | ११,८८७.२३ | १३.४१ |
| २०७३/७४ | १४,२७५.७१ | २०.०९ |
| २०७४/७५ | १६,९४७.०८ | १८.७१ |
| २०७५/७६ | १८,३०२.०६ | ८.०० |



### ५.२.७ सञ्चय कोष र सञ्चयकर्ता सापटीको तुलना

कोषले विगत ५ वर्षमा सञ्चयकर्तालाई प्रवाह गरेको कुल सापटी रकम र कुल कोषको वृद्धिको तुलनात्मक प्रवृति देहाय अनुरुप रहेको छ :

**तालिका नं.५.२.७**




## ५.३ सामाजिक सुरक्षा सुविधा

कर्मचारी सञ्चय कोषको प्रमुख जिम्मेवारी सञ्चयकर्ताको सञ्चयकोषको सुव्यवस्थापन गरी सेवाबाट अवकाश पश्चात् ब्याज तथा मुनाफा सहित एकमुष्ट रकम फिर्ता गर्ने रहेतापनि मुलुकको एकमात्र सामाजिक सुरक्षा प्रदायक संस्थाको हैसियतले कोषले आफ्नै स्रोतबाट सञ्चयकर्तालाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत विभिन्न सामाजिक सुरक्षा सुविधा प्रदान गरी लाभान्वित तुल्याउदै आईरहेको छ ।

कोषले आर्जन गरेको प्रत्येक वर्षको मुनाफाको केही प्रतिशत रकम सञ्चयकर्ताको हितको लागि खडागरिएका विभिन्न कोषहरुमा जम्मा गरी सामाजिक सुरक्षा सुविधाहरु प्रदान गर्दै आएको छ । कोषले उपलव्ध गराउँदै आएको सामाजिक सुरक्षा सुविधाको आर्थिक वर्ष २०७५/७६ सम्मको स्थिति देहाय अनुरुप रहेको छ :

### ५.३.१ काजक्रिया अनुदान योजना

सञ्चयकर्ताको सेवाकालमा नै मृत्यु भएमा निजको हकवालालाई आर्थिक अनुदान स्वरुप प्रदान गरिने यो सुविधाको प्रारम्भ वि.सं. २०४८ सालबाट गरिएको हो । प्रारम्भमा रु. १,५०० आर्थिक अनुदान दिन शुरु गरिएको यो सुविधालाई वृद्धि गरी २०७२/७३ मा रु.३०,००० र २०७५/७६ देखि रु.४०,००० दिने व्यवस्था रहेको छ । यस सुविधा अन्तर्गत आर्थिक वर्ष २०७४/७५ मा ९०९ जना सञ्चयकर्ताका आश्रित परिवारले रु.२ करोड ७२ लाख ८३ हजार सुविधा उपभोग गरेका छन् । आर्थिक वर्ष २०७५/७६ मा ७९४ जना सञ्चयकर्ताले रु.२ करोड ७५ लाख २८ हजार सुविधा लिएका छन् । कोषले विगत ५ वर्षमा प्रदान गरेको अनुदानको विवरण देहाय अनुरुप रहेको छ :

**तालिका नं.५.३.१**

| आर्थिक वर्ष | वितरित संख्या | काजकिरिया अनुदान रकम (रु.हजारमा) | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७१/७२ | ८४१ | २०,७४४ | -४.३६ |
| २०७२/७३ | ८९२ | २६,७३९ | २८.९० |
| २०७३/७४ | ८७९ | २६,०९५ | -२.४१ |
| २०७४/७५ | ९०९ | २७,२८३ | ४.५५ |
| २०७५/७६ | ७९४ | २७,५२८ | ०.९० |




## ५.३.२ दुर्घटना क्षतिपूर्ति योजना

दुर्घटनामा परी सेवाकालमा सञ्चयकर्ताको मृत्यु वा पूर्ण अंगभंग भएमा निज वा निजको हकवालालाई आर्थिक सहयोग स्वरुप प्रदान गरिने यो सुविधा वि.सं. २०५२ सालबाट शुरु गरिएको हो । प्रारम्भमा रु. ५०,००० बाट आर्थिक सहयोग प्रदान गर्न शुरु गरिएकोमा आर्थिक वर्ष २०७२/७३ देखि रु. १,२५,००० तथा आर्थिक वर्ष २०७५/७६ देखि रु २,००,००० आर्थिक सहयोग प्रदान हुँदै आएको छ । यस सुविधा अन्तर्गत आर्थिक वर्ष २०७४/७५ मा ११४ जना सञ्चयकर्ता/आश्रित परिवारले रु. १ करोड ४२ लाख २५ हजार सुविधा उपभोग गरेकामा आर्थिक वर्ष २०७५/७६ मा १३९ जना सञ्चयकर्ता वा निजका परिवारले रु. १ करोड ९२ लाख २५ हजार सुविधा उपभोग गरेका छन् । कोषले विगत ५ वर्षमा प्रदान गरेको सुविधाको विवरण देहाय अनुरुप रहेको छ :

**तालिका नं.५.३.२**

| आर्थिक वर्ष | वितरित संख्या | दुर्घटना क्षतिपूर्ति रकम (रु.हजारमा) | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७१/७२ | ९३ | ९,३०० | -२१.९५ |
| २०७२/७३ | १६२ | २०,१८० | ११६.९९ |
| २०७३/७४ | १४७ | १७,४२० | -१३.६८ |
| २०७४/७५ | ११४ | १४,२२५ | -१८.३४ |
| २०७५/७६ | १३९ | १९,२२५ | ३५.१५ |




### ५.३.३ सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम

सञ्चयकर्तालाई स्वास्थ्य उपचारमा सहयोग गर्ने हेतुले कोषले २०७० साल बैशाख देखि सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम कार्यान्वयन गरेको छ । यस कार्यक्रम अन्तर्गत तोकेको अस्पतालमा उपचार गराउँदा सामान्य उपचारमा अधिकतम रु. २५ हजार सम्म तथा कडा रोगको उपचारका लागि रु. ५० हजार सम्मको सुविधा सोधभर्ना गरिदै आएको थियो । २०७५/०८/०१ देखि यस सुविधालाई राष्ट्रिय बीमा कम्पनी लिमिटेड मार्फत सञ्चयकर्ता औषधोपचार तथा घातक रोगको उपचार बीमा गरी साधारण रोगको उपचारमा रु.१ लाख तथा घातक रोगको उपचारमा रु.१० लाख सम्म औषधोपचार खर्चको सोधभर्ना दिने गरी व्यवस्था गरिएको छ। साविकको सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७४/७५ मा ९० जना सञ्चयकर्ताले रु.२० लाख ४० हजार तथा आर्थिक वर्ष २०७५/७६ मा ११९ जना सञ्चयकर्ताले रु.३० लाख ५९ हजार सुविधा प्राप्त गरेका छन् । यसैगरी १ वर्ष अवधिको सञ्चयकर्ता औषधोपचार तथा घातक रोगको उपचार बीमा प्रिमियम बापत राष्ट्रिय बीमा कम्पनी लिमिटेडलाई कोषले रु.२८ करोड ५१ लाख ६९ हजार भुक्तानी गरेको छ । सो बीमालेखको अवधि २०७६ कार्तिक मसान्तसम्म रहेको थियो । कोषले विगत ५ वर्षमा प्रदान गरेको सुविधाको विवरण देहाय अनुरुप रहेको छ :

**तालिका नं.५.३.३**

| आर्थिक वर्ष | वितरित संख्या | सञ्चयकर्ता औषधोपचार रकम (रु.हजारमा) | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७१/७२ | ४४ | ८५७ | १६.३३ |
| २०७२/७३ | ९१ | १,८१० | १११.२६ |
| २०७३/७४ | १०३ | २,३९६ | ३२.३८ |
| २०७४/७५ | ९० | २,०४० | -१४.८६ |
| २०७५/७६ | ११९* | २८८,२२८ | १४,०२८.८२ |

*राष्ट्रिय बीमा कम्पनीबाट वितरण गरिएको बीमा बमोजिमको दाबी भुक्तानी बाहेक




## ५.३.४ सुत्केरी तथा शिशु स्याहार कार्यक्रम

कोषले २०७२ साल आश्विनदेखि सञ्चयकर्ता सुत्केरी तथा शिशु स्याहार कार्यक्रम कार्यान्वयन गरेको छ । यस कार्यक्रम अन्तर्गत सञ्चयकर्ताले सन्तान प्राप्त गर्दा सुत्केरी तथा शिशु स्याहार गर्न सेवा अवधिमा अधिकतम दुई सन्तानको जन्म हुँदा रु. १५,००० सम्म सुविधा प्रदान गर्ने गरी यो योजना लागू गरिएको छ । यस सुविधा अन्तर्गत आर्थिक वर्ष २०७४/७५ मा १९,६६३ जना सञ्चयकर्ताहरुले रु.१४ करोड ७४ लाख ९५ हजार सुविधा उपभोग गरेकामा आर्थिक वर्ष २०७५/७६ मा १९,९४६ जना सञ्चयकर्ताले रु. १४ करोड ९५ लाख ९५ हजार सुविधा उपभोग गरेका छन् । कोषले विगत वर्षमा प्रदान गरेको सुविधाको विवरण देहाय अनुरुप रहेको छ :

**तालिका नं.५.३.४**

| आर्थिक वर्ष | वितरित संख्या | सुत्केरी तथा शिशु स्याहार रकम (रु.हजारमा) | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७२/७३ | १०,१६५ | ७६,२३५ | |
| २०७३/७४ | १८,६५७ | १३९,९३० | ८३.५५ |
| २०७४/७५ | १९,६६३ | १४७,४७२ | ५.३९ |
| २०७५/७६ | १९,९४६ | १४९,५९५ | १.४४ |



### ५.३.५ सामाजिक सुरक्षा सुविधा वितरणको अवस्था

आर्थिक वर्ष २०७४/७५ मा सञ्चयकर्ता कर्मचारीहरुलाई कोषबाट विभिन्न सामाजिक सुरक्षा अनुदान सुविधा स्वरुप काजकिरिया अनुदान, दुर्घटना क्षतिपूर्ति, औषधोपचार सहयोग कार्यक्रम र सुत्केरी तथा शिशु स्याहार कार्यक्रम अन्तर्गत २०,७७६ लाई रु. १९ करोड १० लाख २० हजार प्रदान गरिएकोमा आर्थिक वर्ष २०७५/७६ मा राष्ट्रिय बीमा कम्पनी मार्फत भएको औषधोपचार बीमा वापतको दाबी भुक्तानी बाहेक २०,९९८ लाई सो बीमा वापतको कुल प्रिमियम रकम समेत ४८ करोड ४५ लाख ७६ हजार प्रदान भएको छ । कोषको विगत ५ वर्षको सामाजिक सुरक्षा सुविधाको वितरण विवरण देहाय अनुरुप रहेको छ :

**तालिका नं.५.३.५**

| आर्थिक वर्ष | वितरित संख्या | कुल सामाजिक सुरक्षा सुविधा रकम (रु.लाखमा) | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७१/७२ | ९७८ | ३.०९ | -१०.१२ |
| २०७२/७३ | ११,३१० | १२.५० | ३०४.४० |
| २०७३/७४ | १९,७८६ | १८.५८ | ४८.७२ |
| २०७४/७५ | २०,७७६ | १९.१० | २.७९ |
| २०७५/७६ | २०,९९८ | ४८.४६ | १५३.६८ |




## ५.४ कोषको सेवा प्रभावकारी बनाउन सञ्चालन गरिएका थप सेवा

कोषले सञ्चयकर्तालाई सरल र सहज रुपमा सेवा तथा सुविधा प्रवाह गर्न अत्याधुनिक प्रविधिमा आधारित विभिन्न प्रकारका सेवाहरुको समेत व्यवस्थापन गर्दै आएको छ । कोषबाट प्रभावकारी सेवा प्रवाहका लागि निःशुल्क रुपमा प्रदान गर्दै आएका सेवाहरुको विवरण देहाय अनुरुप रहेका छन् :

### ५.४.१ अनलाईन डाटा मार्फत सेवा

कोषले उपत्यका भित्रका ३ वटा र उपत्यका बाहिर रहेका ९ वटा शाखाकार्यालय तथा सेवाकेन्द्रहरुबाट सञ्चयकर्तालाई छिटो छरितो तथा सहज रुपमा सेवा प्रदान गर्ने उद्देश्यले सम्पूर्ण कारोबारलाई अनलाईन डाटामा आधारित (Online data based service) सेवा सञ्चालन गर्दै आएको छ । कोषले शुरु आती चरणमा प्रयोगमा ल्याएको Data Base Fox Pro Based System लाई सुधार गरी Oracle System मा आधारित Contribution Management System (CMS) मा रुपान्तरण गरेर फाईबर अप्टिकल केवलमार्फत सञ्जाल तयार गरी सेवा प्रवाह गर्दै आएको छ ।

### ५.४.२ ई-सेवा (E-service)

कोषले सञ्चयकर्तालाई प्रवाह गरेको सेवा सुबिधाहरुलाई प्रभावकारी बनाउन कोषकट्टी विवरण, सबै प्रकारका सञ्चयकर्ता सापटीको सम्पूर्ण विवरण निम्न प्रकृयाबाट निःशुल्क प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ :

**क. सञ्चयकर्ता इ-सर्भिसः**

- आफनो व्यक्तिगत कोष कट्टी विवरणका साथै सबै किसिमका सापटी सम्बन्धी अद्यावधिक विवरण प्राप्त गर्न सकिने,
- दोहोरा खाता एकीकरण र व्यक्तिगत विवरण सच्याउन कोषलाई अनुरोध गर्न सकिने,
- कुनै सुझाव भए दिन सकिने ।

**ख. सञ्चयकर्ता कार्यालय इ-सर्भिस (internet):**

- कार्यालय अन्तर्गतका कर्मचारीको नाम, परिचयपत्र नम्वर तथा अन्य विवरण प्राप्त गर्न सकिने,
- सञ्चयकोष कट्टीको फाँटवारी कोषमा प्राप्त भए नभएको तथा खातामा जम्मा भएनभएको जानकारी पाउन सकिने,
- फाँटवारी Web posting गर्न सकिने ।

**ग. सञ्चय कोष Mobile Apps:**

- सञ्चयकर्ताले आफ्नो जम्मा रकमको जानकारीको लागि Mobile Application बाट विवरण प्राप्त गर्न सकिने ।

### ५.४.३ डाटा ईम्पोर्ट-सेवा

यो कोषकट्टी विवरण Excel Format मा पठाउने एक व्यवस्था हो । कोषले कोषकट्टी गरी पठाउने कार्यालयहरुबाट फाँटवारीको Soft Copy वा email मा समेत प्राप्त गरी सञ्चयकर्ताको खातामा सिधै लेखाङ्कन गर्ने गरिएको ।

### ५.४.४ सञ्चयकर्ता तथा योगदानकर्ता कार्यालय डाटा अपडेट सेवा (KYC Service)

कोषले सञ्चयकर्ताको वैयक्तिक तथा जैविक (Biometric) विवरणका साथै सञ्चयकर्ताकार्यरत कार्यालयहरुको विवरण अद्यावधिक गर्ने व्यवस्था मिलाई सञ्चयकर्ताको सेवा प्रवाहमा थप गुणस्तरीयता कायम गरेको छ । सञ्चयकर्ताले कोषको वेबसाईटमा गई अनलाईन विवरण भरी कोषको कुनै पनि कार्यालयमा गई जैविक विवरण दिई तत्काल इ-सर्भिसका साथै भविष्यमा थप अनलाइन सेवाहरु प्राप्त गर्न सक्नेछन् । यसै आर्थिक वर्षमा सुरु भएको यस सेवा अन्तर्गत आर्थिक वर्षको अन्तसम्ममा ५४,७४४ जना सञ्चयकर्ताको विवरण अद्यावधिक भएको छ । सञ्चयकर्ता सेवालाई आधुनिक तथा गुणस्तरीय तुल्याउन यस कार्यलाई तदारुकताका साथ अघि बढाईएको छ ।

### ५.४.५ एसएमएस सेवा (SMS Service)

सञ्चयकर्ताले आफनो सञ्चय कोष रकम तथा विभिन्न सापटीको विवरण बुझन कोषवाट Username, Password र Pincode प्राप्त गरी नेपाल टेलिकमको GSM मोवाईलको Message Box मा गएर कोषले आफूलाई उपलब्ध गराएको Pincode टाइप गरेपछि Space दिएर BAL टाईप गरी ५७५० मा SMS पठाएर आफ्नो विवरण प्राप्त गर्न सकिनेछ ।

### ५.४.६ टेलीकोष सेवा (Telekosh Service)

यस सेवाको लागि सञ्चयकर्ताले नेपाल टेलिकमको साधारण PSTN तथा GSM Mobile phone मार्फत १६४२ डायल गरी आफनो परिचयपत्र नम्वरका साथै # PINCODE राखी आफनो कोष रकम, विशेष सापटी, घरसापटी, शैक्षिक सापटी लगायत कोष सम्बन्धी सवै विवरण प्राप्त गर्न सकिने व्यवस्था छ ।

### ५.४.७ नोटिस वोर्ड सेवा

कोषको सूचना प्रणलीलाई प्रभावकारी बनाउन Audio Notice Board Service समेत सञ्चालनमा ल्याईएको छ । सञ्चयकर्ताले टेलिफोन १६१८-०१-४२२५३८६ मा सिधा डायल गरी कोष सम्बन्धी सूचनाहरु प्राप्त गर्न सकिने व्यवस्था छ ।

### ५.४.८ वेब सेवा

कोष सम्बन्धी सबैसूचना तथा जानकारी कोषको वेभसाईट**:** www.epfnepal.com.np बाट प्राप्त गर्न सकिने छ ।

### ५.४.९ शाखा सञ्जाल सेवा

कोषले सञ्चयकर्तालाई काठमाण्डौ स्थित ठमेल कार्यालय तथा सिंहदरवार र पुल्चोक सेवा केन्द्रवाट सेवा प्रवाह गर्ने व्यवस्था छ । साथै, सञ्चयकर्तालाई स्थानीयस्तरबाटै सेवा उपलब्ध गराउन बिराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढीमा शाखा कार्यालय तथा धनकुटामा सेवा केन्द्र सञ्चालित छन ।

# परिच्छेद – ६
# वित्तीय विश्लेषण

कोषको आर्थिक वर्ष २०७५/७६ र विगत वर्षको वित्तीय अवस्था, लेखा र लेखापरीक्षणको तुलनात्मक विवरण देहायअनुरुप रहेको छ :

## ६.१ आर्थिक वर्ष २०७५/७६ को वित्तीय विश्लेषण

**(क) वित्तीय अवस्था:** कोषको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण प्रतिवेदन अनुरुप कुल स्रोत रु. ३४२ अर्ब ३९ करोड ७६ लाख रहेको छ । यस मध्ये सञ्चय कोष रु. ३०९ अर्ब ८४ करोड ८४ लाख, जगेडा तथा बचत रु. २८ अर्ब ७ करोड ८३ लाख र दायित्व तथा व्यवस्थाहरु रु. ४ अर्ब ४७ करोड ९ लाख रहेको छ । नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम कोषले आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण तयार गरी लेखापरीक्षण सम्पन्न गरेको छ ।







कोषको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण प्रतिवेदन अनुसार कुल कोष उपयोग रु. ३४२ अर्ब ३९ करोड ७६ लाख रहेको छ । जस मध्ये कर्जा तथा लगानीमा रु. ३३५ अर्ब २५ करोड १८ लाख, सम्पत्ति तथा उपकरणमा रु. ४८ करोड ९८ लाख, नगद तथा नगद समानमा रु ४ अर्ब १५ करोड ३२ लाख र अन्य सम्पत्तिमा रु. २ अर्ब ५० करोड २८ लाख रहेको छ ।

नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप आर्थिक वर्ष २०७४/७५ देखिनै कोषको वित्तीय विवरण तयार गर्दा धेरै लेखा नीतिहरुमा परिवर्तन भएको थियो । यसरी लेखा नीतिहरु पविर्तन हुँदा खास गरी वित्तीय सम्पत्तिहरुको लेखाङ्कन रकममा ठूलो परिवर्तन भएको छ । नेपाल वित्तीय प्रतिवेदनमानको व्यवस्था अनुसार कोषले शेयरमा गरेको लगानीलाई आर्थिक वर्षको अन्त्यमा ती शेयरहरुको उचित मूल्य (Fair Value) मा मूल्यांकन गरी फरक रकमलाई जगेडा तथा बचत अन्तर्गत उचित मूल्य जगेडामा समायोजन गर्ने गरेको छ । यस आर्थिक वर्षको अन्त्यमा गत वर्षको अन्त्यको तुलनामा शेयर बजारमा गिरावट आएकाले कोषको शेयर लगानीको मूल्यांकनमा रु ३ अर्ब ५९ करोडले कमी आएको छ । यसै गरी विगत वर्षको कर्मचारी सुविधा दायित्वको विमाङ्कीय मूल्यांकन गर्दा परिभाषित कर्मचारी सुविधाको रु ८७ करोडको विमाङ्कीय नोक्सान भई उक्त रकमले साधारण जगेडा कोषमा प्रभाव पारेको छ । यी ठूला असरहरुको कारणले जगेडा तथा बचतमा यो वर्ष केही कमी आएको छ । आर्थिक वर्ष २०७५/७६ को कोषको वित्तीय कारोवारको सारांश देहायअनुसार रहेको छ :

## तालिका नं.६.१(क)

(रु. करोडमा)

| विवरण | आ.व. २०७५/७६ | आ.व. २०७४/७५ | वृद्धि वा (न्यून) | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| सञ्चय कोष | ३०,९८४.८४ | २७,८७५.३० | ३,१०९.५३ | ११.१६ |
| जगेडा तथा बचत | २,८०७.८३ | २,९८०.४९ | (१७२.६६) | (५.७९) |
| दायित्व तथा व्यवस्थाहरू | ४४७.०९ | ३४४.७७ | १०२.३२ | २९.६८ |
| **कुल स्रोत** | **३४,२३९.७६** | **३१,२००.५६** | **३,०३९.१९** | **९.७४** |
| कर्जा तथा लगानी | ३३,५२५.१८ | ३०,८७४.७२ | २,६५०.४६ | ८.५८ |
| सम्पत्ति र उपकरण तथा अमूर्त सम्पत्ति | ४८.९८ | ४५.७० | ३.२७ | ७.१६ |
| नगद तथा नगद समान | ४१५.३२ | ३५.३० | ३८०.०१ | १,०७६.३८ |
| अन्य सम्पत्ति | २५०.२८ | २४४.८३ | ५.४५ | २.२३ |
| **कुल उपयोग** | **३४,२३९.७६** | **३१,२००.५६** | **३,०३९.१९** | **९.७४** |

आर्थिक वर्ष २०७५/७६ को अवधिमा रु. ३१ अर्व ९ करोड ५३ लाख रूपैयाँ सञ्चय कोष रकम थप भएको छ। समग्रमा आर्थिक वर्ष २०७४/७५ को तुलनामा आर्थिक वर्ष २०७५/७६ मा कोषको कुल स्रोतमा ९.७४ प्रतिशतले बृद्धि भएको छ । सो अवधिमा कोषको कर्जा तथा लगानीमा ८.५८ प्रतिशतले वृद्धि भएको छ । साथै कोषले आर्थिक बर्ष २०७५/७६ मा वित्तीय सम्पत्ति (कर्जा तथा लगानी) क्षयीकरण व्यवस्थामा रु १ अर्ब ३२ करोड २२ लाख थप गरेको छ।

कोषमा कुनै पनि कोषरहित दायित्व र काल्पनिक सम्पति नरहेको र कर्मचारीलाई अवकाश पछि प्रदान गरिने दायित्वका लागि आ.व. २०७५/७६ मा गरिएको बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदनका आधारमा यस वर्षको लागि निर्धारित कुल दायित्व व्यवस्था गर्नुपर्ने रकम रु. २३ करोड ५९ लाख थप दायित्व व्यवस्था गरिएको छ।

**(ख) सञ्चालन अवस्था:** कोषको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण प्रतिवेदन अनुरुप कुल आय रु. २९ अर्ब ९५ करोड ९० लाख र खुद मुनाफा रु. ४ अर्ब ४४ करोड ६३ लाख रहेको छ। नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम कोषले आफ्नो आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण तयार गरी लेखापरीक्षण सम्पन्न गरेकोमा आम्दानी र खर्चको विवरण देहाय अनुरुप रहेको छ।

## तालिका नं.६.१(ख)

(रु. करोडमा)

| विवरण | आ.व. २०७५/७६ | आ.व. २०७४/७५ | वृद्धि वा (न्यून) | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| **कुल आम्दानी** | **२,९९५.९०** | **२,६७०.७९** | **३२५.११** | **१२.१७** |
| ब्याज तथा अन्य प्रत्यक्ष खर्च | २,३२१.१० | २,००२.२५ | ३१८.८५ | १५.९२ |
| कर्मचारी तथा सञ्चालन खर्च | ९७.९५ | १६७.४९ | (६९.५४) | (४१.५२) |
| क्षयीकरण व्यवस्था | १३२.२२ | १०३.६२ | २८.६० | २७.६० |
| **खुद मुनाफा** | **४४४.६३** | **३९४.०७** | **५०.५५** | **१२.८३** |

आर्थिक वर्ष २०७५/७६ को अवधिमा कुल ब्याज तथा प्रत्यक्ष खर्च रु. २३ अर्ब २१ करोड रहेको छ। आर्थिक वर्ष २०७४/७५ को तुलनामा कोषको कुल आय १२.१७ प्रतिशतले वृद्धि भएको छ भने खुद मुनाफा १२.८३ प्रतिशतले वृद्धि भएको छ । सो अवधिमा कुल ब्याज तथा अन्य खर्चमा १५.९२

प्रतिशतले वृद्धि र क्षयीकरण व्यवस्था खर्चमा २७.६० प्रतिशतले वृद्धि भएको छ । आ.व. २०७५/७६ मा गरिएको बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदनका आधारमा गत वर्षको रु १ अर्ब ३ करोडको तुलनामा यस वर्षको लागि निर्धारित कुल दायित्व व्यवस्था गर्नु पर्ने रकम रु. २४ करोड मात्र भएकाले कर्मचारी तथा सञ्चालन खर्चमा ४१.५२ प्रतिशतले कमी आएको छ ।

## ६.२ कोषको विगत ५ वर्षको तुलनात्मक वित्तीय विवरण

**क) वित्तीय अवस्थाः** नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम तयार गरिएको आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण र सोही अनुरुपका नीति बमोजिम तयार गरिएको विगत ५ वर्षको कोषको वित्तीय स्थितिको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ :

**तालिका नं.६.२(क)**

(रु. करोडमा)

| विवरण | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|---|---|
| सञ्चय कोष | १८,७५६.५३ | २१,७६०.५८ | २४,६५३.४४ | २७,८७५.३० | ३०,९८४.८४ |
| जगेडा तथा बचत | ४६२.८० | २,४८२.७४ | २,५८७.५८ | २,९८०.४९ | २,८०७.८३ |
| दायित्व तथा व्यवस्थाहरू | २२४.९९ | २४३.१५ | २६२.२६ | ३४४.७७ | ४४७.०९ |
| **कुल स्रोत** | **१९,४४४.३२** | **२४,४८६.४८** | **२७,५०३.२८** | **३१,२००.५६** | **३४,२३९.७६** |
| कर्जा तथा लगानी | १८,४०४.०८ | २३,८५३.१३ | २६,६१५.८१ | ३०,८७४.७२ | ३३,५२५.१८ |
| सम्पत्ति र उपकरण तथा अमूर्त सम्पत्ति | ३२.२५ | ३८.०१ | ४१.५० | ४५.७० | ४८.९८ |
| नगद तथा नगद समान | ८०१.४८ | ४१७.३४ | ६३६.४० | ३५.३० | ४१५.३२ |
| अन्य सम्पत्ति | २०६.५२ | १७८.०० | २०९.५७ | २४४.८३ | २५०.२८ |
| **कुल उपयोग** | **१९,४४४.३३** | **२४,४८६.४८** | **२७,५०३.२८** | **३१,२००.५६** | **३४,२३९.७६** |
| खुद मुनाफा | १७०.५९ | १५९.९० | १९३.९० | ३९४.०७ | ४४४.६३ |
| कुल स्रोतमा कर्जा तथा लगानीको अनुपात | ९४.६५ | ९७.४१ | ९६.७७ | ९८.९६ | ९७.९१ |
| कुल स्रोतमा सम्पत्ति, उपकरण तथा अमूर्त सम्पत्तिको अनुपात | ०.१७ | ०.१६ | ०.१५ | ०.१५ | ०.१४ |
| कुल स्रोतमा नगद तथा नगद समानको अनुपात | ४.१२ | १.७० | २.३१ | ०.११ | १.२१ |

विगत ५ वर्षको अवधिमा कोषको कुल स्रोतमा कर्जा तथा लगानीको अनुपात औसत ९७.१४ प्रतिशत रहेको छ भने सम्पत्ति तथा उपकरणको अनुपात औसत ०.१५ प्रतिशत र नगदको अनुपात औसत १.८९ प्रतिशत रहेको छ ।

**ख) सञ्चालन अवस्थाः** नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम तयार गरिएको आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण र सोही अनुरुपका नीतिहरु बमोजिम तयार गरिएको विगत ५ वर्षको कोषको सञ्चालन अवस्थाको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ :

**तालिका नं.६.२(ख)**

(रु.करोडमा)

| विवरण | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|---|---|
| कुल आम्दानी | १,५२०.०३ | १,५२९.३९ | १,८५०.९६ | २,६७०.७९ | २,९९५.९० |
| परिवर्तन प्रतिशत | ६.०६ | ०.६२ | २१.०३ | ४४.२९ | १२.१७ |
| खुद मुनाफा | १७०.५९ | १५९.९० | १९३.९० | ३९४.०७ | ४४४.६३ |
| परिवर्तन प्रतिशत | ०.२७ | (६.२७) | २१.२६ | १०३.२४ | १२.८३ |
| कुल स्रोतमा कुल आम्दानीको प्रतिशत | ८.३५ | ६.९६ | ७.१२ | ९.१० | ९.१६ |
| सञ्चय कोषमा खुद मुनाफाको प्रतिशत | ०.९७ | ०.७९ | ०.८४ | १.५० | १.५१ |




कोषको कुल आम्दानीको अवस्थालाई विश्लेषण गर्दा विगत ५ वर्षमा औसत १६.८३ प्रतिशतले र खुद मुनाफा तर्फ २६.२७ प्रतिशतले वृद्धि भएको देखिन्छ । सो अवधिमा कोषको कुल स्रोतमा कुल आम्दानीको अनुपात औसत ८.१४ प्रतिशत रहेको छ भने सञ्चय कोषमा खुद मुनाफाको अनुपात औसत १.१२ प्रतिशत रहेको छ ।

**ग) कोषको क्षेत्रगत लगानीको अवस्था:** कोषको विगत ५ वर्षको क्षेत्रगत लगानीको विवरण देहायबमोजिम रहेको छ :

## तालिका नं.६.२(ग)

(रु.करोडमा)

| सि.नं. | विवरण | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|---|---|---|
| १. | सरकारी बचतपत्र तथा ऋणपत्र | १,५२३.०० | १,५५९.६६ | १,४१०.२२ | १,४५९.५६ | ५३.३३ |
| | | ८.२७ | ६.५४ | ५.३० | ४.७३ | ०.१६ |
| २. | शेयर | २२२.०० | २,१२७.३२ | २,१६१.६३ | २,४३३.०९ | २,२४३.७७ |
| | | १.२१ | ८.९२ | ८.१२ | ७.८८ | ६.६९ |
| ३. | बैंकको मुद्दती निक्षेप | ३,६८७.०० | ५,८२७.३६ | ५,४८२.२० | ५,४९७.७३ | ७,८७८.७५ |
| | | २०.०३ | २४.४३ | २०.६० | १७.८१ | २३.५० |
| ४. | परियोजना कर्जा | २,४८२.०० | २,३३६.५५ | ३,२३३.१७ | ४,५८९.६१ | ५,२१९.३८ |
| | | १३.४९ | ९.८० | १२.१५ | १४.८७ | १५.५७ |
| ५. | सञ्चयकर्ता सापटी | १०,४१२.०० | ११,९२६.४७ | १४,२५५.७२ | १६,८२३.१४ | १८,०५७.९२ |
| | | ५६.५७ | ५०.०० | ५३.५६ | ५४.४९ | ५३.८६ |
| ६ | भवन तथा आवास | ७९.०० | ७५.७७ | ७२.८७ | ७१.५९ | ७२.०३ |
| | | ०.४३ | ०.३२ | ०.२७ | ०.२३ | ०.२१ |
| | **कुल लगानी** | **१८,४०४.००** | **२३,८५३.१३** | **२६,६१५.८१** | **३०,८७४.७२** | **३३,५२५.१८** |

कोषको कुल लगानीको अवस्थालाई विश्लेषण गर्दा सरकारी बचतपत्र तथा ऋणपत्रमा भएको लगानी गत वर्षको तुलनामा ०.१६ प्रतिशत ले कमी भई रु. १४ अर्ब ६ करोड रहेको छ । नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम लेखा नीतिमा परिवर्तन हुँदा वित्तीय सम्पत्तिको लेखाङ्कनमा परिवर्तन भई शेयर लगानीलाई वर्षको अन्त्यमा भएको बजार मूल्य बमोजिम आ.व. २०७२/७३ देखि कायम गर्दा सो लगानी रकम लागतको तुलनामा बढी देखिएको छ । शेयर बजारमा गिरावट आउँदा बजार मूल्यको आधारमा कोषको शेयर लगानी गत वर्षको तुलनामा ६.६९ प्रतिशतले कमी आई रु. १ अर्ब रहेकोछ ।




कोषले साधारणतया १ वर्ष अवधिको मुद्दती निक्षेपमा लगानी गर्ने गरेको छ । वित्तीय बजारमा बढेको ब्याजदरको सुरक्षित फाईदा उठाउन मुद्दती निक्षेपमा लगानी बढ्दा मुद्दती निक्षेप गत वर्षको तुलनामा २३.५० प्रशित बृद्धि भई रु. ७८ अर्ब ७९ करोड रहेको छ । परियोजना कर्जामा लगानी बढाउदै देशको पर्यटन तथा पूर्वाधार विकासमा कोषको योगदान बढाउने नीति अनुरुप परियोजना कर्जामा भएको लगानी गत वर्षको तुलनामा १५.५७ प्रतिशत बृद्धि भई रु. ५२ अर्ब १९ करोड रहेको छ ।

कोषले आफ्ना योगदानकर्ताहरुलाई प्रदान गर्ने सञ्चयकर्ता सापटीको अंश निरन्तर वृद्धि हुदै गैरहेको थियो । यो सापटीको अनुपात १० वर्ष भन्दा अगाडि करिव ३०-३५ प्रतिशत रहेकोमा क्रमशः वृद्धि हुदै हाल कुल स्रोतको आधा भन्दा बढी लगानी यो क्षेत्रमा रहेको छ । कोषले सञ्चय कोषको आधारमा पाईने विशेष सापटीलाई कोषको ८० प्रतिशतसम्म मात्र पाईने व्यवस्था गरेपछि सञ्चयकर्ता सापटीमा भएको लगानी गत वर्षको तुलनामा रु. १२ अर्ब ३५ करोडले खुद वृद्धि भई रु. १८० अर्ब ५८ करोड पुगेता पनि यो कुल लगानीको ५३.८६ प्रतिशत रहेको छ जबकी गत वर्ष यसको अनुपात ५४.४९ प्रतिशत थियो । भवन तथा आवास क्षेत्रमा भएको लगानी स्थिर रही रु. ७२ करोड अर्थात कुल लगानीको ०.२१ प्रतिशत रहेको छ ।

## ६.३ कोषको लेखा तथा लेखापरीक्षण

कर्मचारी सञ्चयकोष ऐन, २०१९ (संशोधन सहित) को दफा २३ मा भएको व्यवस्था अनुरुप कोषको वित्तीय विवरणहरुको ढाँचा महालेखापरीक्षकबाट तोकिने व्यवस्था रहेको छ । सोही व्यवस्था अनुरुप महालेखापरीक्षकबाट मिति २०७५ फाल्गुण १४ मा तोकिएको ढाँचामा कोषको वित्तीय विवरण तयार गरी आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो ढाँचा नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट जारी नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप रहेको छ। कोषले सो वित्तीय प्रतिवेदनमान अनुरुप आफ्नो लेखा नीतिहरुमा परिवर्तन गरी आ.व. २०७४/७५ मा पहिलो पटक सो प्रतिवेदनमान पालना गरी लेखा राखी वित्तीय विवरण तयार गरेको थियो जसलाई यस आ.व.मा समेत निरन्तरता दिईएको छ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा कोषको लेखापरीक्षण कार्य प्रत्येक आर्थिक वर्ष समाप्त भएको ९ महिनाभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था रहेकोले सो समय सीमा ननाघ्ने गरी निश्चित समय तोकी लेखापरीक्षण कार्य सम्पन्न गर्न महालेखा परीक्षकबाट लेखापरीक्षक नियुक्त हुने गरेको छ। आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षणका लागि चार्टर्ड एकाउण्टेन्टद्वय श्री सुनिर कुमार ढुंगेल र श्री महेश खनाललाई संयुक्त लेखापरीक्षकका रुपमा नियुक्त गरी आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्बन्धी सम्पूर्ण कार्यहरु समयमा नै सम्पन्न गरिएको छ।

कोषको विगत ५ वर्षमा लेखापरीक्षण कार्य सम्पन्न गर्दा लागेको समयको तुलनात्मक विवरण देहाय अनुरुप रहेको छ :

**तालिका नं.५.६.३**

| आर्थिक वर्ष | सञ्चालक समितिवाट स्वीकृत | लेखापरीक्षण अवधि (महिनामा) |
|---|---|---|
| २०७५/७६ | २०७६ साल चैत्र | ९ |
| २०७४/७५ | २०७५ साल चैत्र | ९ |
| २०७३/७४ | २०७४ साल फाल्गुण | ८ |
| २०७२/७३ | २०७३ साल माघ | ७ |
| २०७१/७२ | २०७२ साल पौष | ६ |

कोषको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण प्रतिवेदन वित्तीय विवरणहरु, लेखा नीति तथा टिप्पणी परिच्छेद ९ मा समावेश गरिएको छ । कोषको लेखा नीतिमा उल्लेख भएकोमा वाहेक अन्य नीतिमा कुनै परिवर्तन गरिएको छैन ।

# परिच्छेद – ७
# आर्थिक वर्ष २०७५/७६ मा भएका प्रमुख गतिविधिहरु

कोषले आर्थिक वर्ष २०७५/७६ मा सञ्चयकर्ताको हित, नीतिगत तथा कानूनी सुधार, स्रोतव्यवस्थापन, जोखिम व्यवस्थापन, मानव संसाधन तथा आन्तरिक व्यवस्थापन, सूचना तथा सञ्चार प्रविधि लगायत अन्य क्षेत्रमा सम्पन्न गरेका मुख्य उपलब्धिहरुको विवरण देहायअनुरुप रहेको छ :

## ७.१ सञ्चयकर्ता दायरा विस्तार तथा सेवा प्रवाह तर्फ

- निजी क्षेत्रका सम्भावित सञ्चयकर्तालाई कोषको दायरामा आवद्ध गर्दै जाने योजना अनुरुप आर्थिक वर्ष २०७५/७६ मा करिव ६० हजार थप सञ्चयकर्तालाई कोषमा आवद्ध गरिएको ।
- कोषका सञ्चयकर्तालाई प्रदान गरिने सामाजिक सुरक्षा सुविधामा थप गरिएको तथा स्वास्थ बीमा योजना कार्यान्वयन गरिएको । जस अन्तर्गत सामान्य रोगको उपचारमा रु १ लाख तथा कडा रोगको उपचारमा रु १० लाखसम्मको औषधोपचार खर्च शोधभर्ना गर्ने व्यवस्था गरिएको ।
- निजामती, सैनिक, प्रहरी तथा विशेष सेवाका राष्ट्रसेवक कर्मचारीहरुको योगदानमा आधारित निवृत्तभरण योजना सञ्चालनका लागि कोषले आवश्यक तयारी गरेको ।
- कोषको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण पश्चात् कायम भएको खुद मुनाफा रकमबाट आर्थिक वर्ष २०७५/७६ को शुरु सञ्चयकोष मौज्दातको आधारमा सञ्चयकर्तालाई १.१५ प्रतिशतले हुन आउने रकम बेतन कर्णाली सञ्चयकर्ता हाईड्रो कम्पनीको शेयर र मुनाफाका रुपमा खातामा जम्मा गर्नका लागि रु. ३ अर्ब ११ करोड २४ लाख मुनाफा बाँडफाँड गरिएको ।
- सञ्चयकर्ताका लागि सामाजिक सुरक्षा सुविधा योजना सञ्चालनका लागि खुद मुनाफाको करिव २० प्रतिशतले हुन आउने रकम एकमुष्ठ रु. ८८ करोड ९३ लाखसञ्चयकर्ता कल्याणकारी कोषमा बाँडफाँड गरिएको ।
- नेपाल दूरसञ्चार कम्पनी लिमिटेड सँगको सम्झौता बमोजिम सञ्चयकर्ताको कोषसंग भएको कारोबार लाई SMS मार्फत तत्कालै जानकारी गराउने व्यवस्था शुरु गरिएको ।
- सञ्चयकर्ता कर्जा विभागमा धितोमा आधारित सञ्चयकर्ता कर्जा प्रवाह गर्दा CMS बाट सञ्चयकर्ताहरुको Bank Account मा Online Payment/Direct Payment को व्यवस्था गरी कार्यान्वयनमा ल्याईएको । यसबाट बैंक चेक मार्फत् भुक्तानी गर्ने व्यवस्था विस्थापित भएको छ ।
- कोषको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सञ्चयकर्ता वा निजको हकवालालाई प्रदान गरिने दुर्घटना क्षतिपूर्ति कार्यक्रम अन्तर्गत यस आर्थिक बर्षमा १३९ जनालाई रु. १ करोड ९२ लाख २५ हजार र काजक्रिया अनुदान योजना अन्तर्गत ७९४ जनालाई रु. २ करोड ७५ लाख २८ हजार प्रदान गरिएको ।
- सञ्चयकर्ता सुत्केरी तथा शिशु स्याहार सुविधा योजना अन्तर्गत यस आर्थिक बर्षमा १९,९४४ जनालाई रु. १४ करोड ९५ लाख ९५ हजार प्रदान गरिएको ।
- नेपाल सरकारबाट सोधभर्ना हुने विशेष आर्थिक सुविधा अन्तर्गत २७९ जनालाई रु. २ करोड ७६ लाख ७५ हजार प्रदान गरिएको ।
- सञ्चयकर्ताको स्वास्थ्य सम्बन्धी समस्यालाई सम्बोधन गर्न तोकिएको अस्पतालहरुमा स्वास्थ्य उपचार गर्दा लागेको तोकिएको सीमा सम्मको खर्च सोधभर्ना भुक्तानी दिने गरी सञ्चयकर्ता

औषधोपचार सहयोग योजना-२०७० अन्तर्गत यस आर्थिक बर्षमा ११९ जनालाई करिव रु. ३० लाख ५९ हजार औषधोपचार सहयोग प्रदान गरिएको ।

- सञ्चय कोषले प्रदान गर्ने सेवा/सुविधा सम्बन्धी कम्प्युटर अनलाईन मार्फत कोषको ठमेल स्थित कार्यालय, शाखा कार्यालयहरु, सेवाकेन्द्रबाट सञ्चयकर्तालाई सहज र छरितो रुपमा सेवा प्रवाह गरिएको ।
- सञ्चयकर्तालाई सम्पत्ति धितोमा प्रदान गरिने कर्जा तथा सापटीको क्षेत्र विस्तार गर्दै जाने नीति अनुरुप कोषको कैलाली, कञ्चनपुर, झापा, मोरङ्ग, सुनसरी, मकवानपुर, चितवन, बारा, पर्सा, कास्की, लमजुङ्ग, गोरखा, तनहुँ, स्याङ्गजा, पर्वत, बाग्लुङ्ग जिल्ला अन्तर्गतका विभिन्न क्षेत्र थप गरिएको ।
- सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षणका आधारमा सञ्चयकर्ता गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाई सेवा प्रवाह प्रकृयामा सुधार गरिएको ।
- सञ्चयकर्ता कार्यालय तथा सञ्चयकर्ताको व्यक्तिगत विवरणलाई KYC मार्फत अद्यावधिक गर्ने योजना अनुरुप तीव्र रुपमा कार्य अघि बढाईएको ।
- कोषवाट प्रवाह गरिने सेवा तथा सूचनालाई विभिन्न सरकारी निकायहरुसँगको सहकार्यमा प्रभावकारी वनाउन यस आर्थिक वर्षमा महालेखा नियन्त्रक कार्यालय, निजामती किताबखाना, राष्ट्रिय वीमा कम्पनी लि. जस्ता निकायहरुसँग सहकार्यका लागि समझदारी सम्झौता गरिएको ।
- सञ्चयकर्तालाई कोषका सेवा सुविधाका सम्वन्धमा जानकारी प्रदान गर्न तथा समस्याहरुका विषयमा छलफल गर्न शाखा कार्यालय मार्फत विभिन्न माध्यमवाट अन्तरक्रिया सञ्चालन गरिएको ।
- सञ्चयकर्ता कार्यालयवाट प्राप्त फाँटवारीलाई संकलन तथा लेखाङ्कन पूर्व रिकन्सिलिएसन गर्ने प्रणाली विकास गरी कार्यान्वयन गरिएको ।
- आधुनिक प्रविधिको प्रयोग गरी सञ्चयकर्ता सेवालाई प्रभावकारी बनाउन साथै कोष रकमको लेखाङ्कनमा शुद्धता ल्याउन सञ्चयकर्ताको कोष कट्टी विवरण CD वा Web Site बाट सिधै Import गरी कोषको खातामा प्रविष्ठ गर्ने नीति अनुरुप यस अवधिमा करिव ७४ प्रतिशत फाँटवारी CD वा Web Site बाट Import गरिएको ।

## ७.३ स्रोत संकलन तथा परिचालनतर्फ

- कोषले आर्थिक वर्ष २०७५/७६ मा सञ्चयकर्ताको कोष रकम करिव रु. ३२ अर्ब ८४ करोड ५४ लाख संकलन गरेको ।
- कोषको आर्थिक वर्ष २०७५/७६ को कुल स्रोत रु. ३४२ अर्ब मध्ये करिव ९८ प्रतिशत अर्थात रु. ३३५ अर्ब परिचालन गरिएको र करिव २ प्रतिशत स्रोत कोषको अन्य सम्पत्ति रहेको ।
- कोषको कुल स्रोतमा तरल सम्पत्ति (नगद) को अनुपातलाई १ प्रतिशत हाराहारी कायम गरिएको ।
- कोषको कर्जा तथा लगानी नीति-२०७५ तर्जुमा भई लागू भएको ।
- राष्ट्रिय प्राथमिकता प्राप्त माथिल्लो तामाकोशी जलविद्युत आयोजनामा आर्थिक वर्ष २०७५/७६ मा रु.१ अर्ब ८० करोड थप कर्जा तथा रु.१ अर्ब ५० करोड अल्पकालीन कर्जा प्रवाह गरिएको ।

- होङ्सी शिभम् सिमेन्ट लि. मा लगानी गरिएको तथा एक जलविद्युत कम्पनीमा लगानी गर्ने निर्णय भएको ।
- चिलिमे जलविद्युत कम्पनीद्वारा प्रवर्द्धित २७० मेगावाट क्षमताका विभिन्न ४ जलविद्युत आयोजनाहरुमा आर्थिक बर्ष २०७५/७६ मा थप रु १ अर्ब २४ करोड कर्जा प्रवाह गरिएको ।
- कोषको कुल स्रोतमा निष्क्रिय कर्जाको अनुपात ०.५० प्रतिशत भन्दा कम गर्न खराव कर्जाहरुको असुलीमा जोड दिईएको ।
- पुरानो परियोजना कर्जा मध्ये श्री विराट लेदर प्रा.लि. बाट २ पटक गरी आंशिक कर्जा रु.६.६२ करोड असुल भएको ।
- सिल्भर फाईभरको रु. २१.२५ करोड असुल गरी कर्जा राफसाफ गर्ने निर्णय भई कर्जा राफसाफ गर्न समय प्रदान गरिएकोमा समयमा कर्जा चुक्ता नगरेका कारण धितो लिलामी प्रकृया अघि बढाईएको ।
- नेपाल बैक लि.को ३५,७१,००० कित्ता शेयरमा रु. ९९,९८,८०,०००।-, सेञ्चुरी बैंक लि.को ४,७८,१५३ कित्ता शेयरमा रु. ५,०२,०६,०६५।- र सानिमा बैक लि.को २७,१८,८३५ कित्ता शेयर प्रतिकित्ता रु. १८०।१० दरले हुने रु. ४८,९६,६२,१८३।५० को १०% रकम लगानी भैसकेको ।
- सञ्चयकर्ताको सेवाकालीन वित्तीय आवश्यकता परिपूर्तिमा सहयोग गर्न सञ्चालन गरिएका विभिन्न ५ वटा कर्जा तथा सापटी शीर्षकहरुमा आर्थिक बर्ष २०७५/७६ सम्ममा कुल स्रोतको करिव ५३ प्रतिशत अर्थात रु. १८१ अर्ब सापटी उपलव्ध गराईएको ।
- कम ब्याज प्राप्त भईरहेको करिव रु १३ अर्ब मूल्यको ऋणपत्र दोस्रो बजार मार्फत बिक्री गरी बढी ब्याजदरमा मुद्दती निक्षेपमा लगानी गरिएको ।
- कोषको भाडा व्यवस्थापन कार्यविधि,२०७५ तथा जग्गा तथा भवन खरिद विक्री कार्यविधि, २०७५ सञ्चालक समितिबाट स्वीकृत भई लागू भएको ।

### ७.४ मानव संसाधन तथा अन्य व्यवस्थापन तर्फ

- कोषको नयां संगठनात्मक संरचना तथा दरबन्दी संरचना तयार गरी लागूगरिएको ।
- कोषमा कार्यरत विभिन्न तहका कर्मचारीहरुलाई आवश्यकता अनुरुप स्वदेश तथा विदेशको तालिमामा सहभागी गराउने नीति अनुरुप विभिन्न संस्थाहरुले सञ्चालन गरेका देहाय अनुरुपका तालिम कार्यक्रममा समेत गरी ३८५ कर्मचारीलाई तालिम / प्रशिक्षणमा सहभागी गराइएको :
  - NPS (National Pension Service) Koreaको निवृत्तभरण कोष सम्वन्धी तालिम,
  - ISAA ले आयोजना गरेको वर्कसप तथा सेमिनार,
  - Asian Institure of Technology (AIT), Thailand, Bangkok ले आयोजना गरेको तालिम,
  - MDI Campus, Gurgaon, India ले आयोजना गरेको Advanced Management Program
  - National Banking Institute (NBI) ले आयोजना गरेकाविभिन्न तालिम,
  - APRACA, Bangkok ले आयोजनागरेको Leadership DevelopmentProgramतालिम,
  - Institute of Chartered Accountants of Nepal (ICAN) ले आयोजना गरेका विभिन्न कार्यक्रम,
  - Nepal Yoga Institute & Retreat Pvt. Ltd. ले आयोजना गरेका विभिन्नतालिम,

- STAFF College, Jawalakhelले आयोजना गरेका विभिन्नतालिम,
- Aptech Computer Eduaction Pvt. Ltd.  ले आयोजना गरेकाविभिन्नतालिम,
- Nepal Management Council (NMC) ले आयोजना गरेका विभिन्नतालिम,
- कोष आफैले आयोजना गरेकाविभिन्नतालिम ।

- प्रशासक र विभागीय प्रमुखहरुबीच तथा प्रशासक र शाखा कार्यालय प्रमुखहरुबीच कार्य सम्पादन सूचक सहितको कार्यसम्पादन सम्झौता भईसो अनुरुप कार्य भएको ।
- बरिष्ठ कार्यकारी मञ्च पुनर्गठन भई नियमित रुपमा बैठक सम्पन्न भएको ।
- कोषको वित्तीय विवरणलाई NFRS अनुरुप तयार गर्दै जाने नीति अनुरुप आर्थिक वर्ष २०७४/७५ को वित्तीय विवरण पहिलो पटक NFRS अनुरुप तयार गरी लेखापरीक्षण सम्पन्न गरिएको ।
- कोषको केन्द्रीय कर्जा तथा लगानी विभागको कार्यलाई पूर्ण रुपमा Contribution Management System (CMS) मा आवद्ध गरिएको ।
- कोष सम्बन्धी गतिविधि तथा महत्वपूर्ण सूचनाहरु सम्प्रेशण गर्न ४ अंक e-Newsletter (bulletin) र ५७ औं वार्षिकोत्सवको अवसरमा “कोष” पत्रिका प्रकाशन गरिएको ।

# परिच्छेद - ८
# कोषको भावी योजना

कोषको स्रोत परिचालन, निवृत्तभरण योजनाको कुशल व्यवस्थापन, सामाजिक सुरक्षा कार्यक्रम तथा सञ्चयकर्ता सेवा सुबिधा बिस्तार लगायत कोषको संस्थागत विकासका क्षेत्रहरुमा निरन्तर सुधार गर्दै जाने कोषको योजना रहेको छ ।

८.१ नेपालको संविधानले प्रत्याभूत गरेको रोजगार तथा सामाजिक सुरक्षाको हकलाई मूर्तरुप दिन र सञ्चयकर्ता कर्मचारीको सर्वोपरी हित कायम हुने गरी निजी क्षेत्रका कर्मचारी/कामदार तथा स्वरोजगारमा रहेका व्यक्तिलाई समेत सामाजिक सुरक्षाको सञ्जालमा ल्याई सामाजिक सुरक्षा प्रदान गर्न कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा भएको समसामयिक संशोधन अनुरुप देहायका योजनाहरुको सञ्चालन तथा वर्तमान योजनामा परिमार्जन गर्ने लक्ष्य रहेको छ :

- योगदानमा आधारित निवृत्तभरण योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,
- औषधोपचार सोधभर्ना योजनालाई योगदानमा आधारित पारिवारिक योजनाकोरुपमा विस्तार गर्न अध्ययन गर्ने,
- कोषका अन्य सामाजिक सुरक्षा योजना : दुर्घटना क्षतिपूर्ति, प्रसूति तथा शिशु स्याहार, काजकिरिया अनुदान आदिलाई समावेश गर्दै एकीकृत सामाजिक सुरक्षा योजना अन्तर्गत सार्वजनिक क्षेत्रमा कर्मचारीहरुलाई सामाजिक सुरक्षा प्रदान गर्ने,
- योगदानमा आधारित निवृत्तभरण योजनाको दायरालाई प्रदेश, स्थानीय तह एवम् अन्य सार्वजनिक क्षेत्र सम्म विस्तार एवम् छरिएर रहेका अवकाश कोषहरुलाई एकीकृत गरी कोषलाई सार्वजनिक क्षेत्रको एकीकृत सामाजिक सुरक्षा संस्थाको रुपमा विकास गर्ने ।

८.२ कोषको दीर्घकालीन बचतलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्ने गरी सुरक्षा, प्रतिफल एवम् दिगोपना सुनिश्चित हुने गरी देशको पूर्वाधार विकासमा परिचालन गर्न नेपाल सरकारका प्राथमिकता प्राप्त परियोजनाका साथै देशको पूँजी बजारको विकासमा सहयोग पुर्‍याउन विभिन्न उपकरणहरुमा प्राथमिकताका साथ लगानी गरिनेछ ।

८.३ कोषको दीर्घकालीन बचतको प्रभावकारी व्यवस्थापनका लागि सार्वजनिक-निजी साझेदारी तथा सार्वजनिक-सार्वजनिक साझेदारीको अवधारणा अनुरुप संघीय सरकार, प्रदेश सरकार, स्थानीयतह तथा संस्थागत लगानीकर्ताहरुसँग सहकार्य गरिनेछ ।

८.४ सञ्चयकर्ताको आवासको आवश्यकतालाई दृष्टिगत गरी नेपाल सरकार तथा सम्बद्ध निकायहरुको सहयोग तथा सहकार्यमा सञ्चयकर्ता घरजग्गा कम्पनी स्थापना गरी प्रमुख शहरहरुमा सञ्चयकर्ता आवास योजनाको विकास र विस्तार गर्ने । साथै, कोषको स्वामित्वमा रहेका जग्गाको अधिकतम उपयोग गरी भवन निर्माण तथा आवास योजना सञ्चालनका लागि उपयोग गरिनेछ ।

८.५ कोषले प्रदान गर्ने मुनाफालाई बेतन कर्णाली हाईड्रोपावर परियोजनामा लगानी गरी सञ्चयकर्तालाई बैकल्पिक आय आर्जन हुनेव्यवस्था मिलाउने कार्यक्रम रहेको छ ।

८.६ वित्तीय व्यवस्थापन सुधारका लागि कोषको वित्तीय विवरणलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बनाउन कोषको लेखाङ्कन प्रणालीमा IFRS/NFRS थप सुधारका साथलागू गरिनेछ । साथै, अन्तर्राष्ट्रिय सामाजिक सुरक्षा संस्था (ISSA) ले जारी गरेका सम्वन्धित मार्गदर्शनहरुको अनुपालनामा जोड दिईनेछ ।

८.७ कोषका सम्पूर्ण कारोबारहरु एकीकृत कम्प्युटर प्रणालीबाट सञ्चालन गर्ने, विद्युतीय माध्यमको प्रयोग गरी कार्यालयबाटै फाँटवारी पठाउन सक्ने प्रणालीको विकास गर्ने, वाणिज्य बैंकहरुको सहकार्यमा सञ्चयकर्तालाई स्थानीयस्तरमै सेवा प्रदान गर्ने लक्ष्यलाई मूर्तरुप दिइने छ । सञ्चयकर्ताको सेवा प्रवाहलाई प्रविधिमा आधारित र प्रभावकारी बनाउन सम्बन्धित निकायसँगको सहकार्यमा जोड दिईनेछ ।

८.८ कोषको रणनीतिक लक्ष्य तथा उद्देश्य पूरा गर्न साथै सञ्चयकर्ताको अपेक्षालाई अझ बढी सम्वोधन गर्न मानव संसाधनको व्यवस्थापन तथा विकास, नीतिगत एवम् संरचनागत सुधार, कार्य प्रकृयामा सुधार एवम् भौतिक स्रोतको प्रभावकारी व्यवस्थापनको माध्यमवाट कोषको समग्र संस्थागत सुदृढीकरण तथा क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।

८.९ आर्थिक बर्ष २०८०/८१ को अन्त्य सम्ममा समग्र वित्तीय सूचकहरुको झलक देहाय बमोजिम हुने गरी कार्य गरिने छ :

- कुल स्रोतको ९८ प्रतिशत रकम पूर्वाधार विकास, उत्पादन बृद्धि तथा आय आर्जनका क्षेत्रमा प्रवाह भएको हुने,
- योजना अवधिमा कम्तीमा सातवटा पूर्वाधार विकास वा उत्पादनमूलक क्षेत्रका परियोजनामा लगानी भई कुल लगानीको २५ प्रतिशत रकम प्रवाह भएको हुने,
- कोषले सञ्चयकर्तालाई प्रदान गर्ने पाँच वर्षको औसत प्रतिफलदर औसत मुद्रास्फीतिदर भन्दा बढी हुने,
- कुल आम्दानीमा कोषको सञ्चालन खर्चको अनुपात ५ प्रतिशत भन्दा कममा सीमित भएको हुने,
- प्रति कर्मचारी कुल आय रु. ५ करोडभन्दा बढी पुगेको हुने,
- २ वटा व्यावसायिक भवनको निर्माण सम्पन्न भएको हुनेछ । साथै, सञ्चयकर्ताको निमित्त कम्तीमा एउटा आवास परियोजनाको कार्यान्वयन सम्पन्न भई अर्को एउटा परियोजनाको कार्यान्वयन प्रारम्भ भएको हुने,
- कोषमा निष्कृय कर्जाको अनुपात १ प्रतिशत भन्दा कममा सीमित भएकोहुने,
- कुल लगानीमा सञ्चयकर्ता सापटीको अनुपात ५० प्रतिशत भन्दा कम भएको हुने,
- कोषमा प्राप्त हुने सञ्चय कोष कट्टीका फाँटवारीहरु मध्ये शत प्रतिशत फाँटवारीहरु विद्युतीय माध्यमबाट प्राप्तहुने,
- कुल सञ्चयकर्ता मध्ये शत प्रतिशतले कोषको ई-सर्भिस र मोवाईल एप्सको प्रयोग गरेका हुने ।
- सञ्चयकर्ता सेवाका सम्पूर्ण कारोवार पूर्णरुपमा विद्युतीय माध्यमबाट सञ्चालन हुने ।

# परिच्छेद - ९
# कोषको लेखापरीक्षण प्रतिवेदन तथा वित्तीय विवरण

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(सार्वजनिक संस्थान लेखापरीक्षण महानिर्देशनालय)


visit nepal

प.सं. : ०७६।७७

च.नं. : ३४८

मिति: २०७७।०१।२८

श्री प्रशासकज्यू,
कर्मचारी सञ्चय कोष,
पुल्चोक, ललितपुर ।

विषय: लेखापरीक्षण प्रतिवेदन पेश गरेको सम्बन्धमा ।

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन :**

हामीले यसैसाथ संलग्न कर्मचारी सञ्चय कोषको आषाढ मसान्त, २०७६ (१६ जुलाई २०१९) को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आयव्यय विवरण, नगद प्रवाह विवरण तथा इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी :**

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसंग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन् जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आंकडा सहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरुको छनोट र कार्यान्वयन गर्ने, आवश्यकता अनुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी :**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपालको लेखापरीक्षणमान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा सम्पन्न गरिएको छ । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आंकडा रहित प्रस्तुत गर्ने कुरामा यथोचित आस्वस्थता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारेमा पुष्ट्याइं गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आंकडा सहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन सहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारे परीक्षण गरिएको छ, तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: oag.mgmt@oagnep.gov.np
Web Page: www.oagnep.gov.np

उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

**४. कैफियत तथा रायरहितसहितको राय व्यक्त गर्ने आधार :**

वित्तीय विवरणहरुमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौं । लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१ **विमान खरिद कर्जा** - नेपाल वायुसेवा निगमसंग २०७४।२।२८ मा गरेको ऋण सम्झौता अनुसार वाइडबडी विमान खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले रु.१२ अर्ब ऋण प्रवाह गरेकोमा निगमले २०७६ को तेश्रो र चौथो त्रैमासको ब्याज भुक्तानी नगरेको र सोही ब्याज संचय कोष द्वारा पूंजीकरण गर्ने भनी संचालक समितिको बैठक मार्फत निर्णय भएको छ । ठूला र दीर्घकालिन परियोजनाहरुमा लगानी गर्दा विस्तृत अध्ययन, जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्वल पक्षहरु र कर्जा लिनेको व्यावसायिक योजना जस्ता विषयहरुमा अध्ययन, विश्लेषण र मूल्यांकन पश्चात मात्र कर्जा प्रवाह गर्नुपर्नेमा सो नगर्दा कोषको कर्जा रकम उठ्न नसक्ने जोखिम विद्यमान छ ।

४.२ **जलविद्युत क्षेत्रको कर्जा** - माथिल्लो तामाकोशी हाइड्रोपावर कम्पनी लिमिटेड, मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड र सान्जेन जलविद्युत कम्पनी लिमिटेडमा कोषले रु.२३ अर्ब १६ करोड ७ लाख ५५ हजार कर्जा लगानी गरेको छ । ती कम्पनीसंग ऋण सम्झौता गर्दा आयोजना निर्माण अवधि कर्जाको पहिलो किस्ता प्रवाह भएको मितिले ५ वर्षको हुने, सोपछि ऋण भुक्तानी शुरु हुने र अर्को १० वर्षमा सम्पूर्ण ऋण भुक्तानी भइसक्ने उल्लेख छ । ती आयोजनाको निर्माण अवधि बढ्न गई ८ वर्ष पुग्ने तथा लागत समेत बढ्ने अवस्था छ । तर ऋण भुक्तानी तालिकामा पर्ने प्रभाव, संशोधित लागत अनुमान र संशोधित लागतले ऋण पूंजी अनुपातमा पर्ने प्रभाव बारे अध्ययन भइरहेको भएपनि सो अध्ययन अनुसार आवश्यक निर्णय गरि सकेको देखिएन ।

४.३ **भाडा असुली** - कोषको स्वामित्वमा काठमाडौं, सुन्धारामा रहेको घर भाडामा लगाउने सम्बन्धी सम्झौतामा भाडामा लिने संग २०७६ आषाढसम्ममा भाडा र जरिवाना गरी रु.२२ करोड ३९ लाख उठाउन बाँकी रहेको र सोको असुलीको लागि निज विरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको देखिन्छ । सोही भवनको अर्को एक भाडावालाको सम्झौता २०७२ आश्विनमा रद्द गरेकोमा उठ्न बाँकी भाडा रकम रु.१० करोड ८३ लाखमा भाडावालाले भवनमा जोडेको उपकरण तथा संरचनाहरुको मूल्यांकन रु.१ करोड ५९ लाख समायोजन गरि रु.९ करोड २४ लाख उठाउन बाँकी रहेको छ भने लिन बाँकी भाडा रकमको ब्याज तथा जरिवाना समेत असुल गर्नुपर्दछ ।

४.४ **साँवा ब्याज असुली** - कोषले कर्जा प्रवाह गरेको रकममध्ये एक सुगर मिलसंग साँवा र ब्याज रु.१ करोड ६ लाख, पोखरास्थित एक कम्पनीसंग साँवा र ब्याज रु.२७ करोड ५२ लाख असुल गर्न बाँकी छ । त्यसै गरी एक निजी हार्डवेयर कम्पनीको असुल नभएको साँवा र ब्याज रु.६३ करोड ३ लाख यो वर्ष पनि असुल गरेको छैन । गत वर्षको प्रतिवेदनमा सो व्यहोरा औंल्याए पश्चात पोखरा स्थित कम्पनीसंगको कर्जा पुर्नसंरचनाको निर्णय भएको भएपनि सो अनुसार कार्य भएको पाइएन भने अन्य कर्जा सम्बन्धमा स्थिति यथावत् छ । साँवा, ब्याज तथा जरिवाना असुली गर्ने कार्यलाई अझ प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

४.५ **बैङ्क हिसाब भिडान** - कोषको स्रेस्ताले देखाएको र बैङ्कले देखाएको मौज्दात भिडान गर्न बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्दछ । बैङ्क मौज्दात भिडान नभएको रकम २०७२।७३ सम्म रु.१ अर्ब ५६ करोड ३३ लाख, २०७३।७४ सम्म रु.१ अर्ब ९० करोड ८८ लाख, २०७४।७५ सम्म रु.१ अर्ब ९७ करोड १६ लाख रहेको मा यस वर्ष केहि घटेर आर्थिक वर्ष २०७५।७६ को अन्तमा रु १ अर्ब ५४ करोड २८

लाख  पुगेको छ । बैङ्क हिसाब मिलान नहुँदा रकम हिनामिना भएमा समयमै पत्ता नलाग्ने अवस्था रहन्छ । बैङ्क हिसाब मिलान नभएको बाँकी रकमसम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई हिसाब मिलान गर्नु पर्दछ ।

४.६ **संचयकर्ता खाता** - कोषले पूर्ण विवरण नआएका वा विवरणमा अपूर्ण वा द्विविधा भएका संचयकर्ता को सम्बन्धमा अस्थाई संचयकोष नम्बर कोड सिर्जना गरी सो खातामा प्रविष्ट गर्ने गरेकोमा कोषको आर्थिक वर्ष २०७५।७६को अन्त्य सम्ममा अस्थाई संचयकर्ता खातामा संख्या जम्मा ४१,२३७ रहेको पाइयो भने आर्थिक वर्ष २०७५।७६ को अन्तमा चेचालु कोषमा रकमान्तर गरिएका अस्थायी खाताहरु ४५,८६३ रहेको पाइयो । कोषले अस्थाई संचयकोष खाताहरूलाई घटाउने र अबदेखि  अस्थायी संचयकोष खाताहरु नखुल्ने व्यवस्था गर्नेतर्फ कदम चाल्नुपर्छ । साथै आर्थिक वर्ष २०७५।७६ को अन्त्यसम्म कोषमा रहेका ५,५१,६६६ नियमित संचयकर्ता मध्ये १,७५,५९२ संचयकर्ताको मात्र विवरण ग्राहक पहिचान विवरण अध्यावधिक भएकोले सो कार्यमा तिव्रता दिनुपर्ने देखियो ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. **लेखापरीक्षकको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा माथि बुँदा नं. ४.१ देखि ४.६ सम्म औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले कर्मचारी सञ्चय कोषको २०७६ असार मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण,अन्य विस्तृत आयको विवरण नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम समग्रमा सहि र यथार्थ चित्रण गर्दछ ।

(बाबुराम गौतम)
उप-महालेखापरीक्षक

# कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)

## वित्तीय अवस्थाको विवरण
## २०७६ आषाढ ३१

*रकम रुपैयामा*

| विवरण | टिप्पणी | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ |
|---|---|---|---|
| **सम्पत्तिहरु** | | | |
| नगद तथा नगद समान | ४.१ | ४,१५३,१७६,५०० | ३५३,०४७,६४५ |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात | ४.२ | ७८,७८७,५०५,७५५ | ५४,९७७,२५७,२३० |
| व्यापारिक प्रकृतिका सम्पत्तिहरु | ४.३ | - | - |
| सञ्चयकर्तालाई कर्जा तथा सापटी | ४.४ | १८०,५७९,१८३,९८९ | १६८,२३१,४१८,०६६ |
| परियोजना तथा संगठित संस्थाहरुलाई कर्जा तथा सापटी | ४.५ | ५२,१९३,७९८,७३७ | ४५,८९६,०८७,९६५ |
| कर्मचारीलाई कर्जा तथा सापटी | | १,५८२,३५५,९५३ | १,०७९,६४८,०३५ |
| धितोपत्रहरुमा लगानी | ४.६ | २२,९७१,०४२,३१२ | ३८,९२६,५२७,६३९ |
| सम्बद्ध कम्पनीहरुमा लगानी | ४.७ | - | - |
| सम्पत्तिहरुमा लगानी | ४.८ | ७२०,२५९,५८२ | ७१५,९२५,८९४ |
| सम्मत्ति र उपकरण | ४.९ | ४८३,०६६,३२८ | ४५१,४८३,८२० |
| अमूर्त सम्पत्ति | ४.१० | ६,७१७,९१३ | ५,५६३,००४ |
| अन्य सम्पत्ति | ४.११ | ९२०,४६७,२२३ | १,३६८,६८५,३५३ |
| **जम्मा सम्पत्ति** | | **३४२,३९७,५७४,२९२** | **३१२,००५,६४४,६५२** |
| **दायित्वहरु** | | | |
| कर्मचारी सुबिधा दायित्व | ४.१२ | ३,१५१,७७९,१७४ | २,३०६,९२८,२०५ |
| अन्य दायित्व | ४.१३ | १,३१९,१५२,७५३ | १,१४०,७६६,३१२ |
| **जम्मा दायित्व** | | **४,४७०,९३१,९२७** | **३,४४७,६९४,५१७** |
| **कोष तथा जगेडा** | | | |
| सञ्चय कोष | ४.१४ | ३०९,८४८,३६७,२०३ | २७८,७५३,०३५,३२३ |
| निवृतिभरण कोष | ४.१५ | - | - |
| अन्य कोष | ४.१६ | - | - |
| जगेडा तथा बचत | ४.१७ | २८,०७८,२७५,१६२ | २९,८०४,९१४,८१२ |
| **जम्मा कोष तथा जगेडा** | | **३३७,९२६,६४२,३६५** | **३०८,५५७,९५०,१३५** |
| **जम्मा कोष, जगेडा तथा दायित्व** | | **३४२,३९७,५७४,२९२** | **३१२,००५,६४४,६५२** |

संलग्न टिप्पणीहरु (१ देखि ५.१५ सम्म) वित्तीय विवरणका अभिन्न अंग रहेका छन् ।

| | | | | |
|---|---|---|---|---|
| जितेन्द्र धिताल<br>का.मु. सह प्रशासक(मुख्य अधिकृत) | तुलसी प्रसाद गौतम<br>प्रशासक | ध्रुव राज खत्री<br>सञ्चालक | झक्क प्रसाद आचार्य<br>सञ्चालक | किरण कुमार श्रेष्ठ<br>सञ्चालक |
| प्रा.डा. जीवन कुमार भट्टराई<br>सञ्चालक | शिशिर कुमार ढुङ्गाना<br>अध्यक्ष | महेश खनाल<br>लेखापरीक्षक | सुनिर कुमार ढुङ्गेल<br>लेखापरीक्षक | वावुराम गौतम<br>उप-महालेखापरीक्षक |

# कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)

## नाफा वा नोक्सान विवरण

## २०७५ श्रावण १ गतदेखि २०७६ आषाढ ३१ गतेसम्म

*रकम रुपैयामा*

| विवरण | टिप्पणी | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| ऋण तथा लगानीबाट आम्दानी | ४.१८ | २९,६९९,६३३,१३७ | २६,३५८,७९५,३७० |
| ब्याज तथा अन्य प्रत्यक्ष खर्च | ४.१९ | २३,२१०,९८५,१३५ | २०,०२२,४५३,७८९ |
| **ऋण तथा लगानीबाट खुद आम्दानी** | | **६,४८८,६४८,००२** | **६,३३६,३४१,५८१** |
| शुल्क तथा कमिसन आम्दानी | ४.२० | ५,४४६,९०० | ३५,६११,६६९ |
| शुल्क तथा कमिसन खर्च | ४.२१ | - | - |
| **खुद शुल्क तथा कमिसन आम्दानी** | | **५,४४६,९००** | **३५,६११,६६९** |
| व्यापारिक प्रकृतिका सम्पत्तिहरुबाट भएको खुद आम्दानी | ४.२२ | - | - |
| नाफा नोक्सान मार्फत उचित मूल्य (Fair Value) मा रहेका अन्य वित्तीय उपकरणहरुबाट भएको खुद आम्दानी | ४.२३ | - | - |
| अन्य आम्दानी | ४.२४ | २५३,८९९,१४६ | ३१३,५१७,२२८ |
| **कुल सञ्चालन आम्दानी** | | **६,७४७,९९४,०४८** | **६,६८५,४७०,४७८** |
| वित्तीय सम्पत्तिहरुको खुद क्षयीकरण नाफा/(नोक्सान) | ४.२५ | १,३२२,१८७,३४८ | १,०३६,२०४,८९४ |
| कर्मचारी खर्च | ४.२६ | ७५९,५७७,०७४ | १,५४१,१५२,७०३ |
| अन्य सञ्चालन खर्च | ४.२७ | १७०,९४८,२४१ | १३३,७५८,९९० |
| ह्रास कट्टी, परिशोधन तथा गैह्र वित्तीय सम्पत्तिको क्षयीकरण | ४.२८ | ३८,०१८,८०५ | ३३,०३७,४४८ |
| वित्तीय खर्च | | १०,९९२,९९० | ५७७,००८ |
| **यस वर्षको खुद मुनाफा (नोक्सान)** | | **४,४४६,२६९,५९०** | **३,९४०,७३९,४३५** |

संलग्न टिप्पणीहरु (१ देखि ५.१५ सम्म) वित्तीय विवरणका अभिन्न अंग रहेका छन्।

जितेन्द्र धिताल
का.मु. सह प्रशासक(मुख्य अधिकृत)

तुलसी प्रसाद गौतम
प्रशासक

ध्रुव राज खत्री
सञ्चालक

झक्क प्रसाद आचार्य
सञ्चालक

किरण कुमार श्रेष्ठ
सञ्चालक

प्रा.डा. जीवन कुमार भट्टराई
सञ्चालक

शिशिर कुमार ढुङ्गाना
अध्यक्ष

महेश खनाल
लेखापरीक्षक

सुनिर कुमार ढुङ्गेल
लेखापरीक्षक

वाबुराम गौतम
उप-महालेखापरीक्षक

## कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)

## विस्तृत आम्दानी विवरण

## २०७५ श्रावण १ गतदेखि २०७६ आषाढ ३१ गतेसम्म

रकम रुपैंयामा

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **यस वर्षको खुद मुनाफा (नोक्सान)** | **४,४४६,२६९,५९०** | **३,९४०,७३९,४३५** |
| **अन्य विस्तृत आम्दानी** | | |
| परिभाषित कर्मचारी सुविधाको विमाङ्कीय नाफा/(नोक्सान) | (८६९,२६५,६०४) | - |
| सम्पत्ति तथा उपकरणको पुनर्मूल्याङ्कन | - | - |
| लगानी धितोपत्रहरुको उचित मूल्य (Fair Value) मा भएको खुद परिवर्तन | (३,५८७,२४५,६४३) | ३३७,३७८,१५० |
| **जम्मा अन्य विस्तृत आम्दानी** | **(४,४५६,५११,२४७)** | **३३७,३७८,१५०** |
| **कूल विस्तृत आम्दानी** | **(१०,२४१,६५७)** | **४,२७८,११७,५८५** |

जितेन्द्र धिताल
का.मु. सह प्रशासक(मुख्य अधिकृत)

तुलसी प्रसाद गौतम
प्रशासक

ध्रुव राज खत्री
सञ्चालक

झक्क प्रसाद आचार्य
सञ्चालक

किरण कुमार श्रेष्ठ
सञ्चालक

प्रा.डा. जीवन कुमार भट्टराई
सञ्चालक

शिशिर कुमार ढुङ्गाना
अध्यक्ष

महेश खनाल
लेखापरीक्षक

सुनिर कुमार ढुङ्गेल
लेखापरीक्षक

वावुराम गौतम
उप-महालेखापरीक्षक

## कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)

## नगद प्रवाह विवरण

## २०७५ श्रावण १ गतदेखि २०७६ आषाढ ३१ गतेसम्म

रकम रुपैंयामा

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **सञ्चालनबाट नगद प्रवाह** | | |
| यस वर्षको खुद मुनाफा (नोक्सान) | ४,४४६,२६९,५९० | ३,९४०,७३९,४३६ |
| **समायोजन** | | |
| ह्रास कट्टी, परिशोधन तथा गैर वित्तीय सम्पत्तिको क्षयीकरण | ३८,०१८,८०५ | ३३,०३७,४४८ |
| वित्तीय सम्पत्तिहरुको खुद क्षयीकरण | १,३२२,१८७,३४८ | १,०३६,२०४,८९४ |
| नाफा, नोक्सान मार्फत उचित मूल्य (Fair Value) मा रहेका अन्य वित्तीय उपकरणहरुबाट भएको खुद आम्दानी | – | – |
| सञ्चय कोषमा व्याज खर्च | २३,२१०,९८५,१३५ | २०,०२२,४५३,७८९ |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातमा प्राप्त भएको ब्याज | (६,८५९,९६५,४८३) | (६,३७२,४३६,०८६) |
| परियोजना तथा संगठित संस्थाहरुलाई कर्जा तथा सापटीमा प्राप्त भएको ब्याज | (५,२३९,०३९,१३८) | (४,२२३,३५३,६९५) |
| धितो पत्रहरमा लगानीमा प्राप्त भएको व्याज तथा लाभांश | (७९१,३३१,५०९) | (६८२,०५३,५६३) |
| सम्पत्ति र उपकरण, लगानी सम्पत्ति तथा अमूर्त सम्पत्तिको बिक्रिमा भएको लाभ वा नोक्सानी | १६२,१२५ | (८७८,८५५) |
| सम्पत्तिहरुमा लगानीमा प्राप्त भएको खुद आम्दानी | (५०३,१४२,५५८) | (६७२,०९५,२९६) |
| **सञ्चालन गतिविधिसँग सम्बन्धित सम्पत्ति तथा दायित्वहरुमा भएको परिवर्तनहरु** | | |
| व्यापारिक प्रकृतिका सम्पत्तिहरुमा कमी (बृद्धि) | – | – |
| सञ्चयकर्ताहरुलाई कर्जा तथा सापटीमा कमी (बृद्धि) | (१३,५८३,३२१,४५९) | (२६,५५०,४९०,२८८) |
| कर्मचारीहरुलाई कर्जा तथा सापटीमा कमी (बृद्धि) | (५०२,७०७,९१८) | ४०,३०७,३९० |
| अन्य सम्पत्तिमा कमी (बृद्धि) | ४४८,२१८,१३० | (३९२,९०३,५५५) |
| कर्मचारी सुबिधा दायित्वमा बृद्धि (कमी) | ८४४,८५०,९६९ | ६७२,२९९,४५४ |
| अन्य दायित्वमा बृद्धि (कमी) | १७८,३८६,४४१ | ८०,०२३,०८५ |
| **सञ्चालन गतिविधिबाट भएको खुद नगद प्रवाह** | **३,००९,५७०,४७८** | **(१३,०६९,१४५,८४३)** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातमा भएको लगानी | (२३,८१०,२४८,५२५) | (१५५,२४५,३१३) |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातबाट भएको लगानी फिर्ता | – | – |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातमा प्राप्त भएको ब्याज | ६,८५९,९६५,४८३ | ६,३७२,४३६,०८६ |
| परियोजना तथा संगठित संस्थाहरुलाई कर्जा तथा सापटी प्रवाहमा बृद्धि (कमी) | (६,३८४,३४२,५८४) | (१३,६५१,५८६,३१८) |
| परियोजना तथा संगठीत संस्थाहरुलाई कर्जा तथा सापटीमा प्राप्त भएको ब्याज | ५,२३९,०३९,१३८ | ४,२२३,३५३,६९५ |
| धितोपत्रहरुमा लगानीमा बृद्धि (कमी) | १५,९५५,४८५,३२७ | (२,८७०,६९३,६८४) |
| धितोपत्रहरुमा लगानीमा प्राप्त भएको व्याज तथा लाभांस | ७९१,३३१,५०९ | ६८२,०५३,५६३ |
| सम्बद्ध कम्पनीहरुमा लगानीमा बृद्धि (कमी) | – | – |
| सम्पत्तिहरुमा लगानीमा बृद्धि (कमी) | (१५,८७१,९७७) | – |
| सम्पत्तिहरुमा लगानीमा प्राप्त भएको खुद आम्दानी | ५०३,१४२,५५८ | ६७२,०९५,२९६ |
| सम्पत्ति र उपकरणमा बृद्धि (कमी) | (५६,६७८,७८१) | (५७,२५१,४८७) |
| अमूर्त सम्पत्तिमा बृद्धि (कमी) | (२,७०१,२७७) | (४,१४३,३२६) |
| **लगानी गतिविधिबाट भएको खुद नगद प्रवाह** | **(९२०,८७९,१२९)** | **(४,७८८,९८१,४८८)** |
| **वित्तीय श्रोतवाट नगद प्रवाह** | | |
| सञ्चय कोषमा बृद्धि (कमी) | ३१,०९५,३३१,८८० | ३२,२१८,६७३,४४२ |
| सञ्चय कोषमा व्याज खर्च | (२३,२१०,९८५,१३५) | (२०,०२२,४५३,७८९) |
| निवृतिभरण कोषमा बृद्धि (कमी) | – | – |
| अन्य कोषमा बृद्धि (कमी) | – | – |
| जगेडा तथा बचतहरूमा बृद्धि (कमी) | (६,१७२,९०९,२४०) | (३४९,०४८,९२१) |
| **वित्तीय श्रोत सम्बन्धी गतिविधिबाट भएको खुद नगद प्रवाह** | **१,७११,४३७,५०५** | **११,८४७,१७०,७३२** |
| **सम्पूर्ण गतिविधिबाट भएको खुद नगद प्रवाह** | **३,८००,१२८,८५४** | **(६,०१०,९५६,५९८)** |
| **वर्षको शुरुमा भएको नगद तथा नगद समान मौज्दात** | ३५३,०४७,६४६ | ६,३६४,००४,२४४ |
| विदेशी मुद्रामा रहेको नगद तथा नगद समान मौज्दातमा पुनर्मूल्यांकनको कारणले भएको समायोजन | - | – |
| **वर्षको अन्तमा भएको नगद तथा नगद समान मौज्दात** | **४,१५३,१७६,५००** | **३५३,०४७,६४६** |

जितेन्द्र धिताल
का.मु. सह प्रशासक(मुख्य अधिकृत)

तुलसी प्रसाद गौतम
प्रशासक

ध्रुव राज खत्री
सञ्चालक

झक्क प्रसाद आचार्य
सञ्चालक

किरण कुमार श्रेष्ठ
सञ्चालक

प्रा.डा. जीवन कुमार भट्टराई
सञ्चालक

शिशिर कुमार ढुङ्गाना
अध्यक्ष

महेश खनाल
लेखापरीक्षक

सुनिर कुमार ढुङ्गेल
लेखापरीक्षक

बाबुराम गौतम
उप-महालेखापरीक्षक

## कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)

## जगेडा तथा कोषमा भएको परिवर्तनको विवरण

## २०७५ श्रावण १ गतदेखि २०७६ आषाढ ३१ गतेसम्म

रकम रुपैंयामा

| विवरण | साधारण जगेडा कोष | सञ्चयकर्ता कल्याणकारी कोष | कर्मचारी कल्याणकारी कोष | मुनाफा वाँडफाँड कोष | उचित मूल्य (Fair Value) जगेडा | पुनर्मूल्यांकन जगेडा | सञ्चयकर्ता हाईड्रो कोष | पेन्सन कोष | अन्य कोष | कर्मचारी सञ्चय कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **२०७५ श्रावण १ को मौज्दात** | १,३३२,४०४,९९० | १,६०५,८२०,९८२ | ४२,१५७,५९३ | ५,२३९,८२१,७०६ | १८,८९७,०३४,७७० | - | २,६८७,६७४,७७१ | - | - | २७८,७५३,०३५,३२३ | ३०८,५५७,९५०,१३५ |
| नाफाबाट थप | १९७,०३६,९७२ | ८२७,५५५,२८२ | १५७,६२९,५७७ | २,७५८,५१७,६०५ | - | - | - | - | - | - | ३,९४०,७३९,४३६ |
| मुनाफा बाँडफाँट | २६६,७७६,१७५ | ८८९,२५३,९१८ | १७७,८५०,७८४ | ३,११२,३८८,७१३ | - | - | - | - | - | - | ४,४४६,२६९,५९० |
| रकमान्तर | ८२,७८८,७२६ | २,८५९,१०३ | (५६,३८३,९०६) | (३,९४०,७३९,४३६) | - | - | १,६२३,७१७,७२७ | - | - | - | (२,२८७,७५७,७८७) |
| कोषबाट खर्च | - | (४८४,५७५,९०९) | (९९,१४८,३२०) | (२,६६२,९४३,११८) | - | - | (१२३,७६२,१७९) | - | - | - | (३,३७०,४२९,५२५) |
| कर्मचारी सञ्चय कोषमा भएको खुद वृद्धि | - | - | - | - | - | - | - | - | - | ३१,०९५,३३१,८८० | ३१,०९५,३३१,८८० |
| शेयर लगानीको उचित मूल्य (Fair Value) मा समायोजन | - | - | - | - | (३,५८७,२४५,६४३) | - | - | - | - | - | (३,५८७,२४५,६४३) |
| परिभाषित कर्मचारी सुविधाको विमाङ्कीय नाफा/(नोक्सान) | (८६९,२६५,६०४) | - | - | - | - | - | - | - | - | - | (८६९,२६५,६०४) |
| सम्पत्ति र उपकरण तथा लगानी सम्पत्तिको पुनर्मूल्यांकन (Revaluation) समायोजन | - | - | - | - | - | - | - | - | - | - | - |
| अघिल्लो वर्षको आम्दानी/(खर्च) | १,०४९,८८३ | - | - | - | - | - | - | - | - | - | १,०४९,८८३ |
| **२०७६ आषाढ ३१ को मौज्दात** | १,०१०,७९१,१४३ | २,८४०,९१३,३७६ | २२२,१०५,७२८ | ४,५०७,०४५,४७० | १५,३०९,७८९,१२७ | - | ४,१८७,६३०,३१९ | - | - | ३०९,८४८,३६७,२०३ | ३३७,९२६,६४२,३६५ |

जितेन्द्र धिताल
का.मु. सह प्रशासक(मुख्य अधिकृत)

तुलसी प्रसाद गौतम
प्रशासक

ध्रुव राज खत्री
सञ्चालक

झक्क प्रसाद आचार्य
सञ्चालक

किरण कुमार श्रेष्ठ
सञ्चालक

प्रा.डा. जीवन कुमार भट्टराई
सञ्चालक

शिशिर कुमार ढुङ्गाना
अध्यक्ष

महेश खनाल
लेखापरीक्षक

सुनिर कुमार ढुङ्गेल
लेखापरीक्षक

वाबुराम गौतम
उप-महालेखापरीक्षक

**कर्मचारी सञ्चय कोष**
**(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)**
**लेखा सम्बन्धी टिप्पणीहरु**
**आर्थिक वर्ष २०७५/२०७६**

## १. सामान्य जानकारी (General Introduction)

कर्मचारी सञ्चय कोषले सञ्चयकर्ताहरुबाट संकलन भएको सञ्चित रकमको व्यवस्थापन तथा प्रभावकारी परिचालन गरी सञ्चयकर्ताहरुलाई उचित प्रतिफल प्रदान गर्नुका साथै बचत रकमबाट विभिन्न सामाजिक सुरक्षण सुविधाहरु प्रदान गर्दै आईरहेको छ । कोष कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुरुप स्थापित सामाजिक सुरक्षण संस्थाका साथै गैह्र बैकिङ्ग प्रकृतिको देशकै ठूलो वित्तीय संस्था हो । यस कोषको केन्द्रीय कार्यालय पुल्चोक, ललितपुरमा रहेको छ ।

कोषले ६ लाख भन्दा बढी सञ्चयकर्ताको सञ्चित रकममा वार्षिक रुपमा व्याज तथा मुनाफा प्रदान गर्नुका अतिरिक्त सञ्चयकर्ताको हितमा विशेष सापटी, घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी र सरल चक्र कर्जा जस्ता कर्जा तथा सापटी सुविधाहरु प्रदान गर्दै आएको छ भने सामाजिक सुरक्षा सुविधा अन्तर्गत सञ्चयकर्ता दुर्घटना क्षतिपूर्ति, सञ्चयकर्ता काजक्रृया अनुदान, सञ्चयकर्ता औषधोपचार सहयोग योजना र शिशु तथा सुत्केरी हेरचाह सुविधा कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

कोषले सञ्चयकर्ताको अतिरिक्त विभिन्न जलविद्युत कम्पनीहरुमा शेयर तथा ऋण लगानी गरी नेपालको जलविद्युत क्षेत्रको विकासको सहायकको रुपमा अघि बढिरहेको छ ।

## २. वितीय विवरणहरु तयार र प्रस्तुत गर्ने आधार (Basis of Preparation and Presentation of Financial Statements):

### २.१ नेपाल वितीय प्रतिवेदनमानको अनुपालना (Compliance with Nepal Financial Reporting Standard-NFRS)

लेखामान बोर्ड नेपालले सिफारिस गरे बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी गरिएको नेपाल वितीय प्रतिवेदनमान अनुरुप वित्तीय विवरणहरु तयार गरिएका छन् । नेपाल वितीय प्रतिवेदनमानमा अन्तराष्ट्रिय लेखामान बोर्डले जारी गरेका विवेचना (IFRIC र SIC) समेत पर्दछन् ।

वित्तीय विवरण महालेखा परीक्षकको कार्यालयबाट मिति २०७५/११/१४ मा स्वीकृत ढाँचा अनुरुप तयार गरिएको छ ।
संलग्न वित्तीय विवरणहरु कोषको संचालक समितिको २०७६/११/२० मा बसेको १५५९ औं बैठकले अनुमोदन गरेको छ ।

### २.२ कार्यात्मक र प्रस्तुतीकरण मुद्रा (Functional and Presentation Currency)

वित्तिय विवरणहरु कोषको कार्यात्मक मद्रा, नेपाली रुपैयामा प्रस्तुत गरिएको छ ।

### २.३ अनुमान, मान्यता तथा अभिप्रायको प्रयोग (Use of Assumptions, Estimates and Judgedment)

नेपाल वितीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्दा केही क्षेत्रहरुमा अनुमान, मान्यता तथा अभिप्रायको प्रयोग गर्नुपर्ने हुन्छ । यसरी अनुमान गर्दा विगतको अनुभव र अन्य असर गर्ने तत्वहरुलाई समावेश गर्ने गरिएको छ । अनुमान, मान्यता तथा अभिप्रायहरु वास्तविकतामा परिणत हुँदा तयार पारिएको मितिको वित्तीय विवरणले प्रस्तुत गरेका सम्पत्ति, दायित्व, आम्दानी तथा खर्च रकमहरु पूर्वानुमान र मान्यताभन्दा फरक पर्न सक्दछन् । निरन्तर संचालनको आधार (going concern basis) मानेर अनुमान र मान्यताहरु पुनरावलोकन गरिएका छन् । लेखा सम्बन्धी अनुमानलाई समय सापेक्ष पुनरावलोकन गर्ने गरिएको छ । अनुमानमा फरक परेको कारणले पर्ने असर अनुमानमा फरक परेको वर्षमा नै समायोजन हुन्छन् ।

वित्तीय विवरणहरु तयार गर्दाका महत्वपूर्ण अनुमानहरु, जसले प्रस्तुत रकममा सारभूतरुपमा असर गर्दछन् जुन निम्नानुसार रहेका छन्:

१) सम्पत्ति, उपकरण, लगानी सम्पत्ति तथा अमूर्त सम्पत्तिको उपयोगी आयु (useful life)

२) कर्मचारी दायित्वहरु

### २.४ नेपाल वितीय प्रतिवेदनमानको प्रयोग (Use of Nepal Financial Reporting Standards)

कोषले नेपाल वितीय प्रतिवेदनमान अनुसार वित्तीय विवरणहरु तयार गरेको छ ।

### २.५ नेपाल वित्तीय प्रतिवेदनमानका carve-out हरु

लेखामान बोर्ड नेपालले सिफारिस गरे बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था ले NFRS कार्यान्वयन गर्नका लागि प्रदान गरेका carve-out हरु मध्ये कोषले निम्न carve-out प्रयोग गरेको छ :

**१) नेपाल लेखामान ३९– वित्तीय साधनहरुः मान्यता र मापन**

विश्वासनीय हिसाबले निर्धारण गर्न अव्यवहारिक हुने र नगन्य रहने स्थिति रहँदा निम्न उल्लेखित व्यवस्थामा विकल्प प्रदान गरिएको छ र कोषले उक्त विकल्प प्रयोग गरेको छ।

क) नेपाल लेखामान ३९ को परिच्छेद ९ अनुसार वित्तीय साधनहरुको प्रभावकारी व्याजदर गणना गर्दा ती वित्तीय साधनहरुको अनुबन्धीय शर्तहरु बमोजिम तिरिएको र लिएको सम्पूर्ण शुल्क र बिन्दुहरुलाई समावेश गर्नु नपर्ने विकल्प । कोषले संचयकर्तालाई प्रदान गरिएको कर्जा, सँगठित संस्था तथा परियोजनालाई प्रदान गरिएको कर्जा तथा बन्डको प्रिमियम हिसाबमा यो विकल्प प्रयोग गरेको छ।

## ३ प्रमुख लेखा नीतिहरु (Major Accounting Policies):

### ३.१ मापन तथा लेखाङ्कनको आधार (Measurement and Basis of Accounting)

निम्न उल्लेखित अवस्थामा बाहेक वित्तीय विवरणहरु ऐतिहासिक लागत अवधारणा (Historical Cost Convention) अनुरुप तयार गरिएका छन्।

| | |
|---|---|
| शेयरमा लगानी | उचित मूल्य (fair value) |
| कर्मचारीलाई प्रदान गरिएको ऋण | परिशोधन लागत (amortized cost) |

अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक वित्तीय विवरणहरु प्रोदभावी आधार (accrual basis)मा तयार गरिएका छन्।

### ३.२ एकल वित्तीय विवरण

प्रस्तुत वित्तीय विवरण कोषको एकल वित्तीय विवरण हो। कोषको एकिकृत वित्तीय विवरण तयार गर्नुपर्ने अवस्था रहेको छैन।

### ३.३ व्याज आम्दानी तथा खर्च

व्याज आम्दानी र खर्च, नाफा वा नोक्सान हिसाबमा प्रोदभावी आधारमा प्रभावकारी व्याज (Effective Interest) विधि प्रयोग गरी जनाइएको छ । भविष्यको अनुमानित नगद भुक्तानी/प्राप्तिलाई वित्तीय सम्पत्ति/दायित्वको अपेक्षित आयुमा ठ्याक्कै डिष्काउन्ट गर्ने दरलाई प्रभावकारी व्याज दर भनिन्छ।

व्याज आम्दानीको लेखाङ्कन गर्नको लागि रकमको निर्क्यौल हुनुपर्ने र सोको आर्थिक लाभ कोषले प्राप्त गर्ने सम्भावना भएको हुनु पर्दछ। परियोजना तथा सँगठित संस्थाहरुलाई कर्जा तथा सापटीमा पूँजीकृत गरिएको व्याजलाई र असल कर्जामा प्रोदभावी आधारमा आम्दानी जनाईएको छ भने सो बाहेक नगद प्राप्ति आधारमा आम्दानी जनाइएको छ।

### ३.४ अन्य आम्दानी तथा खर्चहरु

**१) शुल्क र कमिशन आय**

शुल्क र कमिशन आय साधारणतया सम्बन्धित सेवा भइसकेपछि वा एक सार्थक कार्यको कार्यन्वयन भइसकेपछि जनाइन्छ। ऋण प्रदान गर्दा लाग्ने सेवा शुल्क सो प्रदान भइसकेपछि जनाईन्छ।

**२) शुल्क र कमिशन खर्च**

शुल्क र कमिशन खर्च साधारणतया सम्बन्धित सेवा प्राप्त भइसकेपछि वा एक सार्थक कार्यको कार्यन्वयन भइसकेपछि जनाईन्छ।

**३) खुद व्यापारिक लाभ**

व्यापारिक सम्पत्ति/दायित्वको हकमा पाकेको (accrued) व्याज, बिक्रिमा लाभ हानी, लाभांश लगायतका कारोबारबाट श्रृजित लाभ/हानी (realised gain/loss) यस अर्न्तगत राखिन्छ।

**४) लाभांश आम्दानी**

लाभांश प्राप्त गर्ने हक स्थापित भइसकेपछि लाभांश आम्दानी जनाईन्छ। लाभांशलाई सम्पत्तिको वर्गिकरण अनुसार विभिन्न शिर्षकहरुमा प्रस्तुत गरिन्छ।

**५) अन्य आय**

फाइदा वा रकम कोषमा प्राप्त हुने र सो को वस्तुपरक निर्धारण हुने अवस्थामा माथि उल्लेखित बाहेकका आयहरुको लेखाङ्कन गरिएको छ ।

### ३.५ पट्टा (Lease)

वित्तीय पट्टा र संचालन पट्टाको वर्गिकरण पट्टाको शुरु मितिमा गरिन्छ । त्यस्तो पट्टा जस्मा जोखिम र इनामको एक महत्वपूर्ण भाग धनीले (Owner) आफैसँग राख्छ त्यसलाई संचालन पट्टाको रुपमा वर्गीकरण गरिन्छ । त्यस्तो पट्टा जसमा जोखिम र इनामको महत्वपूर्ण भाग धनीले कमेटीलाई (lessee) हस्तान्तरण गर्छ त्यसलाई वित्तीय पट्टाको रुपमा वर्गीकरण गरिन्छ ।

**१) पट्टा भुक्तानी - कमेटी (Lessee)**

संचालन पट्टाको भुक्तानीलाई पट्टाको दररेटमा मूल्यवृद्धिको समायोजन सहित सम्बन्धित आर्थिक वर्षमा खर्च लेखाङ्कन गरिएको छ , जुन कोषको मूल्यांकनमा समदर प्रक्रियाबाट हुने खर्च लेखाङ्कन भन्दा उचित रहेको छ ।

वित्तीय पट्टा अन्तर्गतको न्यूनतम पट्टा भुक्तानीलाई वित्तीय लागत तथा बांकि दायित्वमा समायोजनको रुपमा भाग लगाइन्छ । वित्तीय लागतलाई बांकि दायित्वमा समदरमा प्रतिफल प्राप्त हुने हिसाबमा पट्टा अवधि भरमा नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ ।

संयोगिक (contingent) पट्टा भुक्तानीलाई उक्त कुरा पक्का भएको मितिमा न्युनतम पट्टा भुक्तानीलाई समायोजन गरी लेखाङ्कन गरिन्छ ।

**२) पट्टा सम्पत्ति - कमेटी (Lessee)**

संचालन पट्टामा रहेको सम्पत्तिलाई वित्तीय विवरणमा प्रस्तुत गरिदैन ।

वित्तीय पट्टामा रहेको सम्पतिलाई प्रारम्भिक मापनमा उचित मूल्य र न्यूनतम पट्टा भुक्तानीमध्ये हुने कम रकममा मापन गरिन्छ । प्रारम्भिक मापन पछि उक्त सम्पत्ति जुन वर्गमा पर्छ, सोही अनुसारको लेखा नीति प्रयोग गरी मापन गरिन्छ ।

**३) पट्टा सम्पत्ति - धनी (Lessor)**

वित्तीय पट्टामा रहेको सम्पतिलाई कोषले प्राप्त गर्नुपर्ने पट्टामा खुद लगानी रकमको रुपमा लेखाङ्कन गरी ऋण तथा सापटी अन्तर्गत प्रस्तुत गरिन्छ ।

**४) पट्टा भुक्तानी प्राप्ति**

संचालन पट्टाको भुक्तानी प्राप्तीलाई पट्टाको दररेटमा मूल्यवृद्धिको समायोजन सहित सम्बन्धित आर्थिक वर्षमा आय लेखाङ्कन गरिएको छ , जुन कोषको मूल्यांकनमा समदर प्रक्रियाबाट हुने आय लेखाङ्कन भन्दा उचित रहेको छ ।

वित्तीय पट्टा अन्तर्गतको न्युनतम पट्टा भुक्तानी प्राप्तीलाई वित्तीय आम्दानी तथा प्राप्त गर्न बाँकी रकमको रुपमा भाग लगाईन्छ । वित्तीय आम्दानीलाई पट्टामा बाँकी रहेको सम्पत्तिमा समदरमा प्रतिफल प्राप्त हुने हिसाबमा पट्टा अवधि भरमा नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ ।

### ३.६ विदेशी विनिमय कारोवारहरु

विदेशी मुद्रामा हुने कारोबारलाई कारोबार मितिमा विद्यमान दरमा नेपाली रुपैयाँमा रुपान्तरण गरिएको छ ।

विदेशी मुद्रामा रहेको मौद्रिक सम्पत्ति एवं दायित्वहरुलाई वर्षान्तमा विद्यमान दरले नेपाली रुपैयाँमा रुपान्तरण गरिएको छ । मौद्रिक सम्पत्ति एवं दायित्वको वर्षको सुरुवातको कार्यात्मक मुद्रामा रहेको रकम, वर्षभरीमा प्राप्त रकम, प्रभावकारी व्याजको र विदेशी मुद्रामा रहेका सम्पत्ति दायित्वको परिशोधित रकमको फरकलाई कार्यात्मक रकममा परिवर्तन गर्दा हुन आउने फरकलाई विनिमय नाफा वा नोक्सानको रुपमा लेखाङ्कन गरिन्छ ।

विदेशी मुद्रामा रहेको गैर मौद्रिक सम्पत्ति एवं दायित्वहरुलाई उचित मूल्य निर्धारण गरेको मितिमा विद्यमान दरले नेपाली रुपैयाँमा रुपान्तरण गरिएको छ । विदेशी मुद्रामा रहेको गैर मौद्रिक वस्तुलाई कारोबार मितिको दरले नेपाली रुपैयाँमा रुपान्तरण गरिन्छ । सोमा फरक पर्न गएमा सामान्यतया नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ ।

### ३.७ आयकर

आयकर ऐनको दफा ६४ को उपदफ २ अनुसार कोषको आयमा आयकर नलाग्ने हुनाले आयकर व्यवस्था गरिएको छैन । आयकर छुट भएको कारणले स्थगन करको हिसाब गर्नुपर्ने रहेको छैन ।

**३.८ वित्तीय सम्पत्ति तथा दायित्वहरु**

**१) पहिचान (Recognition)**

वित्तीय उपकरणहरुलाई वित्तीय अवस्थाको विवरणमा उक्त उपकरणसँग सम्बन्धित मितिको आधारमा जनाईन्छ ।

वित्तीय सम्पत्ति तथा दायित्वहरुको प्रारम्भिक मूल्यांकन उचित मूल्यमा गरिन्छ । जुन उपकरण नाफा वा नोक्सान मार्फत उचित मूल्यमा वर्गीकरण गरिदैन, त्यस्ता उपकरणसँग सम्बन्धित प्रत्यक्ष्य खर्चहरु समावेश गरिएको लागतमा मूल्यांकन गरिन्छ ।

**२) वर्गीकरण (Classification)**

**वित्तीय सम्पत्ति (Financial Assets)**

वित्तीय सम्पत्तिहरु कसरी व्यवस्थापन गरिएको छ भन्ने आधारमा वित्तीय सम्पत्तिलाई परिशोधन लागत (amortized cost) वा अन्य विस्तृत आय मार्फत उचित मूल्यमा र नाफा वा नोक्सान मार्फत उचित मूल्य मध्ये कुनै एकमा वर्गीकरण गरिन्छ ।

परिशोधन लागतमा निश्चित वा दृश्यात्मक (fixed or determinable) भुक्तानी भएका नन् डेरिभेटिभ उपकरणहरु अवधि समाप्त मितिसम्म धारण गर्ने मनसायबाट धारण गरिएका वित्तीय सम्पत्तिहरुलाई यस वर्गमा समावेश गरिन्छ । यस्ता सम्पत्तिहरुको प्रारम्भिक मापन सम्पत्तिसँग सम्बन्धित प्रत्यक्ष खर्चहरु समावेश गरिएको लागतमा मूल्यांकन गरिन्छ । प्रारम्भिक मापनपछि प्रभावकारी व्याजदरको प्रयोग गरी तथा क्षयीकरण नोक्सानीको (impairment loss) समायोजन गरी परिशोधन लागतमा सम्पत्तिको मापन गरिन्छ ।

नाफा वा नोक्सान मार्फत उचित मूल्यमा (fair value through profit or loss): कोषले उचित मूल्यको आधारमा खरीद वा बिक्रि गर्ने हिसाबमा धारण गरेका सम्पत्तिहरु यस वर्गमा समावेश गरिन्छ । खरीद वा बिक्रिको लागतलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ ।

अन्य विस्तृत आय मार्फत उचित मूल्यमा (fair value through other comprehensive income): माथि उल्लेखित बाहेकमा नन् डेरिभेटिभ वित्तीय सम्पत्तिहरु यस वर्गमा समावेश गरिन्छ । यस्ता सम्पत्तिहरुको प्रारम्भिक मापन उचित मूल्यमा गरिन्छ । प्रारम्भिक मापन पछिको मापन (subsequent measurement) उचित मूल्यमा नै गरिन्छ र उचित मूल्यमा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा लेखाङ्कन गरिन्छ र सोलाई संचित आय तथा कोषमा उचित मूल्य जगेडामा प्रस्तुत गरिन्छ । सम्पत्ति त्याग गर्दा कायम रहेको जम्मा जगेडा रकमलाई वितरणयोग्य नाफामा स्थानान्तरण गरिन्छ ।

**वित्तीय दायित्व (Financial Liabilities)**

कोषले वित्तीय जमानत तथा ऋण प्रतिबद्धता बाहेकका वित्तीय दायित्वहरुलाई परिशोधन लागत वा नाफा वा नोक्सान मार्फत उचित मूल्यमध्ये कुनै एकमा वर्गीकरण गरेको छ ।

**३) डि-रिकग्निसन (De-recognition)**

वित्तीय सम्पत्तिका सर्तहरु संशोधन गरिएमा वा उक्त सम्पत्ति नयाँ सम्पत्तिसँग बदलिएमा वित्तीय सम्पत्तिको डि-रिकग्नाइज गर्नुपर्ने हो होइन भन्ने परीक्षण गरिन्छ । पहिलेको नगद प्रवाह महत्वपूर्ण रुपमा फरक भएमा सो सम्पत्तिबाट हुने नगद प्रवाहको म्याद समाप्त भएको मानिन्छ । उक्त परिस्थितिमा पहिलेको सम्पत्ति डि-रिकग्नाइज गरिन्छ र नयाँ सम्पत्ति उचित मूल्यमा लेखाङ्कन गरिन्छ ।

**वित्तीय सम्पत्ति**

सम्पत्तिबाट नगद प्राप्तिको अनुबंन्धित अधिकार समाप्त हुँदा वा सम्पत्तिको जोखिम र इनामको महत्वपूर्ण भाग समेत हस्तान्तरण हुने गरी सम्पत्तिबाट नगद प्राप्तिको अनुबन्धित अधिकार हस्तान्तरण गर्दा वा कोषको सम्पत्तिमा नियन्त्रण नहुने अवस्थामा कोषले वित्तीय सम्पत्ति डि-रिकग्नाइज गर्छ ।

वित्तीय सम्पत्ति डि-रिकग्नाइज गर्दा प्राप्त भएको रकम र अघि सारिएको रकमको फरकलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ ।

**वित्तीय दायित्व**

कोषले अनुबन्धित दायित्व निर्वहन वा रद्द वा समाप्त हुँदा वित्तीय दायित्व डि-रिकग्नाइज गर्छ ।

**४) अफसेट**

कानुनी अधिकार रहेको र उद्देश्य नै खुद रकम जनाउने छ भने मात्र वित्तीय सम्पत्ति र दायित्व एक आपसमा अफसेट गरिन्छ र खुद रकम जनाईछ ।

नेपाल लेखामानले अनुमति दिएको अवस्थामा वा उस्तै कृयाकलापबाट श्रृर्जित आय र खर्चहरु मात्र अफसेट गरी खुद रकम प्रस्तुत गरिन्छ ।

**५) परिशोधन लागतमा मापन (Measured at Amortized Cost)**

प्रारम्भिक मापनको रकममा साँवा रकम घटाई तथा प्रभावकारी व्याज विधिबाट मापन गरिएको प्रारम्भिक रकम र सो को अन्तिम रकमको फरक जोडी वा घटाई आउने रकममा क्षयीकरण नोक्सानीको समायोजन पछिको रकम नै वित्तीय सम्पत्ति तथा दायित्वको परिशोधन लागत हो ।

**६) उचित मूल्य मापन (Measured at Fair Value)**

बजारमा सहभागी व्यक्तिहरु बीचको उचित कारोबारमा सम्पत्ति निसर्गमा प्राप्त हुने रकम वा दायित्व निसर्गमा भुक्तानी गर्नुपर्ने रकम वा बजार अभाव भएको अवस्थामा आफ्नो पहुँच भएको सबैभन्दा फाइदाजनक बजारको मूल्य नै उचित मूल्य हो ।

उपलब्ध भएसम्म उपकरणको उचित मूल्य सक्रिय बजारको उद्धृत (quoted) मूल्यलाई मानिन्छ । उपकरणको लगातार रुपमा कारोबार हुने बजारलाई सक्रिय बजार मानिन्छ ।

सक्रिय बजार नभएको अवस्थामा कोषले प्रासंगिक कारकहरुको (observable inputs) पहिचान तथा प्रयोग गरी उपयुक्त मूल्यांकन विधिहरु अबलम्बन गरी उचित मूल्यको निर्धारण गर्छ ।

वित्तीय उपकरणको उचित मूल्यको उत्तम प्रमाण भनेको उक्त उपकरणको कारोबार मूल्य हो । यदि कोषको नजरमा कारोबार रकम र उचित मूल्य फरक रहेको छ र उचित मूल्यको निधांरण न त सक्रिय बजारमा उद्धृत मूल्य रहेको न त प्रासंगिक कुराहरुलाई मध्यनजर गर्दै अन्य मूल्यांकन विधिबाट मूल्यांकन गरिएको छैन भने उचित मूल्य र कारोबार रकमको फरकलाई स्थगन गरी उचित मूल्यमा उपकरणको मापन गरिन्छ । उक्त फरक रकमलाई उपकरणको अवधिभरमा नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ ।

**७) क्षयीकरणको पहिचान तथा मापन (recognition and measurement of impairment)**

कोषले हरेक प्रतिवेदन मितिमा वित्तीय सम्पत्तिहरुमा क्षयीकरण हुने साध्य सुचना (objective evidence)रहे नरहेको निधांरण गर्ने गर्दछ । साध्य सूचनाहरुले प्रारम्भिक पहिचान पछि वित्तीय सम्पत्तिहरुको समूहमा नोक्सान हुने केही कारक घटना घटेको इंगित गरेमा र उक्त नोक्सानले सम्पत्तिबाट भविष्यमा प्राप्त हुने रकमलाई पार्ने असरको यथार्थ अनुमान गर्न सकिएमा वित्तीय सम्पत्तिहरुको क्षय भएको मानिन्छ ।

साध्य सूचनामा निम्न कुराहरु समावेश हुन्छन् ।

- कर्जा लिने व्यक्ति उल्लेखनीय रुपमा वित्तीय संकटमा परेमा,
- कोषले विरलै गर्ने किसिमले कुनै कर्जाको पनर्संरचना गरेमा,
- ऋणीले कर्जा भुक्तानी गर्न चुकेमा (default),
- ऋणी वा जारीकर्ता टाट पल्टने देखिएमा,
- धितोको सक्रिय बजार कायम नरहेमा,
- समग्र आर्थिक वातावरणमा भएको परिवर्तनले ऋणीको भुक्तानी अवस्थामा परिवर्तन भएमा

शेयर लगानीको हकमा नेटवर्थभन्दा किताबी मूल्य निरन्तर वा उल्लेख्य रुपमा कम भएमा क्षय भएको प्रमाण मिल्दछ ।

कोषले कर्जा तथा सापटी तथा धितोपत्रमा लगानीमा एकल तथा सामूहिक क्षयीकरण नोक्सानीको प्रमाणहरुलाई मध्यनजर गर्दै महत्वपूर्ण उपकरणहरुको एकल तथा अन्यको सामूहिक क्षयीकरण नोक्सानीको मूल्यांकन गर्दछ । सामूहिक मूल्यांकन गर्दा समान जोखिम विशेषताहरु भएमा सम्पत्तिहरुलाई एकै समुहमा विभाजन गरिन्छ ।

सामूहिक क्षयीकरण नोक्सानीको मूल्यांकन गर्दा कोषले चुक हुने सम्भावना, रकम प्राप्त हुने समय र व्यहोरेको नोक्सानीको ऐतिहासिक प्रवृतिको statisticalmodeling को प्रयोग गरी matrix तयार गर्दछ र सो मा हालको आर्थिक तथा कर्जाको वातावरण वा अवस्थाको समायोजन गरी अनुमानित क्षयको निर्धारण गर्दछ । चुक हुने दर, नोक्सानी दर तथा असुल हुने समयहरुमा नियमित रुपमा अद्यावधिक गरिन्छ ।

परिशोधन मूल्यमा मापन गरिएको सम्पत्तिको क्षयीकरण नोक्सानी सम्पत्तिको अघि सारिएको मूल्य (carrying amount) र प्रभावकारी व्याजदरले हुन आउने वर्तमान मूल्यको फरक रकम नै परिशोधन मूल्यमा मापन गरिएको सम्पत्तिको क्षयीकरण नोक्सानी हो ।

Incurred Loss Model अनुसार गणना गरिने क्षयिकरणलाई (Impairment) एकल क्षयिकरण (Individual Impairment) र सामुहिक क्षयिकरण (Collective Impairment) गरी वर्गिकरण गरिएको छ । परियोजना कर्जाहरु जसको बक्यौता रकम अर्थपुर्ण (Significant) छ, ती कर्जाहरुलाई NAS ३९ अनुसार एकल क्षयिकरण विधिबाट क्षयिकरण रकम गणना गरिएको छ भने बाँकी कर्जाहरुलाई NAS ३९ को Application Guidelines अनुसार सामुहिक क्षयिकरण विधिबाट रकम गणना गरिएको छ । यसरी गणना गरिएको क्षयिकरण रकमलाई कोषको लगानी नीति अनुसार गणना गरिएको क्षयिकरण रकम सँग तुलना गरी दुई मध्ये जुन बढी हुन्छ सोही रकमलाई वित्तिय विवरणमा क्षयिकरण रकमको रुपमा देखाइएको छ  सो सम्वन्धि विस्तृत विवरण निम्नअनुसार रहेको छ :

| NFRS 39अनुसार को क्षयीकरण | रकम रु. |
|---|---|
| एकलक्षयीकरण | ५६०,००५,६३७.२१ |
| सामुहिकक्षयीकरण | ५७७,६११,६७७.०३ |
| **जम्मा** | **१,१३७,६१७,३१४.२४** |

| | |
|---|---|
| **लगानीनितीअनुसार को क्षयीकरण** | **रु.३,४६९,४४३,४२९.४५** |

### ३.९ नगद वा नगद समान

नगद र नगद समान भन्नाले नगद, बैंक तथा वित्तीय संस्थामा रहेको कल खातामा रहेको मौज्दात तथा अन्य अत्यधिक तरल लगानीलाई जनाउँदछ । यस अन्तर्गत खरिद गरेको अथवा प्लेसमेन्ट गरिएको समय पश्चात तीन महिना वा सोभन्दा कम अवधीमा परिपक्व हुने मौद्रिक सम्पत्ति अथवा प्लेसमेन्ट समेतलाई जनाउँदछ ।

### ३.१० व्यापारिक प्रकृतिका सम्पत्तिहरु

कोषले सैद्धान्तिकरुपमा बिक्रि वा निकट भविष्यमा पुनः खरिद गर्ने वा छोटो समयमा नाफा कमाउने वा स्थिति लिने (holding) मनसायले धारण गरेका सम्पत्तिलाई व्यापारिक प्रकृतिका सम्पत्तिहरु अन्तर्गत वर्गिकरण गरिन्छ ।

व्यापारिक प्रकृतिका सम्पत्तिहरुको प्रारम्भिक पहिचान तथा सो पछिको मापन उचित मूल्यमा गरिन्छ र कारोबारको लागतलाई नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ । उचित मूल्यमा भएको परिवर्तनलाई नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ । साधारणतया, व्यापारिक प्रकृतिका सम्पत्तिहरुलाई अन्य वर्गमा पुनः वर्गीकरण गरिंदैन ।

### ३.११ कर्जा तथा सापटी

कर्जा तथा सापटीमा निश्चित वा दृश्यात्मक भुक्तानी हुने तथा सक्रिय बजारमा उद्धृत नहुने नन् डेरिभेटिभ वित्तीय सम्पत्ति पर्दछन् । कर्जा तथा सापटी परिशोधन लागतमा मापन गरिएको छ । कर्मचारीहरुलाई कोषको आन्तरिक नियमावली अनुसार सहुलियतपूर्ण कर्जा (सामाजिक कार्य सापटी, घर मर्मत सापटी, कम्प्युटर सापटी, सवारी साधन सापटी, घर सापटी) प्रदान गरिन्छ । कर्मचारीहरुलाई प्रदान गरिएको कर्जाको परिशोधन लागतको लागि २०७५ अघिको विगत ५ वर्षहरुको संचयकर्ताहरुलाई प्रदान गरिएको व्याजको औसत दर  (७.४० %) प्रयोग गरिएको छ । परिशोधन लागत र किताबी रकमको फरकलाई कर्मचारीलाई प्रदान गरिएको कर्जाको औसत भुक्तानी हुन बाँकी अवधि भरीमा नाफा वा नोक्सान मार्फत लेखाङ्कन गरिन्छ ।

# कर्मचारी सञ्चय कोष
(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)

## वित्तीय विवरणका टिप्पणीहरु
## आर्थिक वर्ष २०७५/२०७६

### ३.१२ धितोपत्रमा लगानी

धितोपत्रमा लगानी अन्तर्गतका सम्पत्तिहरुको प्रारम्भिक मापन उचित मूल्यमा कारोबारको प्रतक्ष्य खर्चहरु जोडी (नाफा वा नोक्सान मार्फत उचित मूल्यमा वर्गीकरण गरिएका सम्पत्ति बाहेक) गरिन्छ । प्रारम्भिक मापन पछिको मापन उपकरणको वर्गीकरण अनुसार परिशोधन लागत वा उचित मूल्यमा गरिन्छ ।

कोषले शेयरमा लगानी गरेको मध्ये अधिकांश लगानी संस्थापक शेयरमा रहेको छ । संस्थापक शेयरहरुको लगातार कारोबार नहुने भएकोले प्रतिवेदन मितिमा सोको उद्धृत (ञगयतभम) मूल्य नभएकोले प्रतिवेदन मितिको सबैभन्दा नजिक कारोबार मितिको कारोबार मूल्यलाई आधार मानिएको छ । उक्त मूल्यभन्दा साधारण शेयरको मूल्य कम भएको अवस्थामा कम रकमलाई आधार रकम मानिएको छ ।

तर प्रतिवेदनमितिको नजिकमा कारोवार नभएका निम्न संस्थापक शेयरहरुको सम्बन्धमा बजारमा कारोवार भइरहेका अन्य बैंक तथा वित्तिय संस्थाहरुको साधारण शेयर र संस्थापक शेयरको १८० दिनको औसत कारोवार मूल्यको अनुपातको आधारमा कोषको लगानी भएको संस्थापक शेयरको मूल्य प्रतिवेदन मितिको साधारण शेयरको अन्तिम कारोवार मूल्यको ६५ प्रतिशत मानी निकालिएको छ । सोको विस्तृत विवरण तल दिइएको छ :

| नाम | शेयर संख्या | साधारण शेयरको अन्तिम कारोबार मूल्य | बजार मूल्यप्रति शेयर | लगानीको बजार मूल्य |
|---|---|---|---|---|
| हिमालयन बैंक लिमिटेड | ११,९२८,३५८ | ५५२ | ३६२.५६ | ४,३२४,७९५,१५३.२३ |
| नेपाल एस बिआई बैंक लिमिटेड | १२,६७३,८७५ | ४६९ | ३०८.०५ | ३,९०४,१६४,०७७.५६ |
| प्रभु इन्स्योरेन्स लिमिटेड | १,५०८,५२५ | ३६४ | २३६.८५ | ३५७,२९४,५०२.८६ |
| | | | **जम्मा** | **८,५८६,२५३,७३३.६५** |

१८० दिनको औसत कारोवार मूल्यको अनुपात बैंक तथा वित्तिय संस्थाहरुको विस्तृत विवरण:

**क.बैंक तथा वित्तिय संस्थाहरु**

| सि.नं | स्टक नाम | १८० दिनऔसत - संस्थापक शेयर | १८० दिनऔसत - साधारण शेयर | अनुपात प्रतिशत (१८० दिन औसत आधारमा) |
|---|---|---|---|---|
| १ | बैंक अफ काठमांडौ लि. | १५० | २५९.७३ | ५७.७५% |
| २ | सेन्चुरी कर्मसियल बैंक लि. | १४०.१३ | १६८.०८ | ८३.३७% |
| ३ | सिटिजन बैंक इन्टरनेशनल लि. | १५९ | २१७.६९ | ७३.०४% |
| ४ | सिभिल बैंक लि. | ११४ | १५३.९१ | ७४.०७% |
| ५ | ग्लोबल आइ एम इ बैंक लि. | १७३.९४ | २८३.८५ | ६१.२८% |
| ६ | जनता बैंक नेपाल लि. | १००.७८ | १८७.१२ | ५३.८६% |
| ७ | कुमारी बैंक लि. | १४५ | २३०.२ | ६२.९९% |
| ८ | माछापुच्छ्रे बैंक लि. | १३९ | २४२.२१ | ५७.३९% |
| ९ | मेघा बैंक लि. | १०८.११ | १८१.४७ | ५९.५७% |
| १० | नविल बैंक लि. | ७५५.४५ | ७९७.३३ | ९४.७५% |
| ११ | नेपालबंगलादेश बैंक लि. | १२० | २०८.६१ | ५७.५२% |
| १२ | नेपालक्रेडिट एण्ड कर्मसियल बैंक लि. | १३० | २३१.७९ | ५६.०९% |
| १३ | नेपालइन्भेष्टमेण्ट बैंक लि. | ४९२.६४ | ५३३.४९ | ९२.३४% |
| १४ | एनआइ सि एसिया | २५८.८ | ४३८.८१ | ५८.९८% |
| १५ | प्रभु बैंक लि. | १५५.९३ | २५४.९ | ६१.१७% |
| १६ | प्राइमकर्मसियल बैंक लि. | २०१ | ३१८.२५ | ६३.१६% |
| १७ | सानिमा बैंक लि. | १८१ | ३२७.४३ | ५५.२८% |
| १८ | सिद्धार्थ बैंक लि. | १७२.२५ | ३११ | ५५.३९% |
| १९ | सनराइज बैंक लि. | १६५ | २३५.८४ | ६९.९६% |
| | | | **औसत प्रतिशत** | **६५.६८%** |

**ख. बीमाकम्पनीहरु**

| सि.नं | स्टक | १८० दिनऔसत - प्रोमोटर | १८० दिनऔसत - साधारण | अनुपात प्रतिशत(१८० दिनऔसत आधारमा) |
|---|---|---|---|---|
| १ | आइ एम ई जेनेरल इन्स्योरेन्स लि. | २४८.०० | ४०६.९७ | ६०.९४% |
| २ | प्रुडेन्सियलइन्स्योरेन्स कम्पननि लि | ३७६.५० | ६७१.०५ | ५६.११% |
| ३ | राष्ट्रिय विमाकम्पननि लि | ८,८४६.५० | ९,६००.८२ | ९२.१४% |
| ४ | सिद्धार्थ इन्स्योरेन्स लि. | २९५.०० | ५७७.४४ | ५१.०९% |
| | | | **औसत प्रतिशत** | **६५.०७%** |

**३.१३ सम्बद्ध कम्पनीहरुमा लगानी**

कोषले साधारण शेयरमा लगानी गरेका कम्पनीमा कोषको महत्वपूर्ण प्रभाव रहेको अवस्थामा उक्त लगानीलाई सम्बद्ध कम्पनीहरुमा लगानीको रुपमा प्रस्तुत गरिन्छ । सम्बद्ध कम्पनीहरुमा लगानीलाई एकिकृत वित्तिय विवरणमा इक्विटी विधिमा र एकल वित्तीय विवरणमा उचित मूल्यमा लेखाङ्कन गरिन्छ ।

इक्विटी विधिमा लगानीको प्रारम्भिक मापन लागतमा गरिन्छ र लगानी पश्चातको कम्पनीको नाफा वा नोक्सानमा लगानीकर्ताको हकको रकमले समायोजन गरी सो लगानीको अघि सारिएको रकमको गणना गरिन्छ । कम्पनीको नाफा वा नोक्सानमा लगानीकर्ताको हकको रकम लगानीकर्ताको नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ भने लाभांश प्राप्त भएमा लगानीको अघि सारिएको रकममा घटाई प्रस्तुत गरिन्छ । लगानी भएको कम्पनीको अन्य विस्तृत आयमा भएको परिवर्तन समेतले लगानी रकममा फरक पर्ने हुन्छ । उक्त परिवर्तनको असर लगानीकर्ताको अन्य विस्तृत आयमा प्रतिविम्वित गरिन्छ ।

कोषले साधारण शेयरमा लगानी गरेका कम्पनीमा कोषको महत्वपूर्ण प्रभाव रहेको छैन । सम्पूर्ण लगानीहरु सम्बन्धित संस्थाको चुक्ता पूँजिको २० प्रतिशतभन्दा कम रहेको र उक्त संस्थाहरुको संचालनमा महत्वपूर्ण प्रभाव पार्न सक्ने अवस्था रहेको छैन ।

**३.१४ सम्पत्तिहरुमा लगानी**

भाडा प्राप्त गर्न वा पुँजिगत बढोत्तरीको लागि धारण गरिएका जग्गा तथा भवनलाई सम्पत्तिहरुमा लगानीको रुपमा लेखाङ्कन गरिन्छ ।

लगानी सम्पत्तिको प्रारम्भिक मापन लागतमा गरिन्छ । लागतमा खरिद मूल्य तथा प्रत्यक्ष्य खर्चहरु र भविष्यमा सो सम्पत्ति नष्ट गर्ने वा हटाउने अपरिहार्य अनुमानित खर्चको वर्तमान रकम पर्दछ । सम्पत्तिमा पछि गरिएका खर्चहरुले भविष्यमा प्राप्त हुने आयमा वृद्धि हुने भएमा उक्त खर्चलाई पुँजिकरण गरिन्छ । निरन्तर हुने साधारण मर्मत खर्चहरु नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ ।

सम्पत्ति र उपकरण अन्तर्गतका कुनै सम्पत्ति लगानी सम्पत्तिको रुपमा परिवर्तन भएको र लगानी सम्पत्तिलाई उचित मूल्यमा लेखाङ्कन तेस्रो पक्षले संचालन पट्टामा कोषको लगानी सम्पत्तिको प्रयोग गरे वापत प्राप्त हुने रकमलाई संचालन पट्टा अन्तर्गतको आम्दानी मानिन्छ

**उपयोगी आयु तथा अवशिष्ट रकम (Useful Life and Salvage Value)**

कोषले आर्थिक वर्ष २०७५।७६ मा लगानी सम्पत्तिको उपयोगी आयुको पुन अनुमान गरेको छ जस अनुसार नयाँ भवनको उपयोगी आयु ५० वर्ष र अवशिष्ट रकम १०% रहने अनुमान गरेको छ । सोही अनुसार वार्षिक रुपमा समदरमा ह्रासकट्टी गरिन्छ । जग्गाको ह्रासकट्टी गरिँदैन ।

## ३.१५ सम्पत्ति तथा उपकरण

### १) पहिचान तथा मापन (Measurement and Recognition)

सम्पत्ति तथा उपकरणको प्रारम्भिक मापन लागतमा गरिन्छ । लागतमा खरिद मूल्य तथा प्रत्यक्ष्य खर्चहरु र भविष्यमा सो सम्पत्ति नष्ट गर्ने वा हटाउने अपरिहार्य अनुमानित खर्चको वर्तमान रकम पर्दछन् । सम्पत्तिमा पछि गरिएका खर्चहरुले भविष्यमा प्राप्त हुने आयमा वृद्धि हने भएमा उक्त खर्चलाई पुँजिकरण गरिन्छ । निरन्तर हुने साधारण मर्मत खर्चहरु नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ ।

फरक आयु हुने सम्पत्तिका मुख्य भागहरुलाई फरक रुपमा पहिचान गरी लेखाङ्कन गरिन्छ र सोही अनुसार ह्रासकट्टी गरिन्छ ।

सम्पत्तिहरुको अवशिष्ट मूल्य (residual value), उपयोगी आयु तथा ह्रासकट्टी तरिका हरेक आर्थिक वर्षमा पुनर्विचार गरिन्छ र अघिल्लो अनुमान भन्दा फरक परेमा बाँकी अवधिमा समायोजन गर्ने गरी फरकको असर वित्तीय विवरणमा प्रदान गरिन्छ ।

सम्पत्ति वा सो को महत्वपूर्ण भागबाट पछि आर्थिक लाभ प्राप्त हुने अवस्था नरहेमा वा निसर्ग भएमा सम्पत्तिको अपहिचान गरिन्छ । उक्त सम्पत्तिको अघि सारिएको मूल्य र निसर्ग रकमको फरकलाई सोही वर्षमा नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ ।

### निर्माणाधीन सम्पत्ति

निर्माण चरणमा रहेका सम्पत्तिहरुलाई यस अन्तर्गत वर्गीकरण गरिन्छ । कार्य सम्पन्न भएपछि उपयुक्त शिर्षकमा सम्पत्तिको स्थानान्तरण गरिन्छ र सोही मितिबाट ह्रासकट्टी गरिन्छ ।

### उपयोगी आयु तथा अवशिष्ट रकम

कोषले आर्थिक वर्ष २०७५।७६ मा सम्पत्ति तथा उपकरणहरुको उपयोगी आयु र अवशिष्ट रकमको पुनर्नुमान गर्दा विगतको अनुमानमा समियोजन गर्नूपर्ने अवस्था देखिएको छैन । आयु र अवशिष्ट प्रतिशत निम्न अनुसार रहेको छ । सोही अनुसार वार्षिक रुपमा समदरमा ह्रासकट्टी गरिन्छ । जग्गाको ह्रासकट्टी गरिँदैन ।

| शीर्षक | अनुमानित आयु (वर्षमा) | अवशिष्ट प्रतिशत |
|---|---|---|
| भवन | ५० | १० |
| सवारी साधन | १० | ५ |
| कम्प्युटर उपकरण | ५ | ० |
| कार्यालय उपकरण | ५ देखि १५ | ३ |
| फर्निचर फिक्स्चर तथा फर्निसिङ्ग | ५ | ३ |

उपयोगी आयु पुनर्निधारण गर्दा केही सम्पत्तिहरुको आयू समाप्त भएको देखिएको तर उक्त सम्पतिहरुबाट आर्थिक लाभ प्राप्त भइरहेकोले सो किसिमका सम्पत्तिहरु थप तीन वर्ष प्रयोग हुने अनुमानमा वर्षको सुरु बांकि रकमलाई तीन वर्षमा ह्रासकट्टी गरिएको छ ।

### ३.१६ ख्याती तथा अमुर्त सम्पत्ति (Goodwill and Intangibles)

**ख्याती (Goodwill)**

सहायक संस्था प्राप्ति गर्दा पहिचानयोग्य सम्पत्ति तथा दायित्वको रकमभन्दा विभिन्न माध्यमबाट बढी भुक्तानी भएमा बढी भए जतिको रकमलाई ख्यातिको रुपमा लेखाङ्कन गरिन्छ। ख्यातिलाई नगद आर्जन एकाईमा वितरण गरिन्छ र आवधिक क्षयीकरण परीक्षण गरिन्छ। क्षयीकरण भएको देखिएमा सोही अनुसार नगद आर्जन एकाईको रकममा समायोजन गरिन्छ।

**अमूर्त सम्पत्ति (Intangibles)**

करार बमोजिम स्थापित हकहरुको उचित मूल्य निर्धारण हुन सक्ने अवस्थामा उक्त हकहरुलाई अमुर्त सम्पत्तिको रुपमा लेखाङ्कन गरिन्छ। अमूर्त सम्पत्तिलाई छुट्टीने हदसम्म ख्यातिभन्दा फरक रुपमा लेखाङ्कन गरिन्छ।

अमूर्त सम्पत्तिमा कम्प्युटर सफ्टवेयरको (खरीद गरिएको वा स्व-विकसित रकम समेत पर्दछ। स्व-विकसित सफ्टवेयरको मूल्यमा निर्माण तथा तयार गर्ने क्रममा भएका प्रत्यक्ष्य खर्चहरु समावेश हुन्छन्। पछि गरिएका खर्चहरुले भविष्यमा प्राप्त हुने आयमा बृद्धि हुने भएमा उक्त खर्चलाई पूँजिकरण गरिन्छ। निरन्तर हुने सम्भार खर्चहरु नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ।

अमूर्त सम्पत्तिको क्षयीकरण परीक्षण हरेक वर्ष गरिन्छ र क्षयीकरण भएको देखिएमा अघि सारिएको रकममा समायोजन गरिन्छ। क्षयीकरण नोक्सानीलाई नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ।

**परिशोधन (Amortization)**

निश्चित आयु भएका अमूर्त सम्पत्तिलाई करार अवधि वा ५ वर्षमध्ये कम अवधिमा समदरमा परिशोधन गरिन्छ।

### ३.१७ गैर वित्तीय सम्पत्तिको क्षयीकरण परीक्षण (Impairment Testing of Non-financial Assets)

वातावरण वा परिदृश्यहरुमा भएको परिवर्तनले गैर वित्तीय सम्पत्तिको अघि सारिएको रकम असूली नहुने संकेत गरेमा क्षयीकरण परीक्षण गरिन्छ। असूल हुने रकमभन्दा अघि सारिएको रकम बढी भएमा क्षयीकरण नोक्सानी भएको मानिन्छ। क्षयीकरण नोक्सानीले पहिलेको अन्य विस्तृत आयमा नाफा भएको रकमलाई नउल्ट्याएको खण्डमा सम्बन्धित वर्षको नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ।

### ३.१८ व्यवस्थाहरु (Provisions)

विगतको घटनाबाट श्रृजित कुनै कानूनी वा रचनात्मक दायित्व जसबाट आर्थिक लाभको बहिर्गमन हुने सम्भावना छ र उक्त रकमको यथार्थपरक अनुमान गर्न सकिने खण्डमा व्यवस्थाहरुको लेखाङ्कन गरिन्छ। व्यवस्थाको निर्धारण सम्भावित आर्थिक लाभको निकसाको वर्तमान मूल्यमा गरिन्छ। वास्तविक रकम र वर्तमान मूल्यको फरकलाई अवधिभरको हिसाबमा वित्तीय लागतको रुपमा लेखाङ्कन गरिन्छ।

### ३.१९ वित्तीय जमानत तथा ऋण प्रतिबद्धता

वित्तीय जमानत भन्नाले कुनै व्यक्तिले आफ्नो भुक्तानी दायित्व पूरा नगरेको अवस्थामा कोषले सो वापत भुक्तानी गर्नुपर्ने गरी गरिएको करारलाई जनाउँछ। कोषले ऋण सम्झौताको निर्धारित शर्तहरु अन्तर्गत प्रदान गर्नुपर्ने ऋण रकमलाई ऋण प्रतिबद्धता भनिन्छ। उक्त रकमहरु कोषको सम्भावित दायित्व अन्तर्गत रहन्छन्।

## ३.२० कर्मचारी सुविधा

कर्मचारी सुविधाहरु परिभाषित लाभ योजना वा परिभाषित योगदान योजना हुन्छन् । कर्मचारी सुविधाहरु अन्तर्गत तलब, संचयकोष, उपदान, बिदा, औषधोपचार आदि लगायत पर्दछन् । कर्मचारी सेवा शर्त नियमावली २०४८ बमोजिम यी सुविधाहरु प्रदान गरिन्छन् ।

### १) परिभाषित योगदान योजना (Defined Contribution Plan)

परिभाषित योगदान योजना अन्तर्गतका दायित्वहरु कर्मचारीहरुले सेवा प्रदान गरेको समयमा नै नाफा वा नोक्सान मार्फत खर्च लेखिन्छन् र भुक्तानी भएपछि कोषको अन्य आर्थिक दायित्व रहँदैन । अग्रिम भुक्तानीको रकम नगद फिर्ता हुने वा भविष्यको दायित्वमा समायोजन हुने अवस्थामा सम्पत्तिको रुपमा लेखाङ्कन गरिन्छ ।

संचयकोष सुविधा परिभाषित योगदान योजना अन्तर्गत पर्दछ ।

### २) परिभाषित लाभ योजना (Defined Benefit Plan)

कोषको परिभाषित लाभ योजना अन्तर्गतको हरेक योजनाको लागि भविष्यमा कोषले व्यहोर्नुपर्ने दायित्वको हिसाब गरी सोको वर्तमान मूल्य निर्धारण गरी दायित्वको मापन गरिन्छ । सो गर्दा कुनै योजना सम्पत्ति भएमा सोको उचित मूल्य समेत समायोजन गरी खुद दायित्व निर्धारण गरिन्छ ।

परिभाषित लाभ योजनाको हरेक तीन वर्षमा विमाङ्कित मूल्यांकन (actuarial valuation) गरिन्छ र उक्त मूल्यांकन अनुसारको दायित्व आगामी तीन वर्षमा नाफा वा नोक्सान मार्फत लेखाङ्कन गरिन्छ ।

कोषले कर्मचारीलाई अवकाश पश्चात प्रदान गर्ने उपदान तथा निवृत्तिभरण, संचित बिदा, कर्मचारी जीवन सुरक्षण तथा औषधी उपचार अनुदान व्यवस्था परिभाषित लाभ योजनाको रुपमा रहेका छन् ।

## ३.२१ सञ्चय कोष

सञ्चय कोषको लेखाङ्कन सञ्चय कोष बैंक दाखिला भएको मितिका आधारमा गरिन्छ । सञ्चय कोष रकम भुक्तानी प्रदान गर्दा भुक्तानी हुनुभन्दा १(एक) दिन अगाडिसम्मको व्याज नेपाली क्यालेण्डर अनुसार दिन गन्तिको आधारमा प्रदान गरी लेखाङ्कन गरिन्छ ।

## ३.२२ बेचालु सञ्चय कोष

आर्थिक वर्ष २०७०/७१ देखि सञ्चयकर्ताको कर्मचारी सञ्चय कोषमा सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको शुरु मितिले छ वर्षसम्म फिर्ता लिन नआएका सञ्चयकर्ताको सञ्चित रकम कर्मचारी संचय कोष ऐन, २०१९ (संशोधन सहित) को दफा १५क को उपदफा (३क) बमोजिम छुट्टै खातामा जम्मा गरिन्छ ।

## ३.२३ निकटतम रुपैँयामा प्रस्तुतीकरण

अंकहरुलाई निकटतम रुपैंयामा परिणत गरी देखाइएको छ । यसले गर्दा हरेक अकंहरुको योग प्रस्तुत गरिएको योगफलसँग फरक हुन सक्दछ । लेखा टिप्पणीका सम्पूर्ण रकमहरु रुपैंयामा प्रस्तुत गरिएको छ ।

कर्मचारी सञ्चय कोष
(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)
वित्तीय विवरणका टिप्पणीहरु
आर्थिक वर्ष २०७५/२०७६

**टिप्पणी ४.१ नगद तथा नगद समान**
लेखा सम्बन्धी टिप्पणी ३.९ अनुसार नगद तथा नगद समान यसप्रकार रहेका छन् :

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ |
|---|---|---|
| नगद | ५०,००० | १६,०५२ |
| वाणिज्य बैंकमा रहेको मौज्दात | ४,१५३,१२६,५०० | ३५३,०३१,५९३ |
| अन्य वित्तीय संस्थामा रहेको मौज्दात | - | - |
| **जम्मा** | **४,१५३,१७६,५००** | **३५३,०४७,६४५** |

**टिप्पणी ४.२ बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात**
यस अन्तर्गत तीन महिना भन्दा बढी समयको मुद्दति मौज्दात पर्दछन् । सो अनुसारका रकम यसप्रकार रहेका छन् :

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ |
|---|---|---|
| वाणिज्य बैंकमा रहेको मौज्दात | ६१,१६८,१००,००० | ४०,१८९,२००,००० |
| सरकारी नियन्त्रणमा रहेका वाणिज्य बैंकमा रहेको मैाज्दात | १७,१५०,०००,००० | १४,५००,०००,००० |
| अन्य वित्तीय संस्थामा रहेको मौज्दात | - | - |
| थप: प्राप्त हुन बाँकी ब्याज | ४६९,४०५,७५५ | २८८,०५७,२३० |
| **जम्मा** | **७८,७८७,५०५,७५५** | **५४,९७७,२५७,२३०** |

**टिप्पणी ४.३ व्यापारिक प्रकृतिका सम्पत्तिहरु**
लेखा सम्बन्धी टिप्पणी ३.१० अनुसारका सम्पत्तिहरु यस प्रकार रहेका छन् :

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ |
|---|---|---|
| सरकारी ऋणपत्र | - | - |
| नेपाल राष्ट्र बैंकको ऋणपत्र | - | - |
| आन्तरिक संगठित संस्थाहरुको ऋणपत्र (सुरक्षित) | - | - |
| आन्तरिक संगठित संस्थाहरुको ऋणपत्र (असुरक्षित) | - | - |
| विदेशी संगठित संस्थाहरुको ऋणपत्र | - | - |
| शेयर | - | - |
| अन्य | - | - |
| **जम्मा** | **-** | **-** |

**टिप्पणी ४.४ सञ्चयकर्तालाई कर्जा तथा सापटी**
लेखा सम्बन्धी टिप्पणी ३.११ अनुसारको कर्जा तथा सापटी यस प्रकार रहेका छन् :

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ |
|---|---|---|
| विशेष सापटी | १४३,३०५,२२६,१७१ | १३६,९९०,४२४,७४४ |
| पुरानो घर सापटी | ७,५३२,५२८ | ७,६९९,१६७ |
| घर सापटी २०५७ | ३२,९१५,५०३,३०७ | २७,४११,२९४,५०७ |
| शैक्षिक सापटी २०५८ | ७६७,४२५,४१८ | ७१२,१६१,०१६ |
| घर मर्मत सापटी | १,४४५,६२७,८९६ | ९७६,०४०,०५६ |
| सरल चक्र कर्जा २०६८ | ४,५७९,२७६,२६७ | ३,३७३,२१४,५२५ |
| **कूल रकम** | **१८३,०२०,५९१,५८६** | **१६९,४७०,८३४,०१५** |
| थप: प्राप्त हुन बाँकी ब्याज | १,०२८,०३५,८३३ | ९९४,४७१,९४४ |
| **न्यून: क्षयीकरण नोक्सानीको लागि व्यवस्था** | (३,४६९,४४३,४२९) | (२,२३३,८८७,८९३) |
| **खुद कर्जा तथा सापटी** | **१८०,५७९,१८३,९८९** | **१६८,२३१,४१८,०६६** |

## कर्मचारी सञ्चय कोष
(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)
### वित्तीय विवरणका टिप्पणीहरु
### आर्थिक वर्ष २०७५/२०७६

**क्षयीकरण नोक्सानीको व्यवस्था अनुसार कर्जाको वर्गिकरण**

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ |
|---|---|---|
| **असल कर्जा** | | |
| विशेष सापटी | १४३,३०५,२२६,१७१ | १३६,९९०,४२४,७४४ |
| पुरानो घर सापटी | - | - |
| घर सापटी २०५७ | ३०,४०२,८६०,८०० | २७,४११,२९४,५०७ |
| शैक्षिक सापटी २०५८ | ७१२,३२३,६८६ | ७१२,१६१,०१६ |
| घर मर्मत सापटी | १,४०५,४०८,१०५ | ९७६,०४०,०५६ |
| सरल चक्र कर्जा २०६८ | ४,५७९,२७६,२६७ | ३,३७३,२१४,५२४ |
| **जम्मा** | **१८०,४०५,०९५,०२८** | **१६९,४६३,१३४,८४८** |
| **शंकास्पद कर्जा** | | |
| सरल चक्र कर्जा २०६८ | - | - |
| **जम्मा** | **-** | **-** |
| **खराब कर्जा** | | |
| विशेष सापटी | - | - |
| पुरानो घर सापटी | - | ७,६९९,१६७ |
| घर सापटी २०५७ | २,५१२,६४२,५०३.७७ | - |
| शैक्षिक सापटी २०५८ | ५५,१०१,७३२.२४ | - |
| घर मर्मत सापटी | ४०,२१९,७९०.७६ | - |
| **जम्मा** | **२,६०७,९६४,०२७** | **७,६९९,१६७** |
| **कुल जम्मा** | **१८३,०१३,०५९,०५५** | **१६९,४७०,८३४,०१५** |

**क्षयीकरण नोक्सानीको लागि व्यवस्थामा भएको परिवर्तन**

| विवरण | २०७५ श्रावण १ | खुद (आय)।व्यय | २०७६ आषाढ ३१ |
|---|---|---|---|
| विशेष सापटी | ९,५९०,९७९ | ७,२२३,९६४ | १६,८१४,९४३ |
| पुरानो घर सापटी | ७,६९९,१६७ | (७,६९९,१६७) | - |
| घर सापटी २०५७ | १,९९९,५५५,५९२ | १,१२१,१४४,१२८ | ३,१२०,६९९,७२० |
| शैक्षिक सापटी २०५८ | ४३,६९३,११८ | २५,६५५,०८८ | ६९,३४८,२०६ |
| घर मर्मत सापटी | ४२,३५५,४८७ | २५,९७२,४६६ | ६८,३२७,९५३ |
| सरल चक्र कर्जा २०६८ | १३०,९९३,५५० | ६३,२५९,०५७ | १९४,२५२,६०७ |
| **जम्मा** | **२,२३३,८८७,८९३** | **१,२३५,५५५,५३६.४५** | **३,४६९,४४३,४२९** |

**टिप्पणी ४.५ परियोजना तथा संगठित संस्थाहरुलाई कर्जा तथा सापटी**
लेखा सम्बन्धी टिप्पणी ३.११ अनुसार परियोजना तथा संगठित संस्थाहरुलाई कर्जा तथा सापटी यस प्रकार रहेका छन् :

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ |
|---|---|---|
| परिशोधीत लागतमा कर्जा तथा सापटी | ५३,२०५,८४९,३४५ | ४६,८२१,५०६,७६२ |
| थप: असूल हुन बाँकी व्याज | ६९९,७०४,६७७.५० | ६०८,५३६,०५४ |
| न्यून: व्याज मुल्तवी | (६९९,७०४,६७७.४५) | (६०८,५३६,०५४) |
| **कुल रकम** | **५३,२०५,८४९,३४६** | **४६,८२१,५०६,७६२** |
| न्यून: क्षयीकरण नोक्सानीको लागि व्यवस्था | (१,०१२,०५०,६०९) | (९२५,४१८,७९७) |
| **खुद कर्जा तथा सापटी** | **५२,१९३,७९८,७३७** | **४५,८९६,०८७,९६५** |

**कर्मचारी सञ्चय कोष**
(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)
**वित्तीय विवरणका टिप्पणीहरु**
**आर्थिक वर्ष २०७५/२०७६**

**परिशोधीत लागतमा कर्जा तथा सापटी**

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ |
|---|---|---|
| नेपाल सरकारको जमातनमा प्रदान गरिएको कर्जा | २२,६९४,२७८,०८४ | २०,८१९,८६३,५५२ |
| संगठित संस्थाहरुलाई प्रदान गरिएको कर्जा | ३०,३७१,४९३,१८२ | २५,८५६,७९६,६३० |
| सहवित्तीयकरण कर्जा | १४०,०७८,०८० | १४४,८४६,५८० |
| **कुल रकम** | **५३,२०५,८४९,३४५** | **४६,८२१,५०६,७६२** |

**क्षयीकरण नोक्सानीको लागि व्यवस्थामा भएको परिवर्तन**

| विवरण | २०७५ श्रावण १ | खुद (आय)।व्यय | २०७६ आषाढ ३१ |
|---|---|---|---|
| नेपाल सरकारको जमातनमा प्रदान गरिएको कर्जा | २०८,१९८,६३५ | २५,८२४,८६६ | २३४,०२३,५०१ |
| संगठित संस्थाहरुलाई प्रदान गरिएको कर्जा | ५८८,७१८,७७४ | (२४८,६१७,१५२) | ३४०,१०१,६२२ |
| सहवित्तीयकरण कर्जा | १२८,५०१,३८८ | ३०९,४२४,०९८ | ४३७,९२५,४८६ |
| **जम्मा** | **९२५,४१८,७९७** | **८६,६३१,८१२** | **१,०१२,०५०,६०९** |

कोषले प्रदान गरेका यी कर्जाहरु बैंकले प्रदान गर्ने कर्जाकै प्रकृतिको भएको कारणले नेपाल राष्ट्र बैंकले तोके बमोजिम क्षयीकरण नोक्सानीको लागि व्यवस्था गरेको छ :

**नोक्सानी व्यवस्था अनुसार कर्जाको वर्गिकरण यसप्रकार रहेको छ ।**

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ |
|---|---|---|
| असल | ५२,५६९,८१०,८२५ | ४६,१५४,५०६,८६० |
| पुनर्संरचना वा पुनर्तालिकिकरण गरिएको | | २२४,९३७,६४६ |
| कमसल | १९३,९७६,२६३ | ८,४०७,६४४ |
| शंकास्पद | ८,४०७,६४४ | - |
| खराब | ४३३,६५४,६१३ | ४३३,६५४,६१२ |
| **जम्मा** | **५३,२०५,८४९,३४५** | **४६,८२१,५०६,७६२** |

**सुरक्षण अनुसार कर्जाको वर्गीकरण यसप्रकार रहेको छ :**

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ |
|---|---|---|
| **धितोको सुरक्षणमा** | | |
| चल अचल सम्पत्ति | ५३,२०५,८४९,३४५ | ४६,८२१,५०६,७६२ |
| मुद्धति निक्षेप रसिद | - | - |
| सरकारी ऋणपत्र | - | - |
| अन्य | - | - |
| | **५३,२०५,८४९,३४५** | **४६,८२१,५०६,७६२** |
| **जमानत मात्रमा प्रदान गरिएको** | | |
| नेपाल सरकार | - | - |
| बैंक तथा वित्तीय संस्था | - | - |
| अन्तराष्ट्यि श्रेणीकृत बैंक | - | - |
| काउन्टर जमानत | - | - |
| व्यक्तिगत जमानी | - | - |
| अन्य | - | - |
| **जम्मा** | **-** | **-** |
| **असुरक्षित** | - | - |
| **जम्मा** | **५३,२०५,८४९,३४५** | **४६,८२१,५०६,७६२** |

कोषले नेपाल बायुसेवा निगमलाई नेपाल सरकारको जमानीमा कर्जा प्रदान गरेको भए पनि उक्त कर्जाको सुरक्षणको रुपमा खरीद भएको जहाज समेत धितो राखिएकोले उक्त कर्जालाई समेत सुरक्षण रहेको कर्जाको रुपमा प्रस्तुत गरिएको छ ।

**कर्मचारी सञ्चय कोष**

(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)

**वित्तीय विवरणका टिप्पणीहरु**

**आर्थिक वर्ष २०७५/२०७६**

**टिप्पणी ४.६ धितोपत्रहरुमा लगानी**

**लेखा सम्बन्धी टिप्पणी ३.१२ अनुसार धितोपत्रहरुमा लगानी यसप्रकार रहेका छन् :**

| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** |
|---|---|---|
| परिशोधीत लागतमा (क) | ५३३,३१२,३१५ | १४,५९५,६०८,३३२ |
| नाफा वा नोक्सान मार्फत उचित मुल्यमा (ख) | - | - |
| अन्य विस्तृत आय मार्फत उचित मुल्यमा (ग) | २२,४३७,७२९,९९६ | २४,३३०,९१९,३०६ |
| **जम्मा** | **२२,९७१,०४२,३१२** | **३८,९२६,५२७,६३८** |

**क) परिशोधीत लागतमा रहेका धितोपत्रहरुमा लगानी**

| | | |
|---|---|---|
| **ऋणपत्र तथा ट्रेजरी बिल्समा** | | |
| सरकारी ऋणपत्र | ३९३,६४५ | ९,१३३,१६९,९३९ |
| नेपाल राष्ट्र बैंकको ऋणपत्र | ५२५,२७५,००० | ५,३२८,०२५,००० |
| नेपाल राष्ट्र बैंकको ट्रेजरी बिल्स | - | - |
| विदेशी संगठीत संस्थाहरुको ऋणपत्र | - | - |
| आन्तरिक संगठीत संस्थाहरुको ऋणपत्र | - | - |
| न्युन: क्षयीकरण नोक्सानीको लागि व्यवस्था | - | - |
| थप: असूल हुन बाँकी ब्याज | ७,६४३,६७० | १३४,४१३,३९३ |
| **डिबेन्चरमा** | - | - |
| **जम्मा (क)** | **५३३,३१२,३१५** | **१४,५९५,६०८,३३२** |

**(ख) नाफा वा नोक्सान मार्फत उचित मुल्यमा रहेका धितोपत्रहरुमा लगानी**

| | | |
|---|---|---|
| **ऋणपत्र तथा ट्रेजरी बिल्समा** | - | - |
| सरकारी ऋणपत्र | - | - |
| नेपाल राष्ट्र बैंकको ऋणपत्र | - | - |
| नेपाल राष्ट्र बैंकको ट्रेजरी बिल्स | - | - |
| विदेशी संगठीत संस्थाहरुको ऋणपत्र | - | - |
| आन्तरिक संगठीत संस्थाहरुको ऋणपत्र | - | - |
| न्युन: क्षयीकरण नोक्सानीको लागि व्यवस्था | - | - |
| **डिबेन्चरमा** | - | - |
| **जम्मा (ख)** | - | - |

**(ग) अन्य विस्तृत आय मार्फत उचित मुल्यमा रहेका धितोपत्रहरुमा लगानी**

| | | |
|---|---|---|
| ऋणपत्र तथा ट्रेजरी बिल्समा | - | - |
| सरकारी ऋणपत्र | - | - |
| नेपाल राष्ट्र बैंकको ऋणपत्र | - | - |
| नेपाल राष्ट्र बैंकको ट्रेजरी बिल्स | - | - |
| विदेशी संगठीत संस्थाहरुको ऋणपत्र | - | - |
| आन्तरिक संगठीत संस्थाहरुको ऋणपत्र | - | - |
| न्युन: क्षयीकरण नोक्सानीको लागि व्यवस्था | - | - |
| **डिबेन्चरमा** | - | - |
| **शेयरमा** | - | - |
| सूचीकृत संस्थामा | - | - |
| वाणिज्य बैंक | १४,११७,५७४,९६८ | १५,२५८,२२६,०२८ |
| विकास बैंक | ५१५,२७३,०२० | ५१६,६३०,४२८ |
| इन्स्योरेन्स कम्पनी | ५,५६४,५९५,६०८ | ६,५६६,४८४,२५० |
| जलविद्युत कम्पनी | - | - |
| अन्य | १,७७१,०००,००० | १,५५०,०००,००० |
| सूचीकरण नभएका संस्थामा | | |
| जलविद्युत कम्पनी | ४३५,०००,००० | ४३५,०००,००० |
| इन्स्योरेन्स कम्पनी | - | - |
| अन्य | ३४,२८६,४०० | ४,५७८,६०० |
| **जम्मा** | **२२,४३७,७२९,९९६** | **२४,३३०,९१९,३०६** |

**कर्मचारी सञ्चय कोष**
**(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)**
**वित्तीय विवरणका टिप्पणीहरु**
**आर्थिक वर्ष २०७५/२०७६**

**टिप्पणी ४.७ सम्बद्ध कम्पनीहरुमा लगानी**
लेखा सम्बन्धी टिप्पणी ३.१३ अनुसार सम्बद्ध कम्पनीहरुमा लगानी यसप्रकार रहेका छन् :

| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** |
|---|---|---|
| | - | - |
| **जम्मा** | **-** | **-** |

**टिप्पणी ४.८ सम्पत्तिहरुमा लगानी**
लेखा सम्बन्धी टिप्पणी ३.१४ अनुसार सम्पत्तिहरुमा लगानी यसप्रकार रहेका छन् :

| **विवरण** | **जग्गा** | **भवन** | **जम्मा** |
|---|---|---|---|
| **लागत** | | | |
| **२०७५ श्रावण १ को मौज्दात** | **१७२,५०४,३९४** | **७९६,७४४,२५४** | **९६९,२४८,६४८** |
| थप | - | १५,८७१,९७६ | १५,८७१,९७६ |
| निसर्ग र स्थानान्तरण | - | - | - |
| **२०७६ आषाढ ३१ को मौज्दात** | **१७२,५०४,३९४** | **८१२,६१६,२३०** | **९८५,१२०,६२४** |
| **संचित ह्रास** | | | |
| **२०७५ श्रावण १ को मौज्दात** | **-** | **२५३,३२२,७५४** | **२५३,३२२,७५४** |
| थप | - | ११,५३८,२८९ | ११,५३८,२८९ |
| निसर्ग र स्थानान्तरण | - | - | - |
| **२०७६ आषाढ ३१ को मौज्दात** | **-** | **२६४,८६१,०४३** | **२६४,८६१,०४३** |
| **खुद सम्पत्ति** | | | |
| २०७५ आषाढ ३२ को मौज्दात | **१७२,५०४,३९४** | **५४३,४२१,५००** | **७१५,९२५,८९४** |
| २०७६ आषाढ ३१ को मौज्दात | **१७२,५०४,३९४** | **५४७,७५५,१८८** | **७२०,२५९,५८२** |

-

## टिप्पणी ४.९ सम्पत्ति तथा उपकरण

लेखा सम्बन्धी टिप्पणी ३.१५ अनुसार सम्पत्ति तथा उपकरण यसप्रकार रहेका छन् :

| विवरण | जग्गा | भवन | फर्निचर फिक्स्चर तथा फर्निसिङ्ग | सवारी साधन | अफिस सामान | कम्प्युटर उपकरण | निर्माणधीन सम्पत्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **लागत** | | | | | | | | |
| **२०७५ श्रावण १ को मौज्दात** | २७७,०१६,९१८ | ११३,५५६,४९२ | ३२,०३९,८०८ | ८१,८९४,४०८ | ७१,६६३,०८७ | ९९,२९७,२४५ | ५,१३८,५२६ | ६८०,६०६,४८४ |
| थप | - | - | ४,५८०,७३८ | १८,९८४,५०० | ५,९८२,१४२ | १७,२११,९८३ | १२,४१९,७०८ | ५९,१७९,०७० |
